# अध्याय एकः
# परिचय

## १.१: पृष्ठभूमि

विश्वको प्राचीनतम् सभ्यता भएका देशहरु मध्ये नेपाल एक हो । यस देशको भौगोलिक स्वरुप कहिले संगठित अवस्थामा विशाल रुपमा र कहिले विखण्डित अवस्थामा थुम्का थुम्की रुपमा रहेता पनि यहाँ कहिल्यै विदेशी प्रभुत्व कायम रहेन । नेपालको सभ्यता र संस्कृति प्राचीन काल देखि नै अनुकरणीय रहेको छ र आफ्नो पृथक अस्तित्व कायम राख्न सफल भएको छ । यस देशलाई सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्धापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल भनिने कुरा हाम्रा पौराणिक ग्रन्थहरुमा उल्लेख छ । नेपाल शब्दको उत्पत्ती कसरी भयो भन्ने सम्बन्धमा विभिन्न ग्रन्थहरुमा विभिन्न विचारहरु पाइन्छन् । किँराती भाषामा 'ने' को अर्थ मध्य र 'पाल'को अर्थ ऊन हो । यहाँ ऊन प्रशस्त हुने भएकोले नेपाल भनियो । नेवारहरु नेपाललाई 'नेपा' मात्रै भन्थे, पछि नेपाल हुन गएको भनिन्छ । नेपाल महात्यका अनुसार 'ने' नामको ऋषिले यहाँको जनताको लालनपालन गरेकोले 'नेपाल' हुन गएको भन्ने भनाइ छ । संस्कृतमा 'निप' पहाडको काख र 'आलय' ठाउ हुन्थ्यो । ती दुवै शब्द जोडिएर नेपाल हुन गएको हो भन्ने भनाइ पनि रहेको छ (भट्टराई, २०५८:१२१) ।

विभिन्न धर्मग्रन्थ तथा ईतिहासका अनुसार करिब १३ करोड वर्ष अगाडि बनेका पर्वत श्रृङ्खलाहरु र उपत्यकाहरुमा धेरै पछि आएर प्राणी विशेषको आकर्षणका रुपमा बढ्दै गएको बुझिन्छ । पश्चिम नेपालको बुटवल क्षेत्रमा पाइएको मानव अवशेषले एक करोड वर्षभन्दा आगाडि देखि नेपालमा बसोबास भएको स्पष्ट भएको छ । विभिन्न समयमा प्राप्त पाषाण युगका अनेक हतियारहरुबाट पनि नेपालमा यत्रतत्र प्रागऐतिहासिक मानिसको बसोबास रहेको स्पष्ट भएको छ । नेपाल उपत्यकाको उत्पत्तिको इतिहासबारे स्पष्ट पार्न सकिएको छैन । बंशावली तथा पुराणहरुले नेपाल उपत्यकाको उत्पत्तिबारे विभिन्न प्रकारको बर्णन गरेका छन् । स्रोतहरुका अनुसार काठ्माण्डौ उपत्यका (जसलाई नेपाल उपत्यका पनि भनिन्छ) मा जंगल र दह रहेको थियो जसलाई नागदह भनिन्थ्यो । नेपाल उपत्यकामा आउने प्रथम महात्मा विपश्वी बुद्ध हुन । उनी सत्ययुगमा बन्धुमती नगरबाट नेपालको सभ्यताबारे थाहा पाई यहाँ आएका थिए (भट्टराई, २०५८ : १२२) ।

विपस्वी बुद्धको पुरानो नगरको नाम बन्धुमती थियो भने महर्षि मञ्जुश्रीले स्वयम्भु र गुह्येश्वरीको बीचमा बसाएको नगरको नाम मञ्जुपतन थियो । मञ्जुश्रीले आवाद गरी उपत्यकामा बस्नलायक बनाएपछि क्षेत्रीय राजा धर्माकर उपत्यकाको प्रथम राजा भएका थिए (निरौला, २०६२: ४३-४४) ।

नेपालका राजनीतिक व्यवस्थाको शुरुवात भएको समय निर्क्योल गर्न सकिएको छैन । विभिन्न बंशावली तथा इतिहासका स्रोतहरुको अध्ययन गर्दा नेपालको प्रथम राजबंशको शुरुवात गोपाल बंशलाई लिइएको छ । गोपाल भन्नाले गाई पाल्ने बंश भन्ने बुझिन्छ । उपत्यकाको पानी बाहिर गएपछि बसोबास गर्ने क्रममा पशु(गाई) पालन गर्न थालियो गाई पाल्ने हुनाले गोपाल बंश भनियो । गोपालबंशले नेपालको आदिबासीलाई हराएर राज्य व्यवस्था गरेको भन्ने भनाइ छ । गोपाल बंश पछि महिशपाल(अहिर) बंशी, त्यसपछि क्रमशः किराँतबंशी, लिच्छवीबंश, मल्लबंश र अन्त्यमा शाहवंशले राज्यव्यवस्था कायम राखेको स्पष्ट हुन्छ ।

प्रचीन समयमा मंगोलियनहरु चीनको तिब्बत हुँदै नेपाल प्रवेश गरेका र आर्यहरु भारतबाट नेपाल प्रबेश गरेका भन्ने भनाई छ (भट्टराई, २०५८) । यसै क्रममा बाइसे-चौबिसे जस्ता राज्यहरुमा टुक्रेको नेपाललाई पृथ्वी नारायण शाहले एकीकरण गर्ने अभियान थाले । यसलाई बहादुर शाह, राजेन्द्र लक्ष्मी, रणबहादुर शाह, भिमसेन थापा आदिले निरन्तरता दिँदै आधुनिक नेपालको संरचना बनेको कुरा इतिहासहरुमा उल्लेख छ ।

सांस्कृतिक, आर्थिक तथा व्यापारिक दृष्टिले यो क्षेत्र प्राचीन कालदेखि निकै नाम कमाएको छ । राजा अशुंवर्मा, कालिगढ अरनिको, राजकुमारी भृकुटी, आदिले ख्याति कमाएका थिए । त्यस्तै सीताको जन्मभूमि पनि यहीं हो, जसले भारतमा ख्याति कमाएकी थिइन् । शान्ति र अहिंसाका पृष्ठपोषक गौतम बुद्धको जन्म स्थान पनि यहीं हो । विभिन्न बाइसे-चौबिसे राज्यमा टुक्रिएको नेपाल विदेशीहरुको बिस्तारवादबाट प्रभावित भएको थियो । यसलाई पृथ्वीनारायण शाहको शाहसिक योगदानले पूर्णविराम लगाइदियो ।

नेपालको इतिहासमा जयस्थिति मल्लले प्रचीन हिन्दू विधि अनुसार सामाजिक सुव्यवस्था कायम गर्न कीर्तिनाथ उपाध्याय, कान्यकुन्ज, रघुनाथ झा, रामनाथ झा मैथिली, श्री भट्ट र महिनाथ

भट्ट दक्षिणात्य जस्ता लब्ध प्रतिष्ठित विद्वानहरुको सल्लाह अनुसार विभिन्न सुधार कार्यहरु गरे । तत्पश्चात हिन्दू समाज पूनः वर्ण व्यवस्था अनुसार चलाउने प्रयत्न भयो । ब्राम्हणहरु पञ्चगौढ र पञ्चद्रविण गरी दुई भागमा बाँडिए । नेवारहरु ६४ जातिमा विभाजन भए । बौद्ध धर्मावलम्वीहरुमा पनि केही परिवर्तन गरियो । उनले विभिन्न जातिहरुको खानपान, रहनसहन, कपडा र गरगहना लगाउने, जन्म, मृत्यु, विवाहबारे निश्चित नियम बनाए (भट्टराई, २०५८ : १३८) ।

नेपाली समाज र संस्कृतिको संरचानामा हिन्दू पौराणिक साहित्यको प्रभाव रहेको पाइन्छ । हिन्दू धर्मशास्त्र अनुसार समाजलाई सानो, ठूलो, छुत, अछुत, पानी चल्ने, पानी नचल्ने आदि गरी विभाजन गरिएको छ । यी सबै जात जातिको आआफ्नै किसिमको परम्परा, मुल्य, मान्यता, भाषाहरु रहेका छन् । सामाजिक व्यवस्था समाजमा रहेका सदस्यहरु बीचको समन्वयको जालो हो । समाजले आफ्नो आवस्यकताहरु पुरा गर्न विभिन्न संस्थाहरु सृजना गरेको हुन्छ । यस्ता संस्थहरुले समाजलाई संरचनात्मक प्रकार्य (Structural Function) गर्न सहयोग गरिरहेको हुन्छ । समय अनुसार समाजमा विभिन्न पद, भूमिका, संस्कृति आदिमा परिवर्तन भएको पाइन्छ । परिवर्तन निरन्तर चलिरहन्छ । परिवर्तन जुनसुकै समाजमा पनि देख्न सकिन्छ । विवाह पनि एउटा समाजिक संस्था हो । विवाहबाट नै मानिसले आफ्नो जीवनको लक्ष्य प्राप्त गर्न सक्दछ र पूर्ण मानव बन्न सक्छ । मानिसलाई समाजमा मानव भएर बाँच्नको लागि सामाजिक बन्धनभित्र रहनु पर्ने हुन्छ । त्यस्तै उसलाई सामाजिक जीवनमा प्रवेश गर्न, यौन चाहना पुरा गर्न, र सृष्टिलाई निरन्तरता दिनको लागि विवाह अनिवार्य मानिन्छ । यौन अराजकतालाई नियन्त्रण गर्न विवाह आवश्यक मानिन्छ । विवाहलाई पनि समाजले स्वीकृती दिनु पर्ने हुन्छ । समाज, ठाँउ, जातजाति, भाषा, धर्म, अनुसार विवाहको वुझाई स्वीकृति दिने तरिका पनि फरक फरक हुन्छ ।

यस अध्ययन कसाई जातिसँग सम्बन्धित भएकोले कसाई र नेवारजातिको बारेमा केन्द्रित गरिएको छ । संस्कृति र परम्परामा धनी मानिने कसाईहरु विशेष गरी शहरी क्षेत्रमा केन्द्रित भएकोले संस्कृति र परम्परालाई शहरी वातावरणले प्रभाव पारेको छ । परिवर्तनहरु ग्रमीण समाजमा भन्दा शहरी समाजमा छिटो हुन्छ, किनभने शहरमा विभिन्न संञ्चार माध्यम, यातायातका साधन, तथा अन्य भौतिक सुविधा सम्पन्न हुने हुनाले भौतिक (Material) तथा अभौतिक (Nonmaterial) दुवै प्रकारको संस्कृतिमा तीव्र परिवर्तन आएको पाइन्छ । यो शोधमा कसाईहरुको सामाजिक सांस्कृतिक, आर्थिक अवस्थामा आएको परिवर्तनलाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२. समस्याको कथन

अनुसन्धान कार्य सजिलो, भरपर्दो, फलदायी, उपलब्धिमूलक बनाउन अध्ययनको शिलशिलामा आइपर्ने समस्याहरुलाई केलाउनु अति आवश्यक हुन्छ । रोग लागेपछि उपचार गर्नु भन्दा रोगको बाटै छेक्नु राम्रो भन्ने भनाइलाई आत्मसाथ गर्दै समस्याको पहिचान गर्न सके अनुसन्धान कार्य अवश्य सरल हुन्छ । कुनै पनि कार्य गर्न चुनौती र समस्याहरु अवश्यनै हुन्छन् ।

शहरी समाजको अध्ययन गर्ने भएकोले शहरी समाजमा विभिन्न संस्कृतिको संगम पाइन्छ । त्यसैले कसाई समुदायको विशुद्ध संस्कृतिको विश्लेषण गर्न निश्चय पनि कठिनाई हुन्छ । विवाह विश्लेषण गर्दा अन्तरजातीय विवाह विश्लेषण गर्नु पर्ने हुन्छ । त्यस्तै अन्तरजातीय विवाह पहिले र अहिले पनि विश्लेषण गर्नुपर्ने हुन्छ । शोधमा शहरीकरणलाई प्रभाव पार्ने तत्वहरु के के हुन, शहरीकरणका प्रभावी तत्वहरु के के हुन, पनि विश्लेषण गर्नुपर्ने हुन्छ । कसाई विवाह शैली र पारिवारिक प्रणालीको के के संरचनामा शहरीकरणले कस्तो प्राहर गरे र कस्तो परिवर्तन ल्याएको छ, त्यो पनि विश्लेषण गर्नुपर्ने हुन्छ । कसाई विवाह र परिवार शैली कस्तो छ र शहरीकरणले कसाई विवाह शैली र पारिवारिक संरचनामा आएको परिवर्तनबारे विश्लेषण गर्नुपर्ने हुन्छ । कसाई समुदायमा विधवा विवाह संरचना र पुनर्विवाह पहिलेको र वर्तमान संरचना बारे विश्लेषण गर्नुपर्ने हुन्छ । कसाई विवाह परिवर्तनको ढाँचा कस्तो छ, हिन्दु विवाह शैली र कसाई विवाह शैलीमा के अन्तर छ ? कसाई विवाह शैली र अन्य नेवार विवाह शैलीमा के कति अन्तर छ ? त्यो पनि विश्लेषण गनुपर्ने हुन्छ । साथै परिवार र समाजमा कसाई महिलाहरुको भूमिका (लैङ्गिक स्थिति) पनि विश्लेषण गर्नुपर्ने हुन्छ ।

नेवार जातिको बारेमा प्रसस्त अनुसन्धान भएका छन तर कसाई विशेषको भने शोधपत्रका लागि अध्ययन गर्ने बाहेक अहिलेसम्म अन्य जातीय अध्ययन भएको पाइँदैन । त्यसैले त कसाईहरुको इतिहास, जातीय पहिचान, सामाजिक-आर्थिक स्थिति, राजनीतिक स्थिति, आदि बारे अनुसन्धान (लेख) पाउन निकै कठिनाई छ । साईहरुलाई कसैले नेवार भित्रको एक जात हो भनेका छन् भने कसैले राजकीय (Royal) जाति हो भनेका छन् । कतै कसाईहरु अछुत जात हुन भनि उल्लेख गरिएको पनि पाइन्छ । जयस्थिती मल्लले जातीय विभाजन गर्दा सामान्यतया नेवारहरु ६४

जातिमा विभाजन गरिएको कुरा धेरै इतिहासहरुमा उल्लेख छ । तर नेपाल खड्गी सेवा समितिको २०६१ सालको ३१औं वार्षिकोत्सव स्मारिकामा गणेश शाहीले नेवारहरु ६४० जातीमा विभाजन भएको कुरा उल्लेख गर्नुभएबाट अनुसन्धानकर्तालाई ज्यादै अलमल्याएको छ । यसले पनि यो शोध गर्न प्रेरित गरेको छ ।

यस शोधपत्रमा विवाहलाई प्रभाव पार्ने सामाजिक तत्वहरुले सृजना गरेको परिवर्तनको ढाँचा अध्ययन गर्ने खोजिएको छ । यो एउटा विश्वविद्यालको शोधपत्र छोटो समयमा तयार पारिएको हुनाले पूर्ण रुपमा सबै तत्वहरुको विश्लेषण तथा परिवर्तनको ढाँचा व्यापक रुपमा पत्तालगाउन सकिएको छैन । शहरी समाजमा सामाजिक गतिशीलता निकै तीब्र गतिमा हुने भएकोले यो विन्दुबाट त्यो विन्दु सम्म, यति सम्म परिवर्तन भयो भनी उल्लेख गर्न निकै कठिनाई परेको छ

## १.३. अध्ययनको उद्देश्य

मूलत यो अध्ययन कार्य त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तहमा आवश्यक पर्ने शोधकार्य (Thesis) का लागि तयार पार्न गरिएको हो । अध्ययनको उद्देश्य निर्धारण गर्दा निष्कर्ष पक्षलाई ध्यान दिनुको साथै अध्ययनका लागि आवस्यक पर्ने श्रोत, साधन र समयको सीमालाई पनि ख्याल गर्नुपर्ने हुन्छ । अनुसन्धानलाई निष्कर्षमूलक बनाई अध्ययन कार्यको उद्देश्यको मर्म पूर्ण रुपमा पुरा गर्नुपर्ने कुरालाई विचार गरी उद्देश्य निर्धारण गर्नुपर्ने हुन्छ । त्यसैले यसै मान्यतालाई ध्यानमा राखेर यस अनुसन्धान कार्यको उद्देश्यहरु निम्न निर्धारण गरिएको छ ।

क) कसाई जातिको पारिवारीक संरचना विश्लेषण गर्नु ।
ख) कसाई जातिको विवाह पद्धतिको नालीबेली खोज्नु ।
ग) उनीहरुको विवाह पद्धतिमा शहरीकरणले पारेको प्रभाव खोज्नु ।
घ) उनीहरुमा बढ्दै गएको अन्तरजातीय विवाहबारे विश्लेषण गर्नु ।

## १.४. अध्ययनको महत्व

अगाडि विस्तार गरिए जस्तै शहरीकरणले गर्दा भौतिक र अभौतिक संस्कृतिमा परिवर्तन आएको छ । हिंजोको पुस्ता आज छैन, हिंजोको संस्कृति, भेषभूषा, समाजिक कृयाकलाप र समाजिक संस्थाहरुमा परिवर्तन आएका छन् । व्यक्तिको पद र भूमिकामा, सामाजिक मुल्य मान्यतामा परिवर्तन भइसकेको छ । जातीय बिशुद्धता हराउँदै गरएको छ । सांस्कृतिक सापेक्षतावाद (Cultural Relativism) को सिद्धान्त अनुसार कुनै पनि समाज, समुदाय, जाति, वर्ग आदिको संस्कृति अरुभन्दा ठूलो वा सानो हुँदैन । कुनै पनि संस्कृतिलाई उच-नीचको दृष्टिले अध्ययन नगरेर उनीहरुकै मुल्य, मान्यता, विश्वास र परम्पराका आधारमा अध्ययन गर्नुपर्छ । यस दृष्टिकोण अनुसार सबै संस्कृतिहरुको आ- आफ्नै प्रकारको महत्व र इतिहास हुन्छ ।

जातीय संस्कृतिक, सामाजिक रीतिरिवाज, भेषभूषा, परम्परा, रोधी, भेजा, मेला आदि क्षेत्रमा विविधताले गर्दा विदेशी अनुसन्धानकर्ता तथा पर्यटकहरु नेपाल भित्रिएका छन् । त्यसैले कुनै पनि जात जाति, भाषा, संस्कृति, र परम्परा हराउनु भनेको आफ्नो विशेषता राष्ट्रियता, मौलिकता र पहिचान हराउनु  हो । यसरी हराउदै जाने क्रममा कतिपय सामाजिक विशेषताहरु संग्राहलय र सिनेमामा मात्रै सीमित हुन थालेका छन् । परिवर्तन निरन्तर चलिरहने प्रक्रिया हो, पुरानो पात झर्ने र नयाँ पात पलाउने प्रकृया भइरहन्छ । तर पुरानो पुस्ताको संस्कृति नयाँ पुस्ताले चटक्कै छाड्ने स्थिति आएको छ । यस अध्ययन कार्यबाट यस जातिमा रहेको त्यस्तो रमाइलो र महत्वपूर्ण विशेषताहरु पत्तालगाउन सकिनेछ भने भावी पिंढीलाई आफ्नो पुर्खाको परम्परा संस्कृति र रहनसहन बारे 'ए यस्तो पनि हुँदो रहेछ हाम्रो संस्कृतिमा' भन्ने जानकारी हुनेछ । अर्थात एक किसिमको अभिलेखको रुपामा पनि हुनेछ, यो शोधपत्र । कसाई जातिमा हुने विवाह पद्धति जुन अन्यजातिको संस्कृति भन्दा फरक छ, त्यो हो गुफा राख्ने अर्थात 'नारायणसँग विवाह' जुन अन्य जातिको लागि रमाइलो र उत्सुकताको विषयको रुपमा रहनेछ । नेवार (कसाई समेत) अन्य समुदाय भन्दा सामाजिक र सांस्कृतिक विशेषताले बढी प्रसिद्ध पनि छन् ।

यस अध्ययनबाट नेपाली र नेवारी जातीय स्तरीकरणमा कसाईहरुको सामाजिक स्थान बारे विश्लेषण गरिनेछ । सबैखाले परिवर्तनहरु फाइदाजनक नै हुन्छन् भन्न सकिंदैन । शहरीकरणसँगै भित्रिएको पाश्चात्य संस्कृतिले नेपाली समाजलाई विखण्डन गरेको पनि पाइएको छ । पश्चिमी

'छाडा' प्रवृतिको नक्कलले सामाजिक सम्बन्धमा खिचलो आएको थुप्रै घटनाहरु देखे भोगेमा छौं । यस अध्ययनले त्यस्ता पक्षलाई सुधार्न पनि उपयोगी हुनेछ । यसबाट नेपाली समाजमा रहेका विविधताहरु उजागर हुनेछन् ।

## १.५. अध्ययनको सीमाङ्कन

कसाई जातिको विवाह पद्धतिमा शहरीकरणले पारेको प्रभाव अध्ययन गर्ने भएकोले निश्चित सामाजिक अवस्थिति भन्दा बाहिर भएको परिवर्तनहरुमा गइएको छैन । यस अध्ययनमा समय श्रोत र साधनको सीमितताको कारण विभिन्न सीमा निर्धारण गरिएको छ । यसमा पोखरा उपमहानगरपालिका भित्र रहेका खड्गी(साई) जातिलाई मात्रै लिइएको छ । यसमा उनीहरुको विवाह पद्धतिलाई प्राथमिकता दिई अध्ययन गर्नुका साथै उनीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाका साथै राजनीतिक, नातेदारी, पारिवारिक, शैक्षिक, व्यवस्था बारेमा सामान्य अध्ययन भएको छ । त्यस क्षेत्रमा बसोबास गर्ने १७५ घरधुरीका १०४७ जनालाई अध्ययनको समग्रतको रुपमा र ती मध्ये ३० घरका घरमुलीसँग प्रत्यक्ष भेटी सर्वेक्षण (Household Survey) लिइएको थियो । खड्गी(साई) सेवा समितिको बैठकको समयमा  समितिका पदाधीकारीहरुसँग सामुहिक छलफल (focus group discussion ) गरिएको छ ।

## १.६. शोधपत्रको संरचना (Structure)

यस शोधपत्रमा जुनसुकै शब्दावली प्रयोग गरिए पनि 'कसाई' जातिको अध्ययन गरिएको हो । आजकल उनीहरु आफूलाई कसाई नभनी(नलेखी) साई, शाई, साही, शाही आदि लेख्छन । त्यसैले शोधको धेरैजसो ठाउँमा साई शब्दको प्रयोग गरिएको छ ।  यस प्रतिवेदनलाई आठ अध्याय खण्डमा विभाजन गरी प्रस्तुत गर्न खोजिएको छ । प्रथम अध्यायमा परिचय खण्ड समावेश गरिएको छ ।  यसमा नेपालको इतिहास, नेपाली समाज र संस्कृतिको समान्य परिचय दिन खोजिएको छ । त्यसपछि अध्ययनमूलक समस्यालाई औल्याइएको छ । त्यसपछि शोधको उद्देश्य, शोधपत्रको विषयवस्तु र क्षेत्र छनोट गर्नुको कारण अर्थात अध्ययनको महत्व, अध्ययनको सीमाङ्कन र अन्त्यमा शोधपत्रको ढाँचा (संरचना) समावेश गरिएको छ ।

अध्ययनका क्रममा भेटिएको संख्यात्मक तथ्याङ्कहरुलाई दोस्रो अध्यायमा विश्लेषण गर्न खोजिएको छ । अध्ययनको कूल जनसंख्या विवरण, पोखरा उप-महानगरपालिकामा कसाई जातिको वडा अनुसारको जनसंख्या वितरण, वैवाहिक स्थितिको आधारमा जनसंख्या वितरण, उमेर अनुसार जनसंख्या वितरण, पेशा अनुसार जनसंख्या वितरण, वैवाहिक जानकारीका आधारमा वितरण जस्ता विभिन्न स्तम्भ (शीर्षक) मा विभाजन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ । साथै उक्त अनुसारको जनसंख्या वितरणलाई तालिका, एक स्तम्भ चित्र, बहुस्तम्भ चित्र, वृत्त चित्र आदिमा देखाएर प्रष्ट पारिएको छ ।

यस्तैगरी तेस्रो अध्यायमा कसाई जातिको इतिहासका प्रसङ्गलााई समेटिएको छ । यसै क्रममा कसाई जाति नेवार समुदाय कै एक जाति भएकोले नेवारहरुको इतिहास, जातीय परिचय, समान्य रुपमा उल्लेख गर्न खोजिएको छ । कसाई जातिको जातीय विकास क्रम, र नेवारी जातिय संगठनभित्र कसाई जातिको स्थिति खोजिएको छ । त्यस्तै अध्ययनको क्षेत्र पोखरा भएकोको कसाई जातिको यस स्थानमा संगठनलाई पनि सामान्य खोतलिएको छ । यसरी कसाइ जातिको इतिहास र परिचय खोज्ने क्रममा आदि कालमा कसाई जातिको सामाजिक अवस्था, शारीरिक बनोट, र स्वभाव, कसाई जातिको नातेदारी व्यवस्था, उनीहरुको खानपान, भेषभूषा, उनीहरुले प्रयोग गर्ने गरगहना, भाडावर्तन, उनीहरुको धार्मिक अवस्था र उनीहरुले मान्ने देवीदेवताबारेमा सामान्य उल्लेख गरिएको छ ।

यस्तैगरी चौथो अध्यायमा पूर्व साहित्य समीक्षालाई प्रस्तुत गर्ने क्रममा यस अध्यायमा नेवार समुदाय तथा कसाई सन्बन्धी विषयमा अहिले सम्म भएका अध्ययनहरुको बारेमा विश्लेषण गरिएको छ । विवाह, शहरीकरण र अन्तरजातीय विवाह सम्बन्धी विषयमा प्रकाशित कृतिहरुको सामान्य विश्लेषण गरिएको छ । शहरी वातावरणको सामान्य परिचय पनि दिइएको छ ।

अध्याय पाँचमा अनुसन्धान विधि प्रस्तुत गर्ने क्रममा पोखराका कसाई जाति किन छानियो भन्ने कुरा प्रष्ट्याइको छ । यसपछि यस अध्ययनमा अपनाइएको अध्ययन विधि उल्लेख गरिएको छ । त्यस्तै अध्ययनको समग्रता (Population) र भौगोलिक क्षेत्रको बारेमा उल्लेख गरिएको छ । यसपछि सम्पूर्ण जनसंख्या (समग्रता) को प्रतिनिधित्व गर्ने गरी केही जनसंख्यालाई अध्ययनको नमूनाको रुपमा लिइएको कुरा उल्लेख गरिएको छ । त्यस्तै तथ्याङ्क संकलन विधि र प्रकारहरु

उल्लेख गरिएको छ । विवाह र शहरीकरणलाई सांस्कृतिक पर्यावरणीय (Cultural Ecological) अवधारणा र प्रकार्यात्मक (Functional) अवधारणाबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

विवाह, नेवारी विवाह, कसाई विवाह पद्धतिमा शहरीकरणले ल्याएका परिवर्तनहरुका बारेमा यस छैठौं अध्यायमा विश्लेषण गर्ने खोजिएको छ । त्यसैले शुरुका शीर्षकहरुमा कसाई विवाह पद्धति बारे सामान्य उल्लेख गरिएको छ । त्यस पछि कसाई जातिमा रहेका केही विवाह सँग जोडिएको छोरीलाई गुफा राख्ने (इहि विवाह) सम्बन्धी सामान्य विश्लेषण गरिएको छ । साथै विवाहको पक्का भए पछि केटा र केटीको घरमा गरिने विवाह विधि पनि उल्लेख गरिएको छ । त्यस्तै कसाई जातिमा सम्बन्ध विच्छेद, विधवा विवाह र पुनरविवाह सम्बन्धी व्यवस्था आदिको सामान्य उल्लेख गरिएको छ । त्यसपछि कसाई विवाहमा शहरीकरणले ल्याएका परिवर्तनहरुको बारेमा विश्लेषण साथै विवाहलाई प्रभाव पार्ने तत्वहरुको बारेमा विश्लेषण गरिएको छ र अन्त्यमा उनीहरुमा रहेका केही संस्कृतिहरुलाई साराशंमा उल्लेख गरिएको छ ।

अध्ययनको साराशं र निष्कर्षलाई सातौं अध्यायमा प्रस्तुत गरिएको छ । यस अध्यायमा यस अध्ययनको विषय वस्तुलाई साराशंमा उल्लेख गरिएको छ । तथा अध्ययनबाट प्राप्त निष्कर्षलाई उल्लेख गरिएको छ भने अन्त्यमा सन्दर्भ श्रोतहरु र केही तस्विरहरु पनि यसं अध्यायको अन्त्यमा समेटिएको छ ।

☸ ☸

# अध्याय दुई:

# तथ्याङ्क विश्लेषण

विभिन्न श्रोतबाट सङ्कलित तथ्याङ्कहरुको अर्थपूर्ण विवेचनाका लागि तथ्याङ्कहरुको प्रशोधन र विश्लेषण गरिन्छ । अनुसन्धानका सन्दर्भमा विकसित गरिएका अनुसन्धान प्रश्नहरुको उत्तर र परिकल्पना परीक्षणको नतिजा वा निष्कर्ष तथ्याङ्कको विश्लेषणबाट मात्र प्राप्त हुन्छ । यसैले संकलित तथ्याङ्कको थुप्रोलाई अर्थप्रधान रुपमा बोल्न सक्ने बनाउने कार्य नै तथ्याङ्क विश्लेषण हो । तथ्याङ्क विश्लेषण भन्नाले सङ्कलित तथ्याङ्कलाई तिनीहरुको विशेषताहरुको आधारमा श्रेणीबद्ध, (Category), क्रमबद्ध (Ordering), व्यवस्थित (Manipulating) र सारंशित (Summarizing) गर्दै अनुसन्धान प्रश्नहरुको उत्तर प्रष्ट्याउने प्रक्रियालाई तथ्याङ्कको विश्लेषण भनिन्छ । तथ्याङ्कको विश्लेषणबाट अनुसन्धानका क्रममा विभिन्न चल(Variable) बीचको सम्बन्धलाई विभिन्न तथ्याङ्कशास्त्रीय (Stastical) तथा गुणात्मक (Qualitative) विश्लेषणबाट अनुसन्धान परिकल्पनाको परीक्षण गर्दै कारण र प्रभाव सम्बन्धलाई स्पष्ट पार्नुपर्छ । जवसम्म तथ्याङ्कको विश्लेषण बैज्ञानिक किसिमबाट हुन सक्दैन तव सम्म ठूलो समय, श्रोत र साधनका बाबजुत पनि सङ्कलित तथ्याङ्कको कुनै औचित्यता नरहने हुनाले वैज्ञानिक ढङ्गबाट विश्लेषण गर्न प्रयास गरिएको छ । तथ्याङ्क विश्लेषणकै क्रममा तथ्याङ्कको वर्गीकरण, तालिकीकरण र विभिन्न चित्रबाट प्रस्तुत गरी स्पष्ट रुपमा तथ्याङ्कलाई तुलना गर्ने तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

सामाजिक अनुसन्धानमा संख्यात्मक तथ्यहरु मात्र नभई गुणात्मक तथ्यहरु पनि सम्लग्न रहन्छन् । संख्यात्मक तथ्याङ्कहरुलाई विभिन्न तथ्याङ्कशास्त्रीय विधिको प्रयोग गरेर विश्लेषण गर्दै निष्कर्ष निकाल्ने प्रयास गरिएको छ भने गुणात्मक तथ्याङ्कहरुलाई विवरणात्मक तथा विश्लेषणत्मक रुपमा विश्लेषण गर्दै प्रस्तुत गर्ने प्रयास गरिएको छ । संख्यात्मक स्वरुपमा रहेको तथ्यहरुको विश्लेषणका माध्यमबाट परिवर्त्यहरु बीचको सम्बन्ध बुझिने भएकोले विभिन्न गणितीय विधिहरुको प्रयोग गरी तथ्यहरुको विश्लेषण गरिएको छ ।

आवश्यक सूचनाहरुको संकलन गरिसकेपछि तथ्याङ्कलाई विविध प्रकृति अनुरुप शीर्षक र उपशीर्षकमा विभाजन गरी तालिकीकरण गरिएको छ । तालिकीकरण गर्दा तथ्याङ्कलाई दरगत रुपमा वर्गीकरण तथा विश्लेषण गरिएको छ । यो एउटा सामाजिक विषयको अध्ययन भएकाले

विश्लेषणत्मक विधिबाट अध्ययनलाई अगाडि लैजाने प्रयास भएको छ । तथ्यहरुको विश्लेषण अनुसन्धानकर्ताले सामान्यतया बाहिरबाट अध्ययन गर्दा के देखियो ? त्यसलाई समावेस गरिएको छ । त्यस्तै प्रश्नावली अनुसूचीबाट के पाइयो, विभिन्न सरकारी प्रतिवेदनले के देखाउँछ ? त्यसलाई समेटी तुलनात्मक रुपमा अध्ययन गरिएको छ । यो एउटा सामाजिक विषय भएकाले Etic र Emic दुवै दृष्टिकोण (Approach) बाट तथ्यहरुलाई केलाइएको छ । साथै तथ्याङ्कको विश्लेषण गर्दा संख्यात्मक (Quantitative) लाई स्तम्भ चित्र (Bar Graph), वृत्त चित्र (Pie Chart), लेखा चित्र (Graph) आदिको प्रयोग गरिएको छ ।

## २.१. पोखराका कसाई जातिको वडागत जनसंख्या वितरण

कुनै पनि सामाजिक विषयको अध्ययन गर्दा त्यस क्षेत्रको जनसंख्याा वितरण अतिनै आवश्यक विषय वस्तु हो । जनसंख्याको समग्रता पत्ता नलगाए सम्म त्यस क्षेत्रको र आफुले अध्ययन गर्न खोजेको कुरा अध्ययन गर्न कठिनाई रहन्छ । पोखरा उपमहानगरपालिकामा बसोबास गर्ने कसाईहरुमो घरधुरी संख्या जम्मा १७५ रहेको छ भने जम्मा जनसंख्या १०४७ जना रहेको । यस मध्य पुरुषको स्रख्या ५०६ अर्थात ४८.३३ प्रतिशत र महिलाको संख्या ५४१ अर्थात ५१.६७ प्रतिशत रहेको छ । त्यस्तै वडा अनुसार हेर्दा पुरुष र महिलाको संख्या क्रमशः वडा नं १ मा १५० र १४९, वार्ड नं २ मा १३४ र १४०, वडा नं ३ मा ६१ र ८१, वडा नं ८ मा ५२ र ५८, वडा नं ९ मा ३५ र ३२, वडा नं १० मा ३९ र ५३ र अन्य वडामा २५ र २८ जना रहेको छ । यसलाई प्रतिशतमा हेर्दा वडा नं १ मा २८.५७ प्रतिशत वडा नं २ मा २६.१७ प्रतिशत वडा नं ३ मा १४.५२ प्रतिशत वडा नं ८ मा १०.५१ प्रतिशत वडा नं ९ मा ६.३९ प्रतिशत, वडा नं १० मा ८.७८ प्रतिशत र अन्य वडा मा ५.०६ प्रतिशत रहेको छ । यसलाई तालिका र दुई गुणीय स्थम्भ चित्रद्धारा तल प्रस्तुत गरिन्छ ।


तालिका नं १: पोखराका कसाई जातिको वडागत जनसंख्या वितरण

| लिङ्ग | वडा नं | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ८ | ९ | १० | अन्य | | |
| पुरुष | १५० | १३४ | ७१ | ५२ | ३५ | ३९ | २५ | ५०६ | ५८.३३% |
| महिला | १४९ | १४० | ८१ | ५८ | ३२ | ५३ | २८ | ५४१ | ५१.६७% |
| जम्मा | २९९ | २७४ | १५२ | ११० | ६७ | ९२ | ५३ | १०४७ | १०० % |
| प्रतिशत | २८.५% | २६.१७% | १४.५२% | १०.५१ % | ६.३९% | ८.७८% | ५.०६% | | |

स्रोत: नेपाल खड्गी (साई) सेवा समिति पोखरा एकाइ -२०६१

माथिको तालिकामा हेर्दा सबै भन्दा बढी जनसंख्या वडा न. १ मा छ । यसै वडामा बगर, मोहरिया टोलमा साईहरुको बाहुल्यता रहेको छ । सबैभन्दा कम जनसंख्या माथि उल्लेखित बाहेका वडा अर्थात वडा न. ४, ५, ६, ७, ११, १२ र अन्य वडामा रहेको पाइयो । वडा न. १ पछिको जनसंख्याको बाहुल्यता वडा न. २ हुँदै क्रमश: वडा न. ३, ८, ९, १० कम घट्दो क्रममा छ । वडा अनुसार घरसंख्या हेर्दा जम्मा घरधुरी संख्या १७५ मध्य वडा नं: १, २, ३, ८, ९, १० र अन्यमा क्रमश: ४४, ४५, २७, १७, ८, १७, १७, रहेको छ ।

चित्र नं १: पोखराका कसाई जातिको वडागत जनसंख्या वितरण



## २.२. पोखराका कसाई जातिको उमेरगत जनसंख्या वितरण

अध्ययन स्थलको उमेर अनुसार जनसंख्या वितरणलाई हेर्दा उक्त क्षेत्रमा बसोबास गर्ने ० देखि १० वर्ष उमेर समूहको जनसंख्या २०५ अर्थात १९.५८ प्रतिशत, १० देखि २० वर्ष उमेर समूहको जनसंख्या २५५ अर्थात २४.३६ प्रतिशत, २० देखि ३० वर्ष उमेर समूहको जनसंख्या २२० अर्थात २१ प्रतिशत, ३० देखि ४० वर्ष उमेर समूहको जनसंख्या १६३ अर्थात १५.५७ प्रतिशत, ४० देखि ५० वर्ष उमेर समूहको जनसंख्या ११२ अर्थात १०.७ प्रतिशत, ५० देखि ६० वर्ष उमेर समूहको जनसंख्या ५० अर्थात ४.७८ प्रतिशत र ६० वर्ष भन्दा माथि उमेर समूहको जनसंख्या ४२ अर्थात ४.०१ प्रतिशत रहेको छ ।

तालिका नं. २: पोखराका कसाई जातिको उमेरगत जनसंख्या वितरण


| सि.नं. | उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-१० | २०५ | १९.५८ % |
| २ | १०-२० | २५५ | २४.३६ % |
| ३ | २०-३० | २२० | २१.०० % |
| ४ | ३०-४० | १६३ | १५.५७ % |
| ५ | ४०-५० | ११२ | १०.७ % |
| ६ | ५०-६० | ५० | ४.७८ % |
| ७ | ६० वर्ष माथिका | ४२ | ४.०१ % |
| ८ | जम्मा | १०४७ | १०० % |

स्रोतः नेपाल खड्गी (साई) सेवा समिति पोखरा इकाइ -२०६१

यस तथ्याङ्कलाई हेर्दा २० वर्ष सम्मको उमेर समूहको जनसंख्या ४६० रहेको छ । बीस वर्ष सम्मका मानिसलाई नेपालमा आश्रित जनसंख्याका रुपमा लिइन्छ । ६० वर्ष भन्दा माथिका मानिसलाई पनि यसै समूहमा लिइन्छ । यसरी हेर्दा आश्रित जनसंख्या ५०२ अर्थात लगभग आधा प्रतिशत रहेको छ भने बाकी ५४५ जनसंख्या उत्पादनशील जनसंख्या रहेको छ । सबैभन्दा बढी

जनसंख्या १० देखि २० वर्ष समूहको र सबैभन्दा थोरै ६० वर्ष भन्दा माथि उमेर समूहको रहेको छ। उक्त तथ्याङ्कलाई स्तम्भ चित्रद्धारा तल देखाइन्छ।

चित्र नं. २ पोखराका कसाई जातिको उमेरगत जनसंख्या वितरण




## २.३. वैवाहिक स्थितिको आधारमा कसाई जातिको जनसंख्या वितरणः

विवाह सम्बन्धी अध्ययन गरिने भएकोले अध्ययन गरिने क्षेत्रको वैवाहिक स्थिति थाहा पाउन अत्यावश्यक हुन्छ। यसैको आधारमा पनि जनसंख्यालाई विश्लेषण गर्नु पर्ने हुन्छ। वैवाहिक स्थितिको आधारमा जनसंख्या विश्लेषण गर्दा कूल जनसंख्या १०४७ मध्य ४९२ अर्थात ४६.९ प्रतिशत विवाहित, ५२३ अर्थात ५०.०५ प्रतिशत अविवाहित, विधुवाको संख्या २५ अर्थात २.३९ प्रतिशत, र विदुरको संख्या ७ अर्थात ०.६६ प्रतिशत रहेको छ। यस तथ्याङ्कबाट विवाहितको संख्यालाई हेर्दा विवाहितको संख्या झण्डै आधा प्रतिशत रहेको पाइन्छ। यस तथ्याङ्कलाई तालिकामा निम्न अनुसार देखाउन सकिन्छ।

तालिका नं. ३: वैवाहिक स्थितिको आधारमा कसाई जातिको जनसंख्या वितरणः

| क.स. | संख्या/ प्रतिशत | विवाहित | अविवाहित | विधुवा | विदुर | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | संख्या | ५२४ | ४९१ | २५ | ७ | १०४७ |
| २ | प्रतिशत | ५०.०४% | ४६.९१% | २.३९% | ०.६६% | १००% |

स्रोतः नेपाल खड्गी (साई) सेवा समिति पोखरा एकाइ -२०६१

अन्य जातिको केटाले कसाई जातिको केटीहरुसँग विवाह गर्नेको संख्या १० र कसाई केटाहरुले अन्य जातिसँग विवाह गर्नेको संख्या १३ जम्मा २३ जोडि अर्थात ४६ जना रहेको छ । अन्तरजातिय विवाह गर्ने जोडिमध्ये जसको जातीय हैसियत कम छ उसबाट जन्मने सन्तानको जातीय हैसियात आमाबाबु मध्ये जसको कम छ त्यही बराबर हुने गर्दथ्यो । छोराछोरीको विवाह आफूभन्दा तल्लो जातीय हैसियत भएको केटा वा केटीसंग भएमा सामान्य रुपमा लिईदैनथ्यो । तर वर्तमान समयमा आएर अन्तरजातीय विवाहलाई सामान्य रुपमा लिइन्छ ।

## २.४. पोखराका कसाई जातिको पेशागत जनसंख्या वितरण

पेशा अनुसार जनसंख्यालाई विश्लेषण गर्दा विद्यार्थीको संख्या पुरुष १३५, महिला १६० गरी जम्मा २९५ अर्थात २८.१८ प्रतिशत छ भने मासु व्यवसाय गर्ने पुरुष १४० महिला १६० गरी जम्मा ३०० अर्थात २८.६५ प्रतिशत अन्य व्यावसाय गर्ने पुरुष ९४ जना र महिला ६३ जना गरी जम्मा ५७ जना अर्थात १४.९९ प्रतिशत छ, सरकारी नोकरी गर्ने पुरुष १९ र महिला ११ गरी ३० जना अर्थात २.८७ प्रतिशत, नाबालक पुरुष १८ र महिला २२ गरी ४० जना अर्थात ३.८२ प्रतिशत बेरोजगार पुरुष १०० र महिला १२५ गरी जम्मा २२५ अर्थात २१.४९ प्रतिशत रहेको छ ।


तालिका नं. ४: पोखराका कसाई जातिको पेशागत जनसंख्या वितरण

| विवरण | पेशा | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी | मासुव्यवसाय | नोकरी | अन्यव्यवसाय | नाबालक | बेरोजगारी |
| पुरुष | १३५ | १४० | १९ | ९४ | १८ | १०० |
| महिला | १६० | १६० | ११ | ६३ | २२ | १२५ |
| जम्मा | २९५ | ३०० | ३० | १५७ | ४० | २२५ |
| प्रतिशत | २८.२८% | २८.६५% | २.८७% | १४.९९ % | ३.८२% | २१.४८% |

स्रोत: नेपाल खड्गी (साई) सेवा समिति पोखरा एकाइ -२०६१

यस तथ्याङ्कबाट हेर्दा अन्य व्यवसाय गर्ने भन्दा मासु व्यावसाय गर्नेको बहुमत रहेको छ । विगतमा शिक्षामा पछि परेको यो जातिमा विद्यार्थीको संख्यामा पनि बृद्धि भएको छ । विद्यार्थीको जनसंख्या १९५ रहे बाट यस समुदाय शिक्षामा बिस्तारै प्रवेश गरेको देखिन्छ । विद्यार्थी पेशा आर्थिक हिसाबले उत्पादनशील पेशा नभएकोले अन्य व्यवसाय र सरकारी नोकरी गर्नेको संख्या जम्मा १८७ छ  आर्थिक हिसाबले उत्पादनशील पेशा गर्नेको संख्या जम्मा ४८७ मध्ये मासु व्यवसायीको संख्या ३०० भएकोले यसलाई प्रतिशतमा हेर्दा ६१.६० प्रतिशत अर्थात झण्डै दुई तीहाई व्यावसायीहरु मासु व्यवसायमा लागेको पाइन्छ। यस तालिकाले साईहरुसँग मासु व्यवसाय प्रत्यक्ष रुपमा जोडिएको देखाउँछ । यसलाई तालिका र वृत्त चित्र(Pie-Chart)मा तल देखाइएको छ ।

्चित्र नं. ३: पोखराका कसाई समुदायको पेशागत जनसंख्या वितरण (Pie-Chart)



## २.५. वैवाहिक जानकारीको आधारमा वितरण

विवाह सम्बन्धी जानकारी बारे थाहा पाउने ५० जना युवा युवतीसँग  एक छुट्टै अनौपचारिक छलफल गरिएको थियो । उक्त छलफलमा 'विवाह भन्नले के बुझ्नुहुन्छ ?' भन्ने प्रश्नमा विवाह भनेको परिवार निर्माण भन्ने १५ जना, सामाजिक सुरक्षा प्रदान गर्न भन्ने ८ जना, दुई विपरित लिङ्गीबीच सम्बन्ध स्थापना गर्नु हो भन्ने १२ जना र सामाजिक सम्झौता भन्ने ८ जना र सांस्कृतिक अनुष्ठान भन्ने ७ जना भेटियो । वैवाहिक स्थिति र ज्ञान सम्बन्धी अवधारणा कै क्रमको प्रश्नमा विवाह सम्बन्धी ज्ञान तथा अवधारणाको श्रोत वा कुन कुन माध्यमबाट विवाह सम्बन्धी ज्ञान हाँसिल गर्नु भयो भनी सोध्दा निम्नानुसार उत्तर पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तलिका न.५ :  वैवाहिक जानकारी स्रोतको आधारमा वितरण

| क.स | उमेर समूह | रेडियो/टि.भी.बाट | पत्रपत्रिकाबाट | साथीहरुबाट | आमाबाबु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १५-१९ | ४ | २ | ५ | ५ | |
| २ | २०-२४ | ६ | ३ | ४ | ४ | |
| ३ | २५–२९ | ४ | १ | २ | ३ | |
| ४ | ३० माथि | - | - | २ | ५ | |
| ४ | जम्मा | १४ | ६ | १३ | १७ | |
| ६ | प्रतिशत | २८% | १२% | २६% | ३४% | |

स्रोतः स्थलगत सर्वेक्षण २०६२

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने उक्त ठाउँको १५ देखि ४० वर्षका ५० जना व्यक्तिको विवाह बारेमा ज्ञान र अवधारणाको स्रोतको बारेमा गरिएको उक्त अनौपचारिक छलफल अनुसार रेडियो/टि.भी.बाट २८ प्रतिशतले, पत्रपत्रिकाबाट १२ प्रतिशतले, साथीहरुबाट २६ प्रतिशतले, र आमाबाबुबाट ३४ प्रतिशतले, ज्ञान प्राप्त गरेको यस अध्ययन अनुसार प्रष्ट हुन्छ । जसमध्ये विवाहका बारेमा ज्ञान तथा अवधारण सबै भन्दा बढी आमाबाबुबाटै पाएको सर्वेक्षणबाट जानकारी भयो ।  यसलाई बहुस्तम्भी चित्रमा तल देखाइन्छ ।

चित्र नं. ४ वैवाहिक जानकारीको स्रोतको आधारमा वितरण




❁❁

# अध्याय तीन
# कसाई जातिको परिचय

## ३.१. नेवार जातिको परिचय

काठ्माण्डौ उपत्यकालाई विशेष थलो बनाएका नेवारहरुको शरीर मंगोलियन कदको देखिन्छ । नेवारहरुले तिब्बती भोट बर्मेली परिवारको भाषा बोल्छन् । उपत्यकमा मलिलो माटो भएकोले खेतिपाती गरी आफ्नो दैनिक जीवन निर्वाह गरे पनि हाल आएर उपत्यकामा साथै अधिराज्यका विभिन्न शहरी क्षेत्रमा बसोबास गरी धेरै जसो नेवारहरु व्यापारिक क्षेत्रमा सम्लग्न भएका छन् । जसले गर्दा उनीहरुको आर्थिक तथा सामाजिक हैसियत माथि उठेको पाइन्छ । 'नेवारहरुले नेपाललाई 'नेपा' मात्रै भन्ने गर्दथे जो पछि नेपाल हुन गएको हो ' (भट्टराई/२०५८ :१२१) । पछि नेपाल शब्दको अर्थ बिस्तार भएको पाइन्छ । ईतिहासविद डा. 'डिल्लीरमण रेग्मी भन्नुहुन्छ, 'नेवार आफैमा जात होइन राष्ट्रियता हो अर्थात नेवार राष्ट्रियता भित्र उत्तर चीन तिब्बत र दक्षिण भारतको ईतिहासलाई समेत संयोजन गर्दै आफ्नो मौलिक अस्तित्वलाई पहिचान दिन सक्ने शक्ति निहित छ ' (श्रेष्ठद्वारा उद्धित, २०६१:५१) ।

आदिवासी ज्यापूहरु आफूलाई तिब्बत बर्मेली नश्लसँग नजिकको सम्बन्ध रहेको स्वीकार्छन् भने लिच्छवी बंशसँग समन्वय रहेको शेषान्त क्षेत्रका बासिन्दा श्रेष्ठ, शाक्य वशींय क्षेत्री भगवान बुद्धका मावली खलक कोलियवंशी तण्डुकार खुस(कोशल), मञ्जुश्रीका वंशज छिया रंजितकार देखि सात जात भाषा संस्कृतिको संयोजनयुक्त जात पहरी सम्म र बर्माभीबाट बलामी बनेका राष्ट्रिय विभूति अंशुबर्मा र भृकुटीका वंशजसम्म नेवार छन् । नेवार समाजभित्र लिच्छवी कालीन ब्रम्हनाथ योगी, कुश्ले, कपालीदेखि हरिसिंह देवका सन्तान खड्गी, मिलाण्डरबाट मानन्धर बनेका सायमी मात्रै होइन नेवार समाजमा पुटुवार, राजवाहक, वैदिक ब्राम्हण राजोपाध्याय शर्मा रिमाल देखि बैद्धिक ब्राम्हण गुरुजु बज्राचार्य सम्म नेवार समाजभित्रका पहिचान हुन् । त्यसका अलावा अष्टमातृका पिठका वंशज च्यामे, च्याम्ह खलः पिठका पुजारी द्योला पोडे र तिब्बतीयनसँग संयोजन भई जन्मिएका नश्लगत जाति उदास-उराया, तुलाधर, स्थापित, सिन्धेकार, शिलालिक, शिलाकार, कंशाकार, शिल्पकार, ताम्रकार) सहित एउटा स्वतन्त्र राष्ट्र संञ्चालनार्थ जात धर्म, पेशा र संस्कृतिको संयोजन नेवार राष्ट्रियता भित्र समाहित छ (श्रेष्ठ, २०६१:५१-५२) ।

यिनीहरुको थर अनुसार विभिन्न किसिमका काम गर्दछन् । भाँडा बनाउने, घर बनाउने, छाला प्रसोधन गर्ने, मासु काट्ने, कपाल काट्ने, व्यापार गर्ने, तेल प्रशोधन गर्ने आदि । पुरुषले दौरा, सुरुवाल र टोपी लगाँउछन्, भने महिलाले पटुका, सल, हाकुपटासी, चोलि साथै विभिन्न किसिमका गहना लगाउछन । घर ३-४ तला बनाएको पाइन्छ ।

महिला गर्भवती हुँदा माइती दही-चिउरा खुवाउन आउँछन् । सुत्केरी भएको २२ दिनमा माइतमा ल्याइन्छ । नेवारहरुमा बच्चा जन्मेपछि चोख्याउने काम हुन्छ । बच्चा जन्मेको दोस्रो दिन मामा भेट्न आउँछन् । बच्चा जन्मेको ६, ८ वा १० औं दिनमा न्वारान गरिन्छ । ज्योतिषको साइत अनुसार छोरीको ५ महिनामा र छोराको ६ महिनामा पास्नी गर्दछन् । केटीहरु यौवन अवस्थामा पुग्नु अघिनै इहि अर्थात बेल विवाह गरिन्छ । केटाको ५ देखि १२ वर्षको उमेरमा ब्रतबन्ध अर्थात क्य्तापूजा गरिन्छ । विवाह प्राय मागी विवाह (Arrange marriage) नै गरिन्छ । मृत्यु हुँदा लासलाई गोवर र दुवोले पोतेको ठाँउमा राखी बाँध्ने काम गरिन्छ । ठूलो छोराले दागवत्ती दिने प्रचलन छ । विवाहित छोरीले ४ दिन र अविवाहित छोरीले १०-१२ दिन सम्म सुतक (जुठो) बार्नु पर्छ । नेवारहरुको जातीय स्तरीकरणलाई गोपालसिंह नेपाली (१९६५) ले नेवारहरुलाई ४ बर्ण ६४ जातिहरुमा विभाजित गरिएको बारे प्रष्ट पार्दै भन्नु भएको छ, "जयस्थिती मल्लले भारतबाट पाँच जना ब्राम्हण झिकाइ समाजलाई वंशज, पेशा र पुर्खाका आधारमा चार बर्ण ६४ जातमा विभाजन गरी समाजको नयाँ संरचना बनाए" (नेपाली, १९६५: १६४) । चार बर्ण ब्राम्हण, क्षेत्री, बैश्य, सुद्र र सुद्रलाई छोइछिटो हाल्नु पर्ने र छोइछिटो हाल्नु नपर्ने गरी बिभाजन गरिएको छ । यसरी यो स्तरीकरण हिन्दु जातीय स्तरीकरण को संरचना भएको कुरा प्रष्ट हुन्छ ।

चाडपर्व र संस्कृतिको धनी मानिने नेवारहरु थुप्रै चाडपर्व र जात्राहरु मनाउँछन । चाडपर्वमा दशैं, तिहार, माघे संक्रान्ति, महः पूजा, बुबा औंसी, आमा औंसी, आदि प्रख्यात छन् भने जात्राहरुमा घोडेजात्रा, लाखेजात्रा, इन्द्रजात्रा, मच्छिन्द्र नाथको रथयात्रा आदि प्रख्यात छन् । भैरव, भगवती र गणेशको मन्दिरमा बढी जाने नेवारहरु हिन्दू र बौद्ध धर्म मान्छन् ।

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा नेवारहरुको संख्या १२,४५,२३२ रहेको छ (CBS:2002) । पोखरामा घर संख्या ७३०५२ रहेको छ भने नेवारहरुको जनसंख्या १,५६,३१२ रहेको छ (CBS, Jun, 2002) । यसैले नेवारहरुको आफ्नै सम्बत् छ, जसलाई नेपाल संबत् पनि

भनिन्छ । नेपाल संबतलाई काठ्माण्डौका शंखधर शाख्वाले वि.स. ९३७ सालमा चलाएका हुन । यो संबतलाई २०६५ मा नेपाल सरकारले राष्ट्रिय मान्यता पनि दिएको घोषणा गरेको छ ।

## ३.२. कसाई जातिको इतिहास र परिचय

१३२५ ई.मा दिल्लीका सुल्तान गयासुद्धिन तुगलक बंगालको विद्रोहीहरुलाई दबाएर तिरहुतको बाटो हुँदै दिल्ली फर्कदै थिए । त्यतिबेला उक्त मुसलमानी सेनाले सिमौरनगढ आक्रमण गर्न लाग्यो भन्ने ठानी प्रजा सहित भएर हरिसिंहदेवले तुर्कका सेनामाथि आक्रमण गरे । यसरी हरिसिंहदेव र गयासुद्धिन तुगलकको घमासान युद्ध भयो । परन्तु मुसलमानी सेनाको अगाडि हरिसिंहदेवको केही नचल्दा सैन्यदल सहित हरिसिंहदेव जंगलभित्र पसे (खनाल, २०६४:७०) ।

यसको लगत्तै केही दिनपछि हालको मकवानपूर अर्थात मधुवन (हालको चारकोशे झाडी) पुगेपछि रसद सकिनाले राजालाई ठूलो समस्या आइपऱ्यो । राजालाई तुलजा भवानीबाट आज्ञा भयो, 'रसद सके पनि तिम्रो पछि पछि लागेर आएकाहरुको केही पीर लिनु पर्दैन । भोलि बिहान सबेरै चारै दिशामा आफ्ना परिवार, भाइभारदार र सेनाहरुलाई खटाएर पठाउनु । त्यसरी चारै दिशा खटिएका टोलीले जे फेला पार्छन त्यो मलाई भोग लगाई (चढाई) तिमीहरुले प्रसादको रुपमा ग्रहण गर्नु' भनी आदेश भयो । देवी तुलजा अनुसार राजा हरिसिंह देवले त्यसै गरी बिहान सबेरै टोली खटाएर पठाए । त्यसरी खटिएर गएको टोलीले बडेमानको अर्ना (राँगो) देखे र त्यसलाई घेरा हालेर पक्डी ल्याए पश्चात राजा हरिंसिह देवका छोराले खड्गले मार हानी बली चढाएको कारण त्यसलाई "खड्ग" भन्न थाले । त्यसलाई कालान्तरमा गएर खड्गीमा परिणत भए (खड्गी, २०५७ : पोखरापत्र) ।

किरातकालमा साई र कसाई भन्ने जात थिएन । सुरुमा नेवारहरु नायोपारी, किवाँनायो, खड्गी, र सिंह हाल नायः, खड्गी, सिंह र शाहीमा परिचत थिए । यी नायोपारी, किवाँनायो, खड्गी, र सिंहको व्यापार व्यवसाय फरक फरक थियो, उनीहरुको सम्पूर्ण रीतिरिवाज, संस्कार र सम्पूर्ण परम्परा ६४० जाति नेवारहरुको जस्तै थियो । साई र कसाई कुनै जाति होइन यो एउटा पेशालाई दृष्टिगत गरेर हेयको दृष्टिले गरिने सम्बोधन हो । भारतमा मासु काटेर बेच्नेलाई कसाई भन्दथे । त्यसको नक्कल गरेर नायोपारी, किवाँनायो, खड्गी, र सिंह जातिलाई कसाई जातमा परिवर्तन गरे । कोही तिनीहरुलाई साई ठकुरी पनि भन्छन्, राजखान्दान पनि भन्छन् । ती चार जात ठकुरी,

कसाई, साई केही पनि होइनन्, ६४० जाति भित्रको नेवार हुन किनभने यिनीहरुको सम्पूर्ण संस्कार नेवारसँग मिल्छ । हाल खड्गी एंव शाहीहरुलाई नायः भन्ने गरिन्छ । यिनीहरुको जातिय पहिचान खड्ग हो भने नायः शब्दको अर्थ नाइके अर्थात नेतृत्व गर्ने व्यक्ति भन्ने बुझिन्छ (शाही, २०६१:३९-४०) ।

नेपाल खड्गी सेवा समितिको २०५९ को स्मारिकामा पूर्ण कुमार शाहीले कसाई जातिको परिचय यसरी दिएका छन् , नायः को अर्थ नेता, मार्गदर्शक, निर्देशक आदि हुन्छ । पशुपतिनाथ शिवमूर्ति मध्य दक्षिण तर्फको उन्मत्त भैरव शिवमुर्तिमा प्रत्येक महिनाको पूर्णिमाको दिन अर्ना ( महीष) सहित पञ्चवली पूजा चढाउने चलन छ । त्यसको अतिरिक्त पनि हरेक वर्ष बडा दशैंको महाअष्टमीको उपलक्षमा महा पञ्चवली पूजा गर्ने व्यक्ति नायः, सिंह, खड्गी शाही नै हुन्छन । नायः, खड्गी, शाही लाई हेलाको दृष्टिले कसाई भनिएको हो, किनभने कसाई शब्द अरबी भाषाको शब्द हो । कोही कोही खड्गीहरुले देवीदेवतालाई अर्ना बली चढाउने गर्दा गर्दै बली चढाएको मासु बेच्ने काम गर्न थाले । राणाकालीन समयमा नेपालमा फारसी, हिन्दी, उर्दु, अंग्रेजी, अरबी, र संस्कृत भाषाको प्रभाव पर्न थाल्यो । उनीहरुकै लहै लहैमा लागेर खसहरुले पनि खड्गीहरुलाई कसाई नै भन्न थाले । त्यसै समयमा नै खड्गी शाहीलाई तल्लो समाजिक स्तरमा राख्न विभिन्न नियमहरु बनाए (शाही, २०५९) ।

नेपाल खड्गी सेवा समितिको स्मारिका २०५९ मा मनोज नेवाः खड्गी पनि साईको परिचय यसरी दिन्छन्, हाम्रो खासगरी मौलिक थर नेपाल संम्बत ४४४ मा राजा हरिसिंह देवसँग सम्बन्धित नायः(नायर) हो, राजा हरिसिंह देवको आज्ञा अनुसार इष्ट देवी तलेजु भवानी लागि पशु बली दिने क्रममा यिनै नायर, नायः र सिंह जातिले जंगली अर्ना महिषलाई खड्गले प्राहर गरी बली पूजामा प्रमुख भूमिका निभाएको हुनाले राजा खुसी भई उसलाई खड्गी उपाधिले सम्मान गरे पश्चात खड्गी जातिको उत्पत्ती भएको हो । त्यस्तै नेपाल सम्बत् ७७५ तिरको शिलालेखका अनुसार राजा प्रताप मल्लकी रानी राजमतिको कोखबाट छोराहरु सुन्दर नारायण शाही, सुरत शाही, र छोरी श्रीमती शाही नेवार भाषा बोल्ने शाही थर भएको उल्लेख गरिएको छ । भक्तपुरका राजाकी छोरीसँग जयस्थिती मल्लले वैवाहिक सम्बन्ध राखेर राजा भएका थिए । यस कुराको भक्तपुर राज्यमा नजिकका हकदार जयदेवको नेतृत्वमा नायः खड्गीले विरोध गरेकोले राजाले प्रतिरोध स्वरुप जातीय विभेद गरी तल्लो जातमा राखे (खड्गी, २०५९: ३१) ।

माथिका चारैजना विद्धानको भनाईबाट के निचोड निकाल्न सकिन्छ भने सिम्रौनगढका नायरवशी राजा हरिसिंहदेव बंगालका सुल्तानसँग पराजित भएपछि जंगलको बाटो हुँदै भाग्ने क्रममा बाटोमा उनैको छोराले इष्टदेवी तलेजु भवानीलाई पशुवली दिने क्रममा अर्नालाई खड्गले मार हानेकोले खड्ग उपाधिबाट खड्गी भएको हुन सक्छ । यसरी पशुवली दिनथालेपछि मन्दिरमा पूजारीको रुपमा काम गर्न थाले । कोही कोही खड्गीहरुले देवीदेवतालाई वली चढाउने गर्दागर्दै वली चढाएको मासु बेच्ने क्रममा मासु व्यवसाय सुरुगरे । उता राजपरिवार जंगलको बाटो प्रस्थान गरेर भक्तपुरमा शरण लिन पुगे । भक्तपुरमा जयस्थिती मल्ल रोलक्रमबाट राजा नभई राजाको छोरीसँग वैवाहिक सम्बन्ध राखेकोले राजा भएका थिए । जयदेवको नेतृत्वमा खड्गीहरुले यसको विरोध गरेको उनहरुलाई राजाले प्रतिशोध स्वरुप समाज सुधार गर्ने नाममा जातिच्यूत गरी शुद्र जातिमा राखे । उनीहरुलाई बाहुला भएको लुगा लगाउन नपाउने, टोलको पुछार र खोलाको छेउमा बस्नु पर्ने नियम बनाए । कसाईहरु ६४ जाति नेवार भित्रकै एक जात हुन, जसलाई खड्गी (कसाई) भनिन्छ । उनीहरुको जातीय पहिचान खड्ग हो । जसलाई नायः, खड्गी, सिंह, र शाही जातिहरु रहेका छन् । मासु व्यवसाय गरेकोले कसाई भनिएको हुन सक्छ ।

सन १९५०/५१ तिर भक्तपुरका नेवारहरु पोखरा आएर यो पुरानो बस्ती बसालेको इतिहासविद डा. दिलबहादुर क्षेत्रीले जानकारी दिएका छन् । शाहवंशका अग्रणी राजा कुलमण्डल शाह तन्कालीन कास्की राज्यको राजा भएपछि पोखराको बाटुले चौरमा 'वीन्टर प्यालेस' स्थापना भएदेखि नै पोखरामा बस्ती बसाल्न थाले पनि भक्तपुर र काठमाण्डौंबाट नेवारहरु केही पछि मात्रै आएको उनले बताएका छन् (अन्नपूर्ण पोष्ट, २०६१, फागुन ११) । पोखराको आरम्भिक बस्ती २६ घर परिवार भएको हरि श्रेष्ठले बताउनु भयो । नेवारी विशेषतायुक्त बजार बस्तीको संरचना, घर निर्माणको नेवारी शैली र कलात्मक टुँडालहरुले बस्तीलाई सोभायमान देखिन्छ । स्थानीय टेकलाल के.सी.का अनुसार यी घरहरुका लागि काठ र ढुङ्गा पोखरा वरपरबाट नै इँटा पनि स्थानिय स्तरमा नै उत्पादन गरिएका हुन । यो बस्ती सवासय वर्ष पुरानो बस्ती हो । यी घरहरु बनाउने बाबु बाजेका नातीहरु समेत बुढा भइसकेका छन् । १९९० को भुकम्पले केही घरहरु चर्किएका छन् ।

पोखरा उपमहानगरपालिकाको रामकृष्ण टोलदेखि मोहरिया टोलसम्म नेवारी शैलीमा निर्मित झण्डै १२० वर्ष पुराना पुरातात्विक महत्वका घरहरुले बनेका बस्तीलाई नै पुरानो पोखरा भनेर चिनिन्छ । भैरवटोल, गणेश टोल, बगालेटोल, नालामुख, तेर्सापट्टी, रानीपौवा, भिमसेन टोलमा पनि विशेष रुपमा नेवारी संस्कृति झल्कने पुराना घरहरु रहेका छन् ।

घरहरु एक तलेदेखि तीन तलेसम्म रहेका छन् । काठ र इँटाले बनाइएका र ढुङ्गाले छाइएका छन् । पछि आएर केही घर जस्ताले पनि छाइएका छन । कतिपय घरहरु रातो माटोले लिपेर चिटिक्क पारिएका छन् । घरका झ्याल-ढोकाहरुमा काष्ठकलाको अनुपम नमुना देख्न पाइन्छ । धेरै जसो घरको प्रवेशद्धारमा गणेशको फोटो राखिएको हुन्छ । घरहरु होचा, झ्याल पनि साना र कतै कतै आँखी झ्यालहरु पनि देख्न पाइन्छ । नेवारहरु देवी देवताको पुजा गरिरहने हुनाले घरका भुँइ पनि लिपपोत गरिएको हुन्छ । वर्तमान अवस्थामा ती पुराना घरहर कमै मात्र देख्न पाइन्छ । अहिले आएर यहाँ नयाँ बनाइएका घरहरु सबै ढलान घर बनाइएका छन् ।

## ३.३. पोखराका कसाई जातिको संगठन

करीब वि.स. २०३६/०३७ साल देखि नेपाल खड्गी (साई) सेवा समिति पोखराको नाममा एउटा संगठन स्थापना भएको पाइन्छ (कर्मकाण्ड पुस्तिका, २०६२) । समितिको स्थापना भएपछि समिति खड्गी (साई) जातिको हकहित तथा अन्याय अत्याचार, दमन, थिचोमिचो विरुद्धमा लड्न पेशामा आधुनिकीकरण ल्याउन, पछ्यौटेपन हटाउन, जनचेतना जगाउन र समुदायको भलाईको लागि लागिपरिरहेको छ । यसरी संगठित हुने क्रममा स्थापना कालमा समितिले विभिन्न राम्रा काम गर्दै आएको पाइन्छ । जस्तै मृत्यु हुँदा अनिवार्य शवयात्रामा सहभागी हुनुपर्ने, मृतकका परिवारलाई आर्थिक सहयोग गर्नु पर्ने, मृतःआत्माको चीर शान्तिको लागि घाटमा नै एक मिनेट मौनधारण गर्ने र मृतकको दशौं दिनको पुण्य तिथिमा स्थानिय पत्रपत्रिका मार्फत समवेदना प्रकाशित गर्ने ।

संगठित हुने क्रममा २०५६ भदौ २१ गते तत्कालीन अध्यक्ष दुर्गाबहादुर शाहीको घर ( मोहरीयाटोल)मा कार्यालय उद्घाटन संस्थापक अध्यक्ष यज्ञबहादुर शाहीबाट गरी समितिलाई जोडतोडका साथ अघि बढाउने प्रतिवद्धता जाहेर गऱ्यो । २०५६ फाल्गुण २३ मा बसेको नेपाल खड्गी (साई) सेवा समिति कास्की र त्यस अन्तर्गत संगठित इकाइहरुको संयुक्त बैठकले २०५७ बैशाख १० मा समितिको पाचौं अधिवेशन सम्पन्न गर्ने निर्णय गऱ्यो । यसरी संगठित हुँदै अघि बढ्ने क्रममा विभिन्न टोलमा महिला समिति पनि गठन भयो । यसै क्रममा पोखराको सिमपानीमा १ रोपनी जग्गा किनी भवन निर्माण गरियो । हाल नेपाल खड्गी(साई) सेवा समिति कास्कीको कार्यालय यसै भवनमा छ ।

सुन्दर नगरी पोखरामा बसोबास गर्ने खड्गी (साई) समुदाय विशेष गरी हिन्दू धर्माबलम्बी भएकाले उनीहरुको आफ्नो संस्कृति, रितिरिवाज, चाडपर्व, संस्कारहरु छन् । हुनत पोखरेली खड्गी (कसाई)हरु एउटै समुदाय र धर्माबलम्बी भएतापनि पोखराका विभिन्न टोलका मानिसहरु जन्मादा, ब्रतबन्ध गर्दा, विवाह, गुफा आदि कार्यमा गरिने संस्कारहरु फरकफरक हुने गरेको पाइयो ( कर्मकाण्ड पुस्तिका, २०६२) । यसै कुरालाई ध्यानमा राखी जन्म देखि मृत्यु संस्कार, सामाजिक एंव सांस्कृतिक परम्परा रितिरिवाज चाडपर्वमा गरिने कार्य विधि र संस्कारहरु पोखराभरी एउटै होस् भनी नेपाल खड्गी कसाई सेवा समिति कास्कीको सक्रियतामा एउटा उपसमिति गठन गरी उक्त समितिले विभिन्न टोलबाट सुझाबहरु संकलन गरी 'कर्मकाण्ड' पुस्तक प्रकाशन गरेको पाइन्छ ।

## ३.४. नेवारी जातीय संगठन भित्र कसाई जातिको स्थितिः

राजा जयस्थिति मल्लले प्राचीन हिन्दू विधि अनुसार सामाजिक सुव्यवस्था कायम गर्न भारतबाट ५ जना लब्धप्रतिष्ठित विद्वानहरु ल्याई उनीहरुको सल्लाह अनुसार समाजलाई विभिन्न जातजातिहरुमा विभाजन गर्ने क्रममा नेवारलाई ६४ जातिमा विभाजन गरे । विभिन्न जातिको खानपान, रहनसहन, कपडा गरगहना लगाउने, जन्ममृत्यु संस्कार सम्बन्धी नियमहरु बनाए । कसाईहरुले सामाजिक कानूनको उल्लङ्घन गरेमा रु. १२ तिर्नुपर्ने व्यवस्था बनाए (क्षेत्री/रायमाझी, २०६०) । नेवारहरुको जातीय संरचना (स्तरीकरण) अनुसार कसाई जातिलाई शुद्र अर्थात तल्लो जातको नेवारमा राखिएको कुरालाई उल्लेख गर्दै गोपालसिंह नेपाली लेख्छन्, 'नेवारहरुमा दुईवटा अशुद्ध जाति छन्, जसलाई छोइ छिटो हाल्नु पर्दैन । तिनीहरुमा डुँइया, वलामी, संगत, भा, कसाई, र कुश्ले हुन्' (नेपाली, १९६५: १७२-१७३) । कसाईहरु अशुद्ध जातको पहिलो स्थानमा पर्दथे । जसलाई छोइछिटो हाल्नु पर्दैन तर उनीहरुको हातको पानी नचल्ने कुरा उल्लेख गरिएको छ ।

जयस्थिति मल्लले जात विभाजन गरेर कसाईहरुले बाउला भएको दौरा लगाउन र झिंगटीले छाएको घर बनाउन नपाउने नियम बनाए ।' (क्षेत्री/रायमाझी, २०६०) । डोर बहादुर बिष्टले कसाईहरुको परम्परागत पेशालाई बर्णन गर्दै भन्छन्, ".कुश्लले वा जोशीले बाजा बजाउने र सिउने काम, खड्गी वा कसाईले मासु काट्ने र बेच्ने काम,.......गरी आएका छन् ।" ( विष्ट/२०५२) । कसाईहरुले पहिले भैंसी पालेर दुध बेच्ने गरेको उल्लेख छ । गोपालसिंह नेपालीले उल्लेख गरेको नेवारहरुको जातीय स्तरीकरण निम्न छ ।

**चित्र न. ५: नेवारी जातीय संगठन भित्र कसाई जातिको स्थिति**

| | | |
|---|---|---|
| | **हिन्दु नेवारहरु** | **बौद्ध नेवारहरु** |
| १. पुरोहित वर्ग - | देउभाजु | गुभाजु अथवा बज्राचार्य |
| | | वाँडा वा वरे |
| २. उच्च वर्ग - | छ थरी श्रेष्ठ | |
| | पाँच थरी श्रेष्ठ | उदास |
| ३. उच्च मध्यम वर्ग | - पहरी, ज्यापू | हेल (अथवा ग्वाल) |
| ४. तल्लो जाति | - गथु - नाउ - खुस - चित्रकार - छिपा - मानन्धर -को | |
| | वा वा वा वा | |
| | माली पुन रन्जितकार (सलामी) | |
| ५. अशुद्ध जाति - | डुईया - वलामी, - सँग अथवा संगत | |
| | भा | |
| | **कसाई** | |
| | कुश्ले (वा जोगी) | |
| ६. छुन नहुने जति अछुत वर्ग | - पोडे - कुलु | |
| | च्यामे | |
| | हारा - हुरु | |

(श्रोतः **द नेवार्स**, गोपाल सिह नेपाली, १९६५: १५१)

नेवारी जातीय स्तरीकरणको संरचनामा खड्गी कसाईलाई खोज्दा गोपाल सिंह नेपाली ( १९६५) का अनुसार कसाई जाति पाँचौ स्थान अशुद्ध जात (Unclean caste) मा राखिएको पाइन्छ । कसाई भन्दा माथिल्लो स्थानमा 'भा' जाति र कसाई भन्दा तल कुश्ले जातीलाई राखिएको पाइन्छ कुश्ले जातिलाई जोगी तथा 'दर्शनधारी' पनि भनिन्छ । यिनीहरुले चाडपर्वमा देवी देवताको मन्दिरबाट दान लिने गर्दछन् । कसाईहरु आफूलाई अछुत जाति भन्न रुचाउँदैनन् किनभने देवीदेवताको मन्दिरमा बली दिने र पूजा गर्ने कार्य खड्गीले नै गर्छन । अहिले पनि पशुपतिक्षेत्रको

उन्मत्त भैरव मन्दिरमा महापञ्चबली दिन पूजागर्ने खड्गी (कसाई)ले नै गर्दै आएका छन् । यदि उनीहरु अछुत भए मन्दिरमा प्रवेश कसरी गर्दथे जबकि २०२० सालको मुलुकी ऐन लागू हुनु अघि दमाई, कामी, सार्की आदि जातलाई अछुत भनेर मन्दिर प्रवेश गर्न दिइन्थेन । पृथ्वीनारायण शाहले किर्तिपूर आक्रमण गर्दा उनी असफल भए पछि उनलाई दुई जना (एक जना डुइँया र एक जना खड्गी जातिको) व्यक्तिले सुरक्षित तरिकाले नुवाकोट पुऱ्याएकोले राजा खुसी भई डुइँयालाई माथिल्लो जातमा बढुवा गरिदिए भने खड्गीलाई आफ्नो नजिकको सहयोगी बनाए ( शाही, २०५९) । अरबी मुलुक र भारतमा त्यति बेला मासु काटेर बेच्नेलाई कसाई भनिन्थ्यो । राणा कालमा अरबी, उर्दु, हिन्दी, शब्दको प्रभाव नेपालमा परेकोले त्यहीबाट मासु काटेर बेच्ने हुनाले उनीहरुलाई पनि कसाई भनिएको हुन सक्छ ।

## ३.५. आदिकालमा कसाई जातिको समाजिक अवस्थाः

आदिकाल देखि नै यी जातिहरुले विभिन्न सामाजिक कार्य गर्दै आएका छन् । 'नाय्खिँ' 'चोय्केगु' (राज्यको समाचार जनता सम्म पुऱ्याउने) यिनीहरुको मुख्य बाजा 'नायखिः' हो । संञ्चारको सुविधा नहुँदा यो बाजा प्रचारप्रसारको माध्यम र खड्गी जातिको जातीय पहिचानको रुपमा रहेको थियो । टोलमा मानिसको मृत्यु हुँदा मृत्यु संस्कारमा बजाइने बाजा कसाई जातिले नै बजाउथे । नेवारहरुको सांस्कृतिक कृयाकलाप, चाडपर्व र राजकीय कृयाकलापमा पनि उनीहरुले नै बजाउने गर्दथे । टोलमा कसैको बच्चा जन्मेमा बच्चाको नाल काटेर बच्चालाई पानी पिलाई चोख्याँउने गर्दथे । राणा कालमा पनि दरबारमा शोभायात्रा हुँदा बत्तीसकोटी साहुमहाजनमा यो जाति पनि हुन भन्ने भनाइ छ । प्राचीन समयमा अजीमा (विफर रोगको देवी)को पूजा गर्न आवश्यक सामाग्री पूर्ति गर्ने काम यिनै कसाई जातिले गर्दथे । नेपालको प्रसिद्ध देवी तलेजु भवानीको पूजा गर्ने र बलि दिने सबै काम खड्गी (साई)ले गर्दथे । प्राचिन समयमा भैंसी पालेर दुध बिक्री गर्दथे । त्यस समयमा खड्गी (साई) जातिको हातबाट पानी चल्दैनथ्यो तर पानीमा दुध हाले पछि चलाइन्थ्यो । पशुपतिनाथ हाताको उन्मत्त भैरब मन्दिरमा खड्गी (साई) जातिको मानिस नै पुजारी रहेका छन् । राजा नान्य देवको सेनामा खड्गी (साई)हरुको मुख्य भूमिका थियो ( खड्गी,२०५९) ।

## ३.६. कसाई जातिको नातेदारी

यिनीहरुको नाता सम्बन्धका शब्दहरु उनीहरुकै भाषामा रहेको पाइन्छ । कसाई समुदायमा नातेदारी व्यवस्थाको महत्व ज्यादै छ । यस जातिको हरेक चाडपर्व, शुभ कार्य सबैमा नातेदारी महत्व हुन्छ । नेवार समुदायमा पर्ने यो कसाई जातिको कुनै पनि चाडपर्व भोजभतेर भयो भने नातेदारहरु बोलाएर भोज खुवाउनै पर्ने हुन्छ । यो यिनीहरुको परम्परा देखि नै चलिआएको चलन हो । छोरीवेटीलाई त्यस्तै फूपू, मामा, दाजुभाइ जम्मा भएर चाडपर्व पूजाहरुमा भोज खुवाउँछन् । विभिन्न जात्रा चाडपर्वमा विभिन्न संस्कारहरुमा नातेदारी मिलेर गरिन्छ । मृत्यु संस्कार सम्पन्न गर्दा पनि नातेदारीको सबैभन्दा वढी आवश्यक पर्दछ । त्यस समयमा सबै सामान जुटाउने, खाना खुवाउने देखि लिएर अन्य महत्वपूर्ण कार्य समेत नातेदारबाट नै सम्पन्न गरिन्छ । जन्मदेखि लिएर मृत्यु सम्मका संस्कारमा छोरी, फूपू, मामाले आएर सम्पन्न गराउँछन् ।

कसाई जातिमा नातेदारी सम्बन्धमा परेका मानिसहरु सामान्य मान मर्यादा देख्न सकिन्छ । यिनीहरु नेवारी भाषा बोल्छन् र प्राय बोलिचालीमा पनि तिमी नै प्रयोग गर्दछन् । आफू भन्दा मान राख्नु पर्ने व्यक्तिलाई मात्र सम्बोधन गरी बोलाईन्छ । कसाई नातेदारी सम्बन्धी केही शब्दावली तल दिइएको छ ।

तालिका न.६: कसाई जातिको नातेदारी पहिले र अहिले

| पहिले/अहिले | बा | आमा | काका | काकी | भाइ | बहिनी | छोरा |
|---|---|---|---|---|---|---|---|
| पहिले | बुबा | माङ | कका | काकी | किजा | क्यहै | काय |
| अहिले | बुबा | आमा | काका | काकी | भाइ | बहिनी | नाम |
| पहिले/अहिले | छोरी | नाती | नातिनी | फूपू | फूपाजु | बुहारी | सासु |
| पहिले | ध्याय | छ्य | छुई | निनी | पाजु | भौ | सासमाङ |
| अहिले | नाम | नाम | नाम | निनी | पाजु | नाम | आमा |

श्रोतः- स्थलगत सवेक्षण - २०६२

## ३.७ कसाई जातिको घरबासः

विभिन्न जातका मानिसहरु एक एक बहाल वा टोलमा बसोबास गर्ने परम्परा नेवारी घरबस्तीको एक विशेषता मान्न सकिन्छ । पोखरा क्षेत्रका कसाई जाति शहरी क्षेत्रमा नै केन्द्रित भएर बसोबास गरेको पाइन्छ । काठमाडौंमा पुरानो नेवारी परम्परा अनुसार घर बस्ती बसाउँदै लैजादा कसाई जातिहरु बस्तीको पुछारमा बस्न पुगेको पाइन्छ । तर पोखरामा यस्तो बस्ती विभाजन हाल आएर पाउन सकिंदैन । गरीबहरुको घर प्रायजसो सानो सानो किसिमको पाको इँटामा माटोको जोडाई भएको र टिनको छाना छाएको घरहरु पाइन्छ । तर धनीहरु भने ठूलाठूला पक्की घरहरु ४ देखि ७ तल्ले घरहरु बनाएर बसोबास गरेका छन् । यो जाति अति निम्न स्तर देखि उच्च स्तरसम्मका यस क्षेत्रमा बसोबास गर्ने भएकोले भुइतले कच्ची घरदेखि ठूलाठूला पक्की घरहरु समेत भेटियो । भुइतले स-साना घरहरुमा जम्मा २ वा बढी ३ कोठामा यिनीहरु बस्दछन् । जहाँ सुत्ने सबै एउटै कोठामा र भान्छा चाहिँ अलि अलग्गै बनाएका हुन्छन् । तर ठूला ठुला घरमा भने सबै भिन्दै कोठा र भान्छा पाइयो ।

त्यस क्षेत्रको बस्तीमा चर्पीको सुविधा सबै घरमा भएको पाइयो । तर पनि बच्चा बच्चीहरुले घर बाहिर दिसा पिसाव गरेको देखिन्छ । यस क्षेत्रमा बासिन्दाहरुको घर प्राय लहरै एकै ठाउँमा जोडेर बनाएको पाइन्छ । नेवारहरुको घरमा हरेक तल्लालाई बेग्लै नाम दिने चलनलाई पनि एक विशेषता मान्न सकिन्छ । भुई तलालाई छिडी (छ+दि), एक तलादेखि माटन (मा+तं), दुई तलालाई च्वाट (च्वा+तं) तथा माथिल्लो तलालाई बुइगल (वजी+गल) भनिन्छ । यिनै तलाहरुको उपयोग विशेष कामको निम्ति गरेको पाइन्छ (रिजाल, २०५८) ।

प्रायजसो कसाई जाति आफ्नो घर माटोको छ भने माटोले लिप्ने र सिमेन्टको छ भने पानीले पुछ्ने गर्दछन् । यहाँका प्रायजसो कसाईहरुको आर्थिक अवस्था मध्यम खालको भएकाले यिनीहरुको घर १ देखि २ तले पाइन्छ । यस्ता घरको बाहिर राँगाको छाला यत्तिकै राख्ने गरेकाले त्यस ठाउँमा फोहर देखिन्छ । पानी परेको समयमा यो ठाउँ फोहर र गन्हाउने भेटिन्छ । घरका भित्तामा मासुका सुकुटी सुकाएर राख्ने गरेको भेटिन्छ । जस्तोसुकै आर्थिक स्थिति भएका कसाईहरुको घरमा पनि टेलिभिजन देखिन्छ । टेलिफोनको सुविधा भने कुनै कुनै घरमा पाइँदैन । यस क्षेत्रमा कुनै कुनै घरमा बाहेक सबैजसो घरमा पानीको सुविधा रहेको पाइयो ।

## ३.८. कसाई जातिको खानपानः

कसाई जातिहरुको खाद्यवस्तुहरुमा धान, चामल, गहुँ, माछा, खसी, हाँस, कुखुरा र राँगाको मासु, फलफूल मुख्य मानिन्छ । यी जातिमात्र नभएर पोखराका नेवारहरुको खानपानमा निकै परिकारहरु बनाएर खाने गरेको देखिन्छ । कसाईहरु दिनमा ३ पटक मुख्य रुपमा खाना खानछन् । जसमा बिहान बेलुका साधारण दालभात तरकारी, अचार र मासु पनि अधिक मात्रामा खान्छन । दिउँसो चाहिँ चिउरा यिनीहरुले मुख्य खाजाको रुपमा लिन्छन । चिउरासँग मासु अनेक गेडागुडीका तरकारी बनाएर खान्छन । नेवार जातिले धेरै चाडपर्व र जात्राहरु मनाउने हुनाले पर्वहरुमा भोज खाने र खुवाउने गर्नुपर्दछ । त्यसैले प्राय मासु गेडागुडीको तरकारी विशेष रुपमा हुनुपर्छ । पेयहरुमा चिया, दही, दुध, जाँड, रक्सी प्रचलित छन् । आजकलको आधुनिकीकरणमा परेर दैनिक प्रयोगमा अरु खाना ल्याए तापनि सांस्कृतिक कृयाकलापमा पारम्परिक खानपीनको झलक भने प्रसस्त मात्रामा यी जातिमा देखा पर्दछ । मासु खसी, राँगा, बंगुर, कुखुराको खाने गर्दछन् । त्यस्तै गरी पेय पदार्थहरुमा रक्सी, जाँडलाई विशेष चार्डपर्वहरुमा सगुनको रुपमा प्रयोग गर्दछन् । त्यसैले सानादेखि ठुलासम्मले यसको प्रयोग गर्छन ।

## ३.९. कसाई जातिको भेषभुषाः

जयस्थिती मल्लको सुधार पछि जातीयतामा फरकपन देखिन थाल्यो । त्यसपछि नै जाति अनुसार पोशाक र गरगहनाको नियम बन्यो । 'जयस्थिती मल्लले कसाई जातिले बाहुला भएको लुगा लगाउन नपाउने, सुनको गहना लगाउन नपाउने नियम बनाए '(क्षेत्री/रायमाझीः २०६०) । यस नियमबाट के प्रस्ट हुन्छ भने तल्लो वर्गको जातले बाहुला भएको लुगा लगाउन नपाउने भन्ने उल्लेख भएको छ । तर आज आएर यस्तो किसिमको आभास यस जातिमा देखिंदैन । उच्च वर्ग र समयमा चलेको पोशाक र गहना लगाएको प्रभाव हामी पाउँछौ ।

पहिरनमा कुनै पनि व्यक्तिको स्तर पहिचान गराउन त्यसको भेषभूषाले नै बताउँछ । कसाई जातिहरुको भेषभूषा बढो आकर्षक र सभ्यतापूर्ण छ । उनीहरुको प्राचीन काल देखिनै चल्दै आएको परम्परागत जातीय पहिरन राजकिय र धार्मिक मिश्रित पहिरन जस्तो देखिन्छ । उनीहरु जामाभित्र कसिलो सुरुवाल, भोटो र शिरमा फेटा बाँध्छन् । यो पहिरन या त देवी देवताको मन्दिरका

पूजारीहरु या त राजकीय कुल घरानमा पुरुषहरुले मात्रै लगाउने चलन पहिले देखि नै चल्दै आइरहेको पाइन्छ (शाही, २०५९) ।

पहिरनमा बढी आईमाईहरु धोती र अहिलेका युवाहरु भने चलिआएको पहिरन लगाउँछन् । तर कोही, कोही आईमाईहरु विशेष पूजाहरुमा एक किसिमको धोती लगाउँछन् जसलाई 'हाकू पटासी' भनिन्छ । त्यस धोती किनारा रातो र अरु सबै कालो हुन्छ । यो धोती उनीहरु कम्मरमा बाँधेर अगाडि मसिनो मुजा पारेर लगाउँछन र कम्मरमा पटुका बाँध्छन् र माथि चोलो लगाउँछन् । आज भोलिका पुस्ताका केटाकेटीहरु सर्ट पाइन्ट, ज्याकेट, जुत्ता मोजा लगाउँछन् । जाडोमा सुइटर, खास्टोले आफ्नो शरीर ढाक्ने गर्दछन् । कोही केटाहरु ढाकाको टोपी र भादगाउँले कालो टोपी लगाउँछन् ।

## ३.१०. कसाईहरुको गरगहनाः

यस क्षेत्रमा बसोबास गर्ने कसाइहरु धनी वर्गकाले गहना लगाएको देखिन्छ भने गरीबहरुले गहाना लगाएको देखिंदैन । पोते पनि आजकलका विवाह गरेका महिलाहरुले कसैले लगाउँछन् भने कसैले लगाउँदैनन् । काँचको चुरा लगाउने र नलगाउने दुवै देखिन्छन् । युवाहरुको हातमा प्राय घडी लगाएको देखिन्छ । गहनाहरु प्रायजसो धनी वर्गले बढी मात्रामा लगाउँछन् भने आर्थिक स्थिति कमजोर हुनेहरुलाई खान लाउन नै गाह्रो हुन्छ र गहना लगाउने उनीहरुको सोचाई हुँदैन, भए पनि कानमा सामान्य रिङ्ग वा टपमात्र हुन्छ । अहिलेका युवा-युवतीहरुमा फेशनको बढी प्रभाव परेको हुनाले यी जातिहरुमा अनेक नक्कली गहनाहरु लगाएको पनि देखिन्छ । केटाहरु पनि कानमा मुन्द्रा लगाउने गर्दछन् ।

## ३.११. कसाई जातिको भाँडावर्तनः

यस जातिका मानिसहरु पहिले माटाका भाँडाहरु प्रयोग गर्दथे तर अहिले आधुनिकीकरणले गर्दा धनी वर्गको घरमा अहिले चलनचल्तिको भाँडाहरु छन् । तामाका भाँडाहरु पनि प्रयोग गर्दछन् । प्राय जसो धनी होस् या गरीब वर्गका घरमा प्रेशरकुकर भने धेरै भेटियो । त्यस्तै गरी डेक्ची, कराई, स्टिलको थाल, प्लेटहरु, कचौरा प्रयोगमा ल्याएको भेटियो । प्लाष्टिक वाल्टिन वाटाहरु पनि धेरै मात्रामा प्रयोग गरेको भेटियो । पानी राख्नको लागि गाग्री माटाको, पित्तलको, शिलवरको प्रयोग

गर्दछन् भने पानी खानको लागि स्टिलको र काँचको गिलास, पनि प्रयोग गर्दछन् भने अंखोरा, करुवा पनि चलन चल्तीमा छ ।

## ३.१२. कसाई जातिको धार्मिक अवस्थाः

हरेक जातिमा आफ्नै जातीय परम्परा अनुसार आफ्नै ढाँचाको संस्कार हुन्छ । धर्मलाई कुनै विशेष जाति समूहमा भएको विस्वास भन्ने गरिन्छ । किनभने धर्म भनेको नै एउटा अमूर्त विश्वास हो । यो जन मानसमा भएको विश्वास मात्र हो । यही विश्वासले आज यस संसारमा धर्म बढेको छ । कुनै पनि धर्ममा हामी विश्वासमा आधारित भएको पाउँछौं । यस्तो किसिमको विश्वासले गर्दा उनीहको समृद्धि र प्रगतीमा धक्का लाग्दछ । कुनै समुदाय धर्मकै कारण पर्दाभित्र नै जीवन बिताउन बाध्य हुनुपर्छ ।

वास्तवमा हाल कसाई जातिको धर्म बारेमा वितर्कहरु छन् । कसैले यिनीहरु परापूर्वकाल देखि नै बौद्ध हुन भन्छन् भने कसैले हिन्दू भन्दछन । त्यसैले कसाई जातिको धर्म यो हो भन्नुभन्दा पनि कुन समय देखि यिनीहरुले कुन धर्म अपनाइको इतिहास जान्नु बढी सान्दर्भिक होला । वास्तवमा भन्ने हो भने काठमाडौं उपत्यकामा नेवार जातिको प्रवेश हुने वित्तिकै नै हिन्दू वा बौद्ध दुबै धर्मालम्बी भएको जानकारी वोधिशत्व बुंगद्यो रातो मच्छिन्द्रनाथ कुल देवता भएको हुँदा हामी बज्रयानी बौद्ध हौं भन्ने धारणा व्यक्त गरेका छन्  (रिजाल, २०५८) ।

गोरखा दरवारबाट काठमाडौं ल्याइने फुलपातीको पूजाको दिनमा पनि यी जातिहरुले फूलपातीको चिराग बाल्ने र अघि लागेर हिंड्ने चलन छ । त्यस्तै हिन्दूहरुको महान तिर्थ स्थलको रुपमा परिचित गुह्येश्वरी तथा पशुपति मन्दिरको परिसर भित्र कीर्तिमूखी भैरवको पूजारी पनि यिनीहरु नै रहेका छन् । हनुमान ढोका दरवारमा यिनीहरुको 'भिनिम्ह नाथ' बाह्र जना मूल दशैंमा काल रात्रीमा गोप्य पूजा यी कसाई जातिका (मुल नाइके) बाट नै गर्नुपर्ने परम्परा छ । यी सबै तथ्यहरुबाट यी जाति हिन्दू हुन भन्ने प्रमाण पाइन्छ ।

त्यस्तै पंचली भैरवकी पत्नीलाई चलनचल्तीमा 'नै' आजिमा भनेर सम्बोधन गरिन्छ । पंचली भैरवको पुत्रको रुपमा मानिने गणेशको जात्रा कसाई जातिबाट नै गरिन्छ । पचली भैरव हिन्दुहरुकै देवता मानिन्छन् । यो जातिले विभिन्न देवल, मन्दिरहरुमा सुनको छाना, सुनको झ्याल,

सुनको मूर्तिहरु चढाएको प्रमाणबाट र विभिन्न धार्मिक तथा सार्वजनिक स्थलहरुमा पाटी पौवा गरेको प्रमाणबाट नै यिनीहरु हिन्दू तथा बौद्ध धर्मको प्रभाव परेको देखिन्छ । स्वयम्भूको महाचैत्यको गुँला मेलामा बज्ने गुँला बाजाको तालमा भनौ वा देव पूजा र जात्रामा देखि मृत्यु संस्कारमा सि खिः र देशवासीलाई सूचना प्रवाह गर्दा नायखि चोयकेगु बाजा बजाउने यो जातिको मुख्य धर्म मानिन्छ । साथै यी जातिहरुको मुख्य धर्मको रुपमा बलि पूजालाई लिइन्छ । जस्तै :- पशुपति मन्दिर भित्रको दक्षिण तर्फको उन्मत्त भैरव शिवमूर्तिमा पञ्चवली पूजा गर्ने यिनै कसाई जाति हुन । यो उन्मत्त भैरवको अति महत्वपूर्ण बलिपूजा मानिन्छ । यसरी कसाई जातिहरुमा मुख्य रुपमा भन्नुपर्दा हिन्दू धर्मावलम्बी थिए र छन् । बौद्ध धर्मको पनि प्रभाव परेको पाइन्छ ।

## ३.१३. कसाई जातिको देवी देवताः

ब्रायन हडसनको भनाईमा नेवारी भाषामा अघि अघि देवताहरुलाई अपजीजु द्यो -अपजी जिज्यू (बाजे) भनिन्थ्यो । यसैको आधारमा पितृ पूजाबाट उनीहरुका देवताहरु निस्चित भएका हुन सक्छन् भन्ने निष्कर्ष उनले निकालेका थिए । आज पनि कैयौं देवतालाई अजाज्यू भनेको पाइन्छ भन्ने गोपाल सिंह नेपालीको मत छ (उद्धित, रिजाल,२०५८) । तर परापूर्वकालमा नेवार देवीदेवताको उत्पत्ति जसरी भएको भए तापनि कतिपय अपवादलाई छाडेर कसाई जाति आज धेरै जसो हिन्दू र बौद्धबाट नै प्रभावित भएको पाइन्छ । नेवारी बौद्धहरु एक सर्वव्यापी, सर्वशक्तिमान ईश्वरलाई आदि बुद्धको नाउँमा कल्पना गर्दछन् । जसलाई स्वयम्भू पनि भनिन्छ । र एक अनन्त शीखाको रुपमा उनको पूजा अर्चना गरिन्छ । यी आदि बुद्धका विभिन्न वोधिसत्व नामक अवतार पनि भए र ती मध्ये चतुर्थ वोधिसत्व पद्मपाणी जसलाई (मत्स्येन्द्रनाथ) पनि भन्दछन् । यो चराचर जगतको सृजना गरेका हुन भन्ने बौद्धमार्गीहरुमा विश्वास छ । तर साथ-साथै कसाई बौद्धले पनि हिन्दू झैं ब्रह्म, विष्णु र शिवको अस्तित्व स्वीकार गर्छन्, औं इन्द्र गणेश भगवती, गरुड, लक्ष्मी, सरस्वती, आदिलाई पद्ममपाणी लोकेश्वरकै सृजना हुन् भन्ने अडकल गरेर तिनको पनि आरधना गर्दछन् । शिवमार्गी नेवारहरुको निम्ति महादेव नै सबै शक्तिमान देव हुन् । काठमाडौंको पशुपतिनाथलाई श्रेष्ठ तीर्थस्थल मान्दछन् । महादेवलाई 'नास : द्यो' वा नटराजको रुपमा र 'लुक्मा द्यो' (लुकेको शिव) को रुपमा पनि उनीहरुले पूजा गरेको देखिन्छ । तर कसाई जाति दैनिक जीवनमा गणेशको नै अति ठूलो महत्व भएको बताउँछन्  (रिजाल,२०५८)

❁❁

## अध्याय चारः

# पूर्व साहित्य समीक्षा

## ४.१ परिचय

वरिष्ठ मानवशास्त्री गोपालसिंह नेपालीले काठमाडौंका नेवार समुदायको अध्ययन गरेर सन १९६५ मा *द नेवार्स* नामक पुस्तक प्रकाशन गरेका छन् । उनले यस जातिको आर्थिक अवस्था, जन्म, मृत्यु संस्कार, जातीय संगठन, विवाह, परिवार, नातेदारी, चाडपर्व आदिको सबैको विस्तृत विश्लेषण गरेका छन् । नेवारहरुको जातीय स्तरीकरणको संरचना हिन्दूको जातीय स्तरीकरण संरचनाको नमूना समान रहेको छ । नेवारहरुको वर्ण व्यवस्थालाई पुरोहित, ब्राम्ह्ण, क्षेत्री, बैश्य, शुद्र र पानी नचल्ने छ भागमा वर्गीकरण गरिएको छ (नेपाली, १९६५) । यस स्तरीकरण अनुसार कसाई जातिलाई शुद्र अर्थात तल्लो स्तरको नेवारमा राखिएको उल्लेख गरेका छन् । नेवार समुदायमा विवाहका सम्बन्धमा विभिन्न मान्यता एंव सिद्धान्त रहेको पाइन्छ । "उपल्लो जातको केटाले तल्लो जातको केटीसँग विवाह गर्न पाउँछ तर पनि विवाहित केटी र उसबाट जन्मिएको सन्तानले बाबुको थर पाए पनि भान्सामा सहभागी हुन पाउँदैन । आफ्नो जातिभन्दा माथिल्लो गैर नेवार श्रीमती ल्याएमा केटी र उसबाट जन्मिएका सन्तानले सामाजिक हैसियत (श्रीमान्ले सरह) पाउँछन् " (नेपाली १९६५:२०७) । नेवार केटीहरुको विवाह जसको जीवनमा तीनपटक हुन्छ । पहिलो इहि (वेल) विवाह, दोस्रो ब्रम्हा (सूर्यसँग) विवाह र तेस्रो हो मानिससँग विवाह (ऐजन) ।

अर्का मानवशास्त्री डोर वहादुर विष्टले *'सबै जातको फूलवारी'* पुस्तकमा नेपालका धेरै जसो जातिहरुको बारेमा उल्लेख गरेका छन् । यस मध्य नेवार जातिलाई पनि फूलवारीको एक फूलको रुपमा उल्लेख गरेका छन् । नेवारहरुको विहेवारीको चलन पनि रमाइलो हुन्छ । बाहिर बस्ने नेवारमा मिलिजुली विहे गर्ने वा केटाकेटी भगाउने चलन भए पनि उपत्यका भित्र धेरै जसो केटा र केटी खोज्दा जात तलमाथि पर्नु हुदैन । उही जातभित्र तर भिन्नै भिन्नै खलकमा हुनुपर्छ । कहीं कहीं सात पुस्ता भित्रको मात्र लिन नहुने गरी बार्ने चलन छ (विष्ट,२०५२) ।

अर्का विद्धान मधुसदन सुवेदीले *'हिन्दू विवाहको इतिहास'* पुस्तकमा नेवारहरुको साथै विभिन्न जातिहरुको विवाह विधि पनि उल्लेख गरेका छन् । अर्चना रिजालले काठमाडौं

महानगरपालिका वार्ड नं २० का कसाईहरुको अध्ययन गरेर 'का.म.न.पा. वार्ड नं २० का कसाई जातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको एक समाजशास्त्रीय अध्ययन' शीर्षकमा शोधपत्र तयार गर्नु भएको छ । यसमा कसाई जातिको इतिहासदेखि संस्कृति, शिक्षा, सामाजिक स्थिति, नाता, विवाह आदिको छोटकरीमा उल्लेख गरिएको छ ।

रामचन्द्र बरालले पोखराका तागाधारी समुदायको अध्ययन गरेर '*विवाह विच्छेदका कारण र असरहरु*' भन्ने शीर्षकमा शोधपत्र तयार गरेका छन् । उक्त शोधमा बरालले हिन्दु विवाहको इतिहास, विवाहका परिवर्तित रुपहरु, विवाह विच्छेदको ऐतिहासिक पृष्ठभूमि, सांस्कृतिक र भौतिक अभ्यासका आधारमा विवाहका रुपहरु, विवाह विच्छेदका कारण र असरहरु आदिबारे विश्लेषण गरेका छन् ।

कसाई जातिको संगठित संस्था नेपाल खड्गी (साई) सेवा समिति काठमाडौंले २०५६ सालमा '*नेपाल खड्गी सेवा समितिको विधान*' प्रकाशन गरेको छ । त्यस्तै उक्त समितिले २०५९ सालमा '*नेपाल खड्गी सेवा समिति २९ औं वार्षिकोत्सव स्मारिका*' र २०६१ सालमा '*नेपाल खड्गी सेवा समिति ३१ औं वार्षिकोत्सव स्मारिका*' नामक पुस्तक प्रकाशन गरेका छन्, जुन पुस्तकहरुमा खड्गी (साई) जातिको विभिन्न इतिहास, सामाजिक कृयाकलाप, सांस्कृतिक, शैक्षिक स्थितीको बर्णन गरिएको छ ।

ती स्मारिकाहरुमा लेखिएको कसाई जातिको इतिहास, सामाजिक स्थिति, आदिमा बाझिएको जस्तो देखिन्छ । कसैले कसाई जातिलाई नेवार भित्र कै एक जात हो भनेका छन्, कतै राजकीय जाति हो भनिएको छ भने, त कतै नेवारहरु मात्रै नेपालमा ६४० जातिमा विभाजन भएको उल्लेख गरेका छन् । जसले गर्दा कसाईहरुको सामाजिक अवस्था तथा इतिहासको विश्लेषण गर्न र यकिन गर्न निकै कठिन देखिन्छ । नेपाल खड्गी(साई) सेवा समिति कास्की पोखराले २०६२ सालमा 'कर्मकाण्ड पुस्तिका' प्रकाशन गरेको छ । जसमा कसाईहरुको जन्मदेखि मृत्युसम्मका सस्कारहरुको विधि उल्लेख गरिएको छ ।

नेपालीको कृति 'द नेवार्स' मा नेवारी समाजको संस्कृति, परिवार, विवाह, आर्थिक संस्था आदिको बारेमा बर्णन गरे पनि नेवारभित्रको खड्गी (कसाई) जातिको विशेष अध्ययन छैन, सामान्य

रुपमा छोइएको मात्रै छ । त्यस्तै विष्टले 'सबै जातको फूलवारी' पुस्तकमा नेवारहरुको पनि बर्णन गरेका छन् तर उनको सो कृति स्थलगत अध्ययनबाट नभई व्यक्तिगत अनुभवबाट तयार पारेका हुन । जुन पुस्तकको पुरानो संस्करणमा नेवारहरुको परिचय दिने क्रममा कसाई जातिको पेशा मात्रै उल्लेख गरिएको थियो तर नयाँ संस्करणमा कसाई (खड्गी)को कुनै उल्लेख गरिएको पाइदैन ।

रिजालको एउटा वडाका कसाई जातिको मात्रै अध्ययन भएकोले सबै क्षेत्रका कसाईलाई समेट्न सकेको छैन । मानिसको जीवनमा १६ संस्कार गरिन्छ यसमा ती सबै संस्कारहरुको पूर्ण व्याख्या नगरी छोटकरीमा मात्रै गरिएको हुनाले संस्कार भित्रका विभिन्न विषयहरु छुटेका छन् । यसरी जति पनि व्यक्तिहरुले नेवारहरुको अध्ययन विश्लेषण गरेका छन् ती सबै कसाई जातिलाई केन्द्रित गरेर विश्लेषण गरेको पाइदैंन ।

## ४.२. सामाजिक संस्था र विवाहः

हरेका जातिमा आ-आफ्नै किसिमको सूक्ष्म सामाजिक संस्थाहरु (Micro social institutions) र बृहत सामाजिक संस्थाहरु (Macro social institutions) रहेका हुन्छन् । सामाजिक संस्था भन्नाले सामाजिक व्यवहारलाई एक निश्चित ढङ्गमा निर्दिष्ट गर्ने समाजद्धारा अपनाइएको एक व्यवस्थित कार्य प्रणाली हो जुन प्रणाली अनुसार व्यक्ति तथा समूहको व्यवहार अनिवार्य रुपमा निर्दिष्ट हुनु पर्दछ । वास्तवमा संस्था भनेको अरु केही नभएर काम गर्ने निश्चित तरिका हो । जसरी कुनै पनि विद्यालय, गाविस, क्लब, कार्यालय, सगठन संस्थाहरु एउटा निश्चित नियम अनुसार स्थापना भएर चल्ने गर्दछन्, त्यसैगरी विवाह पनि विभिन्न नियम, प्रचलन, मान्यता, समाज अनुसारको नियममा चलेको हुन्छ । यसैले विवाहलाई सामाजिक संस्थका रुपमा लिइएको पाइन्छ ।

यौन आवश्यकता प्रकृतिका सम्पूर्ण प्राणिहरुको नैसर्गिक अधिकार एंव प्राकृतिक आवश्यकता हो अथवा जैविक आवश्यकता हो । विना यौन सम्बन्ध सृष्टिको निरन्तरता सम्भव छैन । मानव प्रकृतिको एक अभिन्न सृजना हो तापनि यसको सृष्टि कायम गर्न यौन सम्बन्धको जरुरत पर्दछ । यसरी मानिसहरुको अन्य आवश्यकताहरु जस्तै यौनको जरुरत पनि एक आधाभूत एंव अनिवार्य जैविक आवश्यकता हो । अतः छाडा यौन सम्बन्धलाई निषेध गरी यौनको आवश्यकतालाई

सुव्यवस्थित एंव नियन्त्रित ढङ्गबाट पूरा गर्न मानव समाजले अपनाएको स्वीकृती एंव वैधानिक प्रचलन नै विवाह हो । विवाहलाई समाजमा धार्मिक मान्यताले असर पारेको हुन्छ । भौतिकवादी दृष्टिकोण, बाह्यि सम्पर्क, सामाजिक नियन्त्रणको अभाव, व्यक्तिगत स्वतन्त्रता, समाजमा एकलगामी तथा बहुलगामी विवाहका प्रकारहरु आदिले गर्दा विवाहको परिभाषामा एकरुपता देखिदैंन । विवाहलाई विश्वमा दुई तरिकाले विश्लेषण गरेको पाइन्छ । पाश्चात्य जगतमा वैवाहिक जीवन अंग्रेज कानूनबाट प्रभावित छ । विश्वका विकसित देशहरु अमेरिका, वेलायत र आसपासका देशहरुमा विवाह सामाजिक सम्झौता (Social contract) को रुपमा मानिन्छ ।

विवाह एक धार्मिक संस्कार हो जस अनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ । यसरी गरिएको विवाहमा लोग्ने-स्वास्नी बीचको वैवाहिक सम्बन्धलाई यस लोकदेखि परलोकसम्म निरन्तरता दिइन्छ । विवाह भौतिक तथा आध्यात्मिक आवश्यकता पुरा गर्नका लागि गरिन्छ । विवाहबाट पति-पत्नि बीच प्राण-प्राणको, स्थाइ बन्धनकारी पवित्र सम्बन्छ हुन्छ जुन सम्बन्ध मृत्युप्रयन्त निरन्तर रहिरहन्छ । विवाहले यसलोकको रक्षा र निरन्तरताको साथै परलोकको प्राप्ति पनि गर्दछ (मनुस्मति, २०२४: १३४) ।

*अक्सफोर्ड लनर्स डिक्सनरी*मा भनिएको छ, 'कानूनी रुपमा महिला र पुरुष बीच श्रीमान र श्रीमतिको रुपमा हुने एकतालाई विवाह भनिन्छ' (अक्सफोर्ड, १९८९,: ७६३) । यस परिभाषाले विवाहलाई कानूनी मान्यता मात्रै उल्लेख गरेको छ भने विवाहमा हुने सामाजिक, संस्कृतिक प्रक्रिया, परिवार निर्माण, सन्तान उत्पादन, यौन सम्बन्ध जस्ता कुरालाई समेटेको छैन ।

'विवाह एक स्वास्नी मानिस र लोग्ने मानिस बीचको दाम्पत्य जीवनको संगम तथा सुरुवातको एक सामाजिक प्रक्रिया भएकाले यो इच्छापूर्वकको जीवन यापन गर्ने संयोग हो । हिन्दू धर्म अनुसार दाम्पत्य जीवनको सुरुवातसँग यौनिक सम्पर्कको सुरुवात हुन्छ (सुवेदी: २०५६) । यस परिभाषाबाट विवाह एउटा सामाजिक प्रक्रिया हो र यसको सम्बन्ध यौनसँग हुन्छ । अर्थात हिन्दू धर्ममा विवाह पछि मात्रै यौन सम्पर्क गर्ने छुट हुन्छ । विवाह यौन चाहना (Sexual desire) सन्तुष्टिको लागि मात्रै नभई वंशजको निरन्तरता र पुख्यौली सम्पित्तको उत्तराधीकारीको सृजना गर्नको लागि गरिन्छ । त्यसलाई समाजले वैधानिकता दिनुपर्छ । यसरी वैधानिकता प्रदान गर्ने विभिन्न पद्धति अपनाइएको हुन्छ ।

'ब्राम्हणको लागि प्रथम ४ विवाह (ब्रम्हा, दैव, आर्ष र प्रजापत्य) क्षेत्रीकोलागि एक 'राक्षस' विवाह र वैश्यकोलागि 'आसुर' विवाह प्रस्ताव मनुले राखेका छन् ।' ॥२४॥ (मनुस्मृति, २०३६: १०५) । केटाले आफ्नो जातिमा कन्याको पिता वा संरक्षकलाई कन्याको लागि यथासक्य धन दिएर स्वेच्छाले कन्या स्वीकार गर्नुलाई आसुर विवाह भनिन्छ । ॥३१॥ (ऐजन) यसरी मनुस्मृतिले शुद्रले आसुर विवाह गर्नु पर्ने, विवाह आफ्नै जातिमा गर्नु पर्ने र केटीका बाबु वा संरक्षकलाई केटाले प्रशस्त धन दिनुपर्ने उल्लेख गरिएको छ ।

यसरी विभिन्न विद्धानहरुले विवाह बारेमा विभिन्न मतहरु व्यक्त गरेका छन् भने विभिन्न व्यक्तिहरुले नेवार जातिको विभिन्न संस्कारहरुको अध्ययन र विश्लेषण गरेका छन् । विवाह पद्धति ठाउँ, जाति, संस्कृति आदि अनुसार फरक तरिकाले परिभाषा गरिएको छ । कसाई जाति नेवार जाति भित्रकै एक उपजाति भएकोले कसाई जातिकै मात्रै भनेर विशेष अध्ययन गरेको पाइएको छैन । नेवार समुदाय नै भएकाले नेवारहरुको र उनीहरुको संस्कृतिमा थोरै मात्रै अन्तर रहेको पाइन्छ । सामान्यतया बाहिरबाट हेर्दा यस्तो देखिए पनि भित्रि दृष्टिकोण (इमिक -Emic Approach) बाट अध्ययन गरेर कसाई जातिको विवाह पद्धति र त्यसमा आएको परिवर्तनलाई वास्तविक धरातलमा उतार्न यो शोधकार्य प्रस्तुत गरेको  छु ।

## ४.३. शहरीकरण र अन्तरजातिय विवाहः

हिन्दू धर्म अनुसार अन्तरजातीय विवाहलाई दुई भागमा विभाजन गरिएको छ । शास्त्र अनुसार एउटा उच्च बर्ण, जाति, उपजाति, वा कुलको केटाको विवाह उसको भन्दा तल्लो बर्ण, जाति उपजाति तथा कुलको केटीसँग भएमा त्यसलाई अनुलोप विवाह (Hypergamy Marrige) भनिन्छ भने एउटा निम्न बर्ण, जाति, उपजाति, वा कुलको केटाको विवाह उसको भन्दा उपल्लो बर्ण, जाति उपजाति तथा कुलको केटीसँग भएमा त्यसलाई प्रतिलोम विवाह (Hypogamy Marrige) भनिन्छ ।

यस्तो अन्तरजातीय विवाह विष्णु पुराणमा आर्यका लागि बर्जित गरिएको थियो । यदि कसैले यस्तो विवाह गरेमा विवाहित दम्पत्ती र उनीहरुको सन्तानको जातीय हैसियत बाबु आमा

मध्ये जो तल्लो जातिको छ त्यही अनुसारको हुन्छ । यसरी अन्तरजातीय विवाह गर्नेलाई माइतिघर वा ससुरालीमा पनि भान्छा र पूजाकोठामा प्रवेशमा रोक लगाइएको हुन्छ ।

मनु, वशिष्ट, यज्ञवल्लक्य, गौतमादी ऋषिहरुले स्वाजातीय विवाह सर्वोच्च मानिए पनि अनुलोम विवाहलाई मानेका छैनन् । यस्तो अनुलोम विवाह भएका उदाहरणहरु धर्मशास्त्रमा प्रशस्त पाइन्छन् । राजा रणवहादुर शाहले विधुवा ब्राम्हणी कान्तिमतीसँग प्रतिलोम विवाह गरेका थिए । वशिष्ट ऋषिले छोरा शक्तिको एक बैस्य कन्या अदृश्यन्तीसँग, महर्षि पराशरले यमुनाको किनारमा बस्ने दाशराज धिवरको कन्यासँग विवाह गरेका थिए । तर वर्तमान शहरीकरण र आधुनिक युगमा अन्तरजातीय विवाहहरु सामान्य भइसकेका छन् (क्षेत्री/रायमाझी, २०६१) ।

शहरिकरणको परिभाषा दिँदै *स्टेर्लिङ्ग डिक्सनरी* पुस्तकमा रामनारायण दासले भनेका छन, 'शहरहरुको आकारमा वृद्धि, संख्यामा वृद्धि, जनसंख्याको वृद्धि मानिसहरुको बसाई शहरतिर हुने, हरेका संस्थमा विविधता आउनुलाई शहरीकरण भनिन्छ' (दास, १९९७: १४०) । यस परिभाषा अनुसार शहरहरुको वृद्धि, मानिसहरुको बसाईं शहरतिर हुने र हरेक संस्था तथा क्षेत्रमा विविधता आउनुलाई शहरीकरण भनिन्छ भनेर उल्लेख गरिएको छ ।

त्यस्तै शहरीकरणको विशेषता (प्रभाव) लाई उल्लेख गर्दै *एन इन्ट्रोडक्शन टु सोसियोलोजी* पुस्तकमा विद्याभूषण र सचदेव यादवले भनेका छन, "शहरमा मानिसहरु व्यक्तिगत रुपमा पेशा अंगाल्ने, बन्धन (जीवन) हरु खुकुलो हुने र हरेक क्षेत्रमा फराकिलो सोचाई र अवसर हुने गर्दछ' (विद्याभुषण / सचदेव, १९९९) । शहरमा यसरी सामाजिक बन्धनहरु खुकुलो हुने हुनाले शहरी समाजको परम्परा र संस्कृतिमा फरक आएको पाइन्छ । शहरीकरणको कारण भित्रिएका सञ्चार माध्यमले हरेक समाजमा भएका फेशन, संस्कृति, परम्परा आदिलाई तत्कालै प्रचारमा ल्याउँछन किनकि शहरी समाजमा समाजिक गतिशीलता ग्रामीण समाजमा भन्दा कयौं गुणा बढी हुने गर्दछ ।

शहरी संस्कृति विभिन्न संस्कृतिको मिश्रणबाट बनेको हुन्छ । यसको अर्थ कदापि यो होइन कि शहरी संस्कृतिमा आफ्नो देशको संस्कृति हराएर जान्छ । वास्तविकता यो हो कि शहरी संस्कृति परम्परागत संस्कृतिको परिवेशबाट कहिल्यै पनि टाढा हुँदैन । उदाहरणको लागि शहरमा पनि चाडपर्व, व्रत, उत्सव, र यसमा जोडिएका असंख्य अनुष्ठानहरु आज पनि परम्परागत रुपबाटै

गरिन्छ । यो सत्य हो कि व्यक्ति प्रगतिशील हुन्छ तर ऊ आफ्नो संस्कृतिमा आज पनि जोडिएको हुन्छ जसलाई हामी हरेक मांगलिक अवसरमा देख्न सकिन्छ (सिंह,१९९४-६६) ।

शहरी संस्कृतिमा व्यक्ति अधिक व्यवहारिक प्रकृतिको हुन्छ । प्रत्येक चिजमा मानिसले व्यवहारिक रुपले मूल्याङ्कन गर्दछ । कला, साहित्य, संगीत, व्यवसाय आदिको मूल्याङ्कन गरी त्यसलाई स्वीकार वा अस्वीकार गर्दछ । ग्रामिण संस्कृतिले समाजको मौलिक संस्कृतिको प्रतिनिधित्व गर्दछ साथै यहाँ (ग्रामीण समाजमा) देखिने व्यवहारमा कृतिमता, औपचारिकता, व्याक्तिवादिता, स्वार्थको अभाव हुन्छ भने कृषि व्यवसाय र ग्रामीण जीवन पद्धति, सामुहिक मूल्य, आदर्श र मान्यतामा आधारित हुन्छ । यसको विपरित शहरी समाजमा मानवीय संवेदना, व्यवहार र सहानभूति नाममात्रको रुपमा रहेको हुन्छ । यहाँको संस्कृतिमा देखिने औपचारिकता, वैयक्तिक अहम, स्वार्थ र भौतिक जगतमा जगडिएको गगनचुम्बि महत्वकांक्षा विद्धमान रहेको हुन्छ । घरका कोठाहरु पाश्चात्य ढङ्गले बनेका हुन्छन् । ती कोठाहरुलाई डाइनिङ्ग रुम, स्लीपिङ्ग रुम, गेष्ट रुम, आदि अग्रेंजी शब्द प्रयोग गरिन्छ । भेषभूषा, खानपान, रहनसहन, होटल, रेष्टुरेन्ट, आदि पाश्चात्य संस्कृतिमा जोडिएको हुन्छ । अग्रेंजी माध्यमबाट पढाई हुने स्कूल कलेजको संख्या बढ्ने यसैको प्रतीक हो । यहाँ पैंचो सापटी जस्ता कृयाकलाप कम हुन्छ भने नगदमा कारोबार हुने गर्दछ ।

समयसँगै विश्वमा भएको शहरीकरण र औधोगिक युगको प्रवेशले समाजको हरेक क्षेत्रमा परिवर्तनहरु आएका छन् । कतिपय संस्कार र परम्परालाई रुढीवादी, अन्धविश्वास, र कुसंस्कार मान्न थालिएको छ । त्यस्तै कतिपय सामाजिक बन्धनहरु खुकुलो हुँदै गएका छन् । मानिसहरुमा व्यक्तिगत स्वतन्त्रता बढेको छ । मानिस वंशजबाट भन्दा मेहनत र क्षमताले ख्याति कमाएका छन् । नारी स्वतन्त्रताको आन्दोलनले सामाजिक विभेदको अन्त्य, लैङ्गिक समानताका लागि भएका प्रयास, वैदेशिक सम्पर्क र सम्बन्धले गर्दा हाम्रो धर्म र सस्कृतिले बर्जित मानिएका कार्यहरु पनि हुन थालेका छन् । त्यसैले हरेक जात जातिमा अन्तरजातीय विवाह बढ्दै जान थालेका छन् । मुलुकी ऐनले पनि केटा र केटी मन्जुर भएमा अन्तरजातीय विवाह गर्न सक्ने व्यवस्था गरेको छ ।

## ५.२ अध्ययन क्षेत्र

पोखरा बजारमा सबैजसो क्षेत्रमा कसाई जातिको बसोबास रहेको पाइयो । तर यस उपमहानगरपालिका अर्थात पोखरा बजार भन्दा बाहिर यिनीहरुको बसोबास खासै नभएकोले यस उपत्यकाको कसाई जाति र यससँग सम्बन्धित क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । पोखरा नगर ज्यादै सुन्दर र प्राकृतिक दृश्यले सजिएको हुनाले र कसाई जातिहरु पनि सांस्कृतिक विविधताले धनी मानिने हुनाले यस क्षेत्रलाई अध्ययनको मुख्य क्षेत्र बनाइयो । पोखरा उपमहा नगरपालिका भित्र पनि कसाई जातिको बसोबास सबै वडामा छैन । साथै सोधकर्ताको स्रोत र साधनका कारणले पनि विशिष्ट विषय र धेरै व्यापक क्षेत्रलाई समेट्न सकिएन ।

## ५.३ अध्ययन विधि

विशेष गरी विवाह र सास्कृति परिवर्तन अध्ययन गर्ने हुनाले यस अध्ययनमा समाजशास्त्रीय अध्ययन अन्तरवार्ता, प्रश्नावली अनुसूची, कार्यक्षेत्र अध्ययन, सर्वेक्षण, सामूहिक छलफल (Focus group Discussion) तथा सहभागी विधि को प्रयोग गरिएको छ । विभिन्न विधिको प्रयोगबाट प्राप्त तथ्याङ्कलाई सांख्यिकीय विश्लेषण गरिएको छ । सांख्यिकीय विश्लेषण मात्रै नगरी सापेक्ष रुपमा गुणात्मक विश्लेषणलाई पनि त्यतिनै महत्व दिइएको छ । सामाजिक अध्ययनको प्रयोगशाला समाज नै भएकाले अनुसन्धानका निष्कर्षहरुको सत्य तथ्य जाँचका लागि समाजमा परीक्षण, पुनःपरीक्षण अध्ययन गरी प्राप्त तथ्यहरु र त्यसको प्रकृतिको आधारमा ग्राफ, तालिकाको प्रयोग तथा तथ्य विश्लेषणका आधारमा नियम र प्रक्रियाको अवलम्बन गर्ने प्रयास गरिएको छ ।

## ५.४. अध्ययनको समग्रताः

अध्ययनको समग्रता छनौट गर्दा पनि अनुसन्धानको विषय वस्तु, अनुसन्धान कर्ताको ज्ञान, स्रोत, साधन र उपयुक्ततालाई आधार मानेर छनौट गर्नुपर्ने हुन्छ । अध्ययन क्षेत्र अनुसन्धानकर्ताको पहुँच भित्रको हुनुपर्ने र त्यस क्षेत्रबाट आफूँलाई आवश्यक पर्ने सूचना जुटाउने हुनुपर्छ । पोखरामा कसाई जातिको हालको बसोबासको मुख्य थलो पोखरा उपमहानगरपालिकाको विभिन्न वडामा भएकाले यसै ठाउँमा बसोबास गर्ने १७५ घरका १०४७ जनसंख्यालाई अध्ययनको समग्रताको

रुपमा लिइएको छ । साथै यस भन्दा बाहिर उनीहरुको बसोबास नभेटिएको र भेटिए पनि उनीहरु अन्य समुदायसँग बढी सम्पर्क हुने र उनीहरुको संस्कार पनि फरक हुन सक्ने भएकोले अध्ययनबाट सहि निष्कर्ष ननिस्कने सम्भावनाले गर्दा त्यसलाई प्राथमिकता दिइएन । उक्त समग्रता नेपाल खड्गी (साई) समिति पोखरा इकाईको तथ्याङ्क शाखाबाट लिइएको छ । यसमा भएको तथ्याङ्क ( जनसंख्या) लाई आधार मानी समग्रताको रुपमा लिइएको छ । अनुसन्धान यसैमा आधारित भएर गरिएको छ ।

## ५.५. नमुना छनौटः

अनुसन्धान तथ्यमा आधारित हुन्छ । प्राप्त सबै प्रकारका तथ्याङ्कहरुको विश्लेषणबाट नै अनुसन्धानको निष्कर्ष निकाल्न सकिने भएकोले विभिन्न तथ्य सङ्कलनका विधि मार्फत सूचनाको सङ्कलन गर्नु पर्ने हुन्छ । संगणना विधिबाट अध्ययन गर्न अनुसन्धानकर्ताको श्रोत, साधन व्यवहारिकताले नभ्याउने देखिएको छ । अनुसन्धान कार्यमा सम्बन्धित समग्रता (Univers) अथवा अनुसन्धानका सबै एकाइहरुबाट केही केही प्रतिनिधिमूलक एकाइको मात्र छनौट गरी अध्ययन गर्नुपर्ने हुन्छ । नमुना छनौट विधिमा सानो एकाइले सम्पूर्णताको प्रतिनिधित्व गरेको हुन्छ भन्ने मान्यता राखिन्छ । त्यसैले संगणना विधिभन्दा नमुना छनौट विधिलाई सर्वत्र अबलम्बन गरेको पाइन्छ । त्यसैले समग्रतामा रहेका १७५ घरधुरी मध्य ३० घरधुरीलाई दैवि नमुना छनौट विधि (Simple Random Sampling) बाट छनौट गरिएकोमा विभिन्न कारणले गर्दा २० घरधुरीका प्रमूख व्यक्ति सँग मात्र अन्तरक्रिया गर्न शोधकर्ता सफल भयो तथा अन्य विशेषज्ञ व्यक्तिहरुलाई पनि केही मात्रामा नमुनाको रुपमा स्थलगत अन्तरकृयामा समावेश गरिएको थियो ।

## ५.६. तथ्याङ्कका प्रकार र स्रोतहरुः

तथ्याङ्क संकलन गर्ने कार्य निश्चय पनि जटिल रहन्छ । अनुसन्धानकर्ताको श्रोत, साधन तथा अनुसन्धानको विषय वस्तुमा आधारित रहेर तथ्याङ्क संकलन गर्नु पर्ने हुन्छ । तथ्याङ्क दुई प्रकारका हुन्छन् । एउटा प्राथमिक तथ्याङ्क र अर्को द्धितीय तथ्याङ्क । अनुसन्धानकर्ता आफैले स्थलगत अध्ययन गरेर आफैले संकलन गरेको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ भने सम्बन्धित पक्षमा अरु संघ-संस्था र व्यक्तिले संकलन गरिदिएको तथ्याङ्कलाई द्धितीय तथ्याङ्क भनिन्छ । हरेक

पक्षमा  र विषयमा अनुसन्धानकर्ता आफै खटेर तथ्याङ्क संकलन गर्छ भन्न सकिंदैन । दोस्रो व्यक्ति वा संस्थाले संकलन गरेको तथ्याङ्क तथा सूचनाहरुमा भर पर्नुपर्ने हुन्छ ।

अनुसन्धान कार्यलाई उपलब्धीमूलक बनाउन प्राथमिक तथा द्धितीय तथ्याङ्क दुवै किसिमका तथ्याङ्क र सूचनाहरुको उपयोग गर्नुपर्ने हुन्छ । त्यसैले यस अध्ययनमा प्राथमिक र द्धितीय तथ्याङ्कहरु संकलन निम्न तरिकाबाट गरियो ।

क) प्राथमिक तथ्याङ्क :-

- घरमुलीसँग अन्तरक्रिया :- नमुनामा परेका ३० मध्ये २० घरमुलीलाई प्रत्यक्ष भेटेर प्रश्नावली आनुसूचीद्धारा अन्तरक्रिया गरेर आवश्यक पर्ने सूचना संकलन गरियो । विवाह सम्बनिध जानकारीको बारेमा कसाई युवा युवतीसँग भेटेर सामान्य अन्तरकृयाबाट केही तथ्यहरु संकलन गरियो ।
- मुख्य व्यक्तिसँगको भेट :-विवाह एउटा सामाजिक विषय पनि भएकाले समाजमा नेतृत्व गर्ने र परम्परासँग बढी सरोकार राख्ने ४० वर्ष देखि माथिका १० जना बृद्ध-बृद्धासँग सोधपुछ गरियो ।
- सामूहिक छलफल :- नेपाल खड्गी साई(सेवा) समितिका पधादिकारीहरुको बैठकको समयमा  सामुहिक छलफल गरियो ।
- अवलोकन:- सामान्यतया अध्ययन स्थलको अवलोकन गरेर केही सूचनाहरु लिएको छु ।

ख) द्धितीय तथ्याङ्क :-

द्धितीय तथ्याङ्कको मुख्य श्रोत पृथ्वीनारायण क्याम्पसको पुस्तकालयलाई नै प्रयोग गरियो । यस बाहेक पोखरा उपमहानगरपालिकाको तथ्याङ्क, केन्द्रिय तथ्याङ्क विभाग (CBS) को तथ्याङ्क, साई सम्बनिध विभिन्न पुस्तक,पत्र-पत्रिका, नेपाल खड्गी (साई) सेवा समिति पोखरा एकाइको तथ्याङ्क तथा मौकामा भेटिएका अन्य पुस्तक तथा पत्रपत्रिका आदिलाई मुख्य साधनको रुपमा प्रयोग गरियो ।

## ५.७. सैद्धान्तिक अवधारणा (Theoritical Perspective)

### ५.७.१. सांस्कृतिक पर्यायवरणीय अवधारणा (Cultural-Ecological Perspective):

मानिसको सामाजिक सांस्कृतिक जीवनका हरेक पक्षहरु उसको सामाजिक व्यवस्था भित्रका इकाईहरु हुन । सामाजिक व्यवस्था एउटा रेल/गाडी हो भने सामाजिक परिवेश भित्रका मानिस र उसको जीवनसँग सम्बन्धित सबै कृयाकलापहरु त्यस भित्रका यात्रीहरु हुन । जसरी कोही मानिस रेल-गाडीलाई छाडेर एक्लै यात्रा गर्छु भन्यो भने गन्तव्य स्थानमा पुग्न सक्दैन, त्यसै गरी समाजमा सबै इकाइहरुले सामाजिक गतिशीलतालाई छाडेर आफू एक्लै एक ठाउँमा रहन सक्दैन, यसै क्रममा समाजशास्त्री Emile Durkheim का अनुसार "सामाजिक घटनाको सामाजिक परिस्थितिसँग अत्यन्त घनिष्ट सम्बन्ध रहेको हुन्छ । यसकारण घटना र परिस्थिति दुवै एक अर्कालाई उत्पन्न गर्ने कारण हुन सक्छन् (वरालद्धारा उद्धितः २०५६, ५३) । समाजमा हिंजो जे थियो आज छैन । आदिम कालमा ढुङ्गे युगमा रहेर मानिस आफूलाई सामाजिक परिस्थिति (Ecology) सँग परिवर्तन गर्दै वर्तमानको औधोगिक तथा वैज्ञानिक युगमा प्रवेश गरेको छ । जस्तै हिमाली भेगमा बस्ने मानिसहरु बाक्लो लुगा लगाउँछन्, तातो खाना, मासु, रक्सी आदि खान्छन् भने जनावरमा पनि उनीहरुको हिँउ तथा जाडोबाट बच्न बाकलो भुत्ला (रौं) हुन्छ । त्यसैगरी तराईमा बस्ने मानिसहरु पातलो लुगा लगाउँछन्, फलफूल तथा चिसो पदार्थहरु खान्छन् भने जनावरमा पनि पातलो भुत्ला हुन्छ । त्यस्तै गाउँमा बस्ने मानिसहरु खेतीपाती गर्ने, पैदल हिंड्ने, खानेकुरा प्राकृतिक रुपमा नै उपभोग गर्दछन् भने शहरका मानिसहरु अत्याधुनिक साधनहरुको प्रयोग गर्ने, गाडीमा हिंड्ने, खानेकुरा विभिन्न परिकार वनाएर खान्छन् । जहाँ जस्तो वातावरण त्यही अनुसारको सामाजिक सास्कृतिक जीवन यापन गरेको पाइनछ । जीवहरु एंव वनस्पतिहरुको प्रकृतिसँगको सम्बन्ध अध्ययनलाई पर्यायवरण विज्ञान भनिन्छ । विभिन्न प्रकारका संस्कृतिहरु वातावरण अनुकुलन हुने एक प्रकारको प्रकृया हो । यही अनुकुलनको प्रकृया (Process of Adoptation) लाई सास्कृतिक पयार्यवरण (Cultural Ecology) भनिन्छ । वातावरण तीन प्रकारका हुन्छन् । पहिलो प्राकृतिक वातावरण जनावर, हावापानी, माटो, वनजङ्गल, आदि । दोस्रो भौतिक (Physical) वातावरण घर, मोटर, सडक, बिजुली, धारा, आदि जुन मानिसले निर्माण गरेका हुन्छन । तेस्रो अभौतिक वातावरण अन्तर्गत सास्कृतकि मुल्य, मान्यता, रितिरिवाज, चालचलन आदि ।

हिन्दू धर्मशास्त्रले बाल विवाहलाई प्रोत्साहन गरेको छ । 'ब्रम्हाण पुराणमा स्तन ननिस्केकी बालिकाको विवाह गरेमा पितालाई मृत्यु पर्यन्त स्वर्ग प्राप्त हुने कुरा उल्लेख छ । भविष्य पुराणले आठ वर्षकी कन्या (गौरी कन्या) को विवाह गर्नुपर्छ भन्ने उल्लेख छ भने १० वर्ष भन्दा माथि वा रजस्वला पछि कन्याको विवाह गरेमा बाबु, आमा तथा जेठो दाजु नरकमा जान्छन् भनि पराशरको भनाई छ (सुवेदी, २०५६) । हाम्रो हजुरआमाहरुको ९ वर्षमा विवाह भएको कुरा उहाँहरु नै बताउनु हुन्छ । पाँच हज्जार वर्ष पहिले देखि पारिवारिक राजनीतिक बिस्तार गर्न र राज्य व्यवस्थालाई जनवल (People Power) उत्पादन गर्न चाँडो विवाह तथा धैरै पुत्रकालागि परिवारले अपरिपक्कता कै अवस्थामा सन्तानको विवाह गरिदिन थाले । राज्यका शासकहरुले पनि युवाहरुमा वीर्य उर्जाको क्षमता बढेमा 'विचार' जन्मन सक्छ र यथास्थितिको परिवर्तनको लागि विद्रोह हुन सक्ने डरले युवाहरुमा वीर्यवान र विचारवान हुने अवस्थानै नआओस भन्ने ध्येयले चाँडो विवाहलाई प्रेरित गरे (वराल, २०५६, ५८) । नेपालको इतिहासमा २००७ साल सम्म जहानीया राणा शासन कायम रह्यो । राणा कालमा जनतालाई अन्धकारमा राख्ने काम भयो । सो कालमा शिक्षाको कुनै विकास भएन । सर्वसाधारणले शिक्षा प्राप्त गरेर चेतनशील होलान र राणाहरुको कुकृत्य विरुद्ध विद्रोह गर्लान भन्ने डरले सर्वसाधारणलाई पढ्न प्रतिबन्ध लगाइएको थियो । प्रगतिवादी शिक्षा भन्दा राणा शासकलाई पुज्ने शिक्षा त्यतिबेला लागू गरियो । त्यतिबेला सम्म विदेशसँग नेपालको हुनै सम्पर्क थिएन । २००७ सालमा राणाशासनको अन्त्य भएपछि नेपालको वैदेशिक सम्पर्क बढ्न थाल्यो । त्यसपछि नेपाली समाजमा शिक्षाको विकासले चेतना फैलिन थाल्यो । विदेशमा भएको वैज्ञानिक आविस्कार तथा भौतिक विकासहरुले प्रभाव पार्न थाल्यो जसले गर्दा नेपालमा पनि शहर बन्ने क्रम शुरु भयो । २०२० सालमा मुलुकी ऐनले बालविवाह, बहुविवाह, तथा अनमेल विवाहलाई निषेध गऱ्यो । मानिसहरुले सानै उमेरमा विवाह गर्दा भएका वेफाइदाहरु जस्तै सन्तान धेरै जन्माउने, गरिवी बढ्नु, आमा र बच्चाको स्वस्थ्य बिग्रनु, विवाह हुने केटाकेटीले एक अर्कालाई राम्रोसँग नचिनी विवाह गर्दा परिपक्क भएपछि सम्बन्ध विच्छेद हुने जस्ता कुरालाई मनन् गर्न थालियो । त्यसैको फलस्वरुप परिपक्क भएपछि विवाह गर्ने, एक अर्कालाई राम्ररी चिनेर प्रेम विवाह गर्ने, सन्तान कम तथा परिपक्क भएपछि जन्माउने, केटा र केटीले आर्थिक जोहो गरेर मात्र विवाह गर्ने तथा सन्तान जन्माउने अवस्था आइपुग्यो ।

त्यति मात्रै होइन सामाजिक जीवन र राज्यको कानूनी अवस्था अवधारणामा विश्वव्यापीकरणले प्रभाव परिरहेको छ । पूजिवादी अर्थव्यवस्थाको प्रभावले भौतिकवादी

जीवनशैलीको प्रभाव बढिरहेको छ । विवाहमा ज्वाई खरिद्ने र बुहारी किन्ने जस्ता व्यापारिक शैलीमा विवाह हुन थालेका छन् । धनको पछि दौड्ने प्रवृत्ति बढ्न थालेको छ (वाराल, २०५७ :३४) । विवाहमा स्वस्थ दाम्पत्य जीवन र कौटुम्बिक सम्बन्ध भन्दा व्यापारिक (आर्थिक) पक्षलाई जोड दिएको देखिन्छ । त्यसैले त गरिबले आफ्ना सन्तानको विवाह गर्न नसक्ने स्थिति आएको छ । सन्तानको विवाहमा दाइजो, कोसेली, कपडा तथा गरगहनामा अति धेरै धन खर्च गर्नुपर्ने बाध्यता सृजना भएको छ ।

### ५.७.२. प्रकार्यात्मक अवधारणा (Functional Perspective)

मानिस मानिस वीचको सामाजिक सम्बन्धको जालोलाई समाज भनिन्छ । समाज अनेकौं इकाइहरु मिलेर बनेको हुन्छ । सामाजिक संरचना अन्तर्गतका इकाइहरुले आफ्नो इकाई अनुसारको भुमिका निर्वाह गर्छन् र यसैलाई सो एकाइको प्रकार्य (Function) भनिन्छ । हाम्रो समाजमा जाति अनुसारको पनि काम विभाजन गरेको पाइन्छ । यसैलाई बुझेर अध्ययन गरेमा हामीले प्रकार्यात्मक अवधारणा बुझ्छौं । हाम्रो समाजमा ब्राम्ह्णले पूजापाठ गर्ने, नेवारले व्यापार गर्ने, सार्कीले जुत्ताको काम गर्ने, सुनारले सुनेको काम गने, आदि जस्तो एउटा संरचना बनेको छ । अव सोचौं त यदि नेवारले व्यापार गर्न छाडेर हड्तालमा उत्रीए भने के होला ? हामीले पसलबाट ल्याउने सामान कहाँबाट ल्याउने ? (यहाँ वर्तमान अवस्थामा नेवार मात्र नभई समग्र व्यापारीलाई बुझ्नु पर्छ ) पक्कै पनि समाजमा उथलपुथल हुन्छ । त्यसमा कुनै पनि एकाइको प्रकार्यात्मक सम्बन्ध (Functional Relation) टुटेमा समाजमा सामाजिक विघटन् अवस्य हुन्छ । विवाह पनि यस्ता सामाजिक संरचना (Social Structure) को एउटा एकाइ हो । यसलाई समाजबाट बाहिर निकालेर कुनै हालतमा पनि समाजको अध्ययन गर्न सकिंदैन । जसरी कुनै मेशिनमा एउटा भागले काम नगर्दा सो मेशिनले काम गर्न सक्दैन त्यसैगरी विवाह नामक इकाइ वा सामाजिक संस्थालाई झिक्दा समाजमा गतिशीलता बन्द हुन्छ । ढुङ्गे युगमा यौन समता थियो । त्यतिबेला समाजमा अस्तव्यस्तता थियो । कसको श्रीमान् को ? बच्चाको बाबु को ? भन्ने यकिन हुँदैनथ्यो । परिवारको पनि विकास भइसकेको थिएन । त्यसैले स्वस्थ र एउटा क्रमबद्ध, सामाजिक मर्यादामूलक बनाउने क्रममा विवाहको प्रारम्भ भयो । प्रकार्यवादी विद्धान टि. पार्सनका अनुसार, ‘‘सामाजिक व्यवस्थाको कुनै पनि अङ्गलाई सामाजिक व्यवस्थाबाट पृथक राखेर अध्ययन गर्न सकिंदैन, किनकि समग्र व्यवस्थाका सबै अङ्गहरु बीच प्रकार्यात्मक सम्बन्ध रहन्छ । यही प्रकार्यात्मक सम्बन्धका कारणले

कुनै पनि सामाजिक पक्ष वा घट्नाको अध्ययन गर्दा समग्र सामाजिक व्यवस्था कै सन्दर्भमा लिनु आवस्यक हुन्छ" (वरालद्धारा उद्धित, २०५६: ५३) । कुनै पनि एकाइलाई समग्र व्यवस्था (Holistic Perspective) बाट अलग राखेर हेर्न थालियो भने सामाजिक व्यवस्थामा सजीवता पाउन सकिंदैन । विवाहले नै समाजमा यौन अराजकता तथा बेस्यागमनलाई नियन्त्रण गरेको छ भने सामाजिक सुरक्षा प्रदान गरेको छ, पारिवारिक एकता, सन्तानको स्वस्थ्य, पालन-पोषण र शिक्षाको जिम्मेवारी प्रदान गरेको पाइन्छ । सम्पत्तिको पुस्तागत हस्तान्तरण, सुरक्षा तथा पुर्ख्यौली सम्पत्तिको हकदारको ग्यारेन्टी भएको छ । त्यस्तै वैवाहिकताबाट दुई पक्षका बीच कौटुम्बिक सम्बन्ध कायम राखेको छ । यसले दुईवटा समुदायलाई झन घनिष्ट बनाएर एकसुत्रमा बाँध्ने गर्दछ ।

वेद अनुसार विवाह स्त्री-पुरुषको मांस मांसको र अस्थि-अस्थिको गठबन्धन हो । मनुले पत्नीलाई पुरुषको आर्धाङ्गिनीको रुपमा मानी पतिको सुकार्यको फल पत्नीले पनि पाउँछे भनेका छन् । यसरी पत्नी अर्धाङ्गिनी भएकाले हिन्दूशास्त्र अनुसार विवाह विच्छेद वा पुनर्विवाह सम्भव छैन, साथै अविवाहित मानिस अपवित्र हुन्छ (वरालद्धारा उद्धित, २०५६) ।

हिन्दू जातीय व्यवस्थामा अन्तरजातीय विवाह बर्जित मानिएको छ तर शहरीकरणले मानिसमा फैलाएको जातीय विभेद कम हुँदै गएको छ, फलस्वरुप अन्तरजातीय विवाहका घट्नाहरु हाम्रो समाजमा बढ्दै गएका छन् । हुनत हाम्रा पौराणीक ग्रन्थहरुमा अन्तरजातीय विवाहका उदाहरणहरु पनि पाउन सकिन्छ ।

❁❁

## अध्याय: छ

# कसाई विवाह पद्धतिमा शहरीकरणको प्रभाव

## ६.१. विवाह

विवाह के हो भन्ने सम्बन्धमा एउटै र सर्वमान्य परिभाषा पाउन सकिंदैन । विभिन्न सामाजिक-सांस्कृतिक परिवेशमा अवस्थित समाजमा विभिन्न प्रकारका लैङ्गिक सम्बन्ध हुने गर्दछन् । यिनै आधारमा विवाहको अर्थ परिभाषा तथा यिनका कार्यहरु सम्बन्धित हुन्छन् । अर्को तिर समाजको परिर्वतनसँगै विवाह प्रतिको बुझाईको विश्लेषणमा पनि परिवर्तन आउने गर्दछ । तर पनि सबै समाजमा विवाहले दुई वटा पक्षलाई समेटेको हुन्छ । एउटा विपरित लिङ्गीको सम्बन्धमा सामाजिक स्वीकृति हो भने अर्को यसै सम्बन्धमा आधारमा वैधानिक रुपमा तिनीहरु यौन सम्बन्ध राख्न र बालबच्चा जन्माउँन सक्ने सामाजिक स्वीकृति हो । यसपछि नै बालबच्चाको पालन पोषण र सामाजिकीकरणमा यिनीहरुको दायित्व जोडिएको हुन्छ ।

विवाह के हो भन्ने सम्बन्धमा त्यस समाजलाई निर्देशन गरेको धर्मले पनि ठूलो भूमिका खेलेको हुन्छ । अर्कोतिर औधोगिक विकासपूर्वको समय र औधोगिक विकास पछिको समयमा विवाहलाई समाजले फरक-फरक रुपमा विश्लेषण गरेको उदाहरण पनि पाइन्छ । औधोगिकीकरण पछिको समाजमा विवाहलाई बुझ्ने, ग्रहण गर्ने, र विश्लेषण गर्ने तरिकामा लचकता देखिन्छ । यसका धेरै कारणहरु हुन सक्छन् । जसमध्ये समाजमा विकास भएको भौतिकवादी दृष्टिकोण प्रमूख हो । यस बाहेक बाह्य सम्पर्क, सामाजिक नियन्त्रणको अभाव, सञ्चार माध्यम र प्रविधिमा आएको अत्याधुनिक परिवर्तन, शहरीकरण, आधुनिकीकरण, पश्चिमीकरण, सांस्कृतीकरण, व्यक्तिगत स्वतन्त्रता आदिले प्रभाव पारेको पाइन्छ । समाजमा एकलगामी, बहूलगामी, विवाहका प्रकारहरुको प्रचलनले पनि विवाहको परिभाषामा एकरुपता देखिंदैन । वर्तमान समयमा पश्चिमी देशहरुमा विवाहपूर्व नै यौन सम्बन्ध राख्न समाजले स्वीकृति दिएको उदाहरण भेटिन्छ । तिनीहरुमा विवाह पूर्वको सँगै बसाईको निश्चित समय पछि विवाह हुन्छ । यस अवस्थाले गर्दा पनि विवाहको सर्वमान्य परिभाषा पाउन सकिंदैन । आजकल पश्चिमी समाजमा हुने गरेको समलिङ्गीहरु बीचको विवाहलाई विवाहको सर्वमान्य परिभाषाभित्र राख्न सकिंदैन । यो प्रक्रिया जैवीकीय (Biological) र सामाजिक रुपमा असाधारण प्रकृतिको मानिन्छ । यस प्रकारको विवाहमा न त सन्तान जन्माउन

सक्ने सम्भावना रहन्छ न त यौन सन्तुष्टिको नै पूर्ण सम्भावना हुन्छ । अर्थात समाजमा यस्ता सम्बन्धलाई अप्राकृतिक (Unnatural) सम्बन्ध अन्तर्गत राख्न सकिन्छ ।

समाजशास्त्री र मानवशास्त्रीहरुको विवाह सम्बन्धी विभिन्न धारणाहरु पाइन्छ । विद्याभुषण र सचदेव यादवले *इन्ट्रोडक्शन टु सोसियोलोजी* पुस्तकमा भनेका छन, 'विवाह एउटा सामाजिक संस्था हो जसमा महिला र पुरुष वैवाहिक जीवनमा प्रवेश गर्छन । यो एक स्थाइ सम्बन्ध हो जसमा एक पुरुष र एक महिलाले सन्तान जन्माउने र यौन सम्बन्ध राख्न सामाजिक अनुमति पाउँछन्' ( विद्याभुषण/ सचदेव, २००३) । यस परिभाषाले एक पुरुष र एक महिला बीच हुने विवाहलाई मात्रै समेटेको छ । हाम्रो समाजमा हुने बहुपति विवाह र बहुपत्नी विवाहलाई समेटेको छैन ।

*'हिन्दू विवाहको इतिहास'* पुस्तकमा मधुसुदन सुवेदी लेख्छन्, ''विवाह एक स्वास्नी मानिस र लोग्ने मानिसको बीच दाम्पत्य जीवनको संगम तथा सुरुवातको एक सामाजिक प्रकृया भएकोले यो इच्छा पूर्वकको जीवन यापन गर्ने संयोग हो । हिन्दू धर्म अनुसार दाम्पत्य जीवनको सुरुवातसँग यौनिक सम्पर्कको सुरुवात हुन्छ '' (सुवेदी/२०५६) ।

*इन्टरनेशनल इन्साइक्लोपेडिया अफ सोसियल साइन्स* मा भनिएको छ, 'विवाह एक महिला र एक पुरुष (एकलविवाह), एक पुरुष र दुई वा सो भन्दा बढी महिला (बहूपत्नी विवाह) अथवा एक महिला र दुई वा सो भन्दा बढी पुरुष(बहूपति विवाह) बीच सांस्कृतिक अनुष्ठान हो जसमा यौन सम्बन्ध राख्न र बाल बच्चा जन्माउन सामाजिक स्वीकृति दिइएको हुन्छ' (सिल्स, १९७२ : २) । यस परिभाषाले विवाहलाई सांस्कृतिक स्वीकृत संस्थाको रुपमा विश्लेषण गर्दै लोग्ने स्वास्नी बीचको यौन सम्बन्ध र बाल बच्चा पाउन समाजिक स्वीकृत अवस्था बारेमा प्रष्ट पारेको छ । यसका साथै विवाहका आधारभूत प्रकारहरु पनि उल्लेख गरिएको छ । यसले के जनाउँछ भने प्रत्येक समाज र संस्कृतिमा विवाहका विभिन्न प्रकारका हुन सक्छन् जसमा एकलगामी, बहुपत्नी, बहुपति विवाह मध्ये प्रत्यक प्रकारको सामजिक सांस्कृतिक परिवेसमा भर पर्दछ । प्रत्यक विवाहमा विपरित लिङ्गीबीच यौन सम्बन्ध र बालबच्चाको अपेक्षा गरिएको हुन्छ ।

नेपाली हिन्दू समाजमा छोरा जन्माउन र आफ्नो पुस्ता वा वंशजलाई निरन्तरता दिन र पुर्ख्यौली सम्पत्तिको रक्षा गर्ने उत्तराधीकारीको अपेक्ष गरिएको हुन्छ । कतिपय समाजमा विवाह गर्नु

भनेको काम गर्ने मानिस थपिनु हो भनिन्छ । यसरी विवाह आर्थिक तथा सामाजिक दुवै पक्षबाट आवश्यक मानिन्छ ।

सबैखाले समाजमा विवाहलाई समेट्ने खालको विवाहको परिभाषा दिन सकिंदैन । यो विभिन्न संस्कार अनुसार समाजमा भिन्न प्रकृयाले कृयाशील र अस्थित्वमा रहेको सामाजिक संस्था हो । समग्रमा भन्नुपर्दा यसलाई दुई वा दुई भन्दा बढी विपरित लिङ्गी व्यक्तिहरुलाई गर्वधारण गर्न, सन्तान उत्पादनका लागि यौन समागम गर्न समाजिक रुपमा दिइएको स्वीकृति भन्न सकिन्छ । सामाजिक स्वीकृति अनुसार स्थाई सम्बन्ध नभएका यौन कृयाकलाप र वेश्यागमन तथा परम्परा र कानूनले स्वीकृति नदिएका यौन सम्बन्धलाई विवाह मानिदैंन । विवाह र परिवार मानव समाजमा पाइने सर्वव्यापि पुराना संस्था हुन । मानवीय समाजलाई संगठित गर्दै स्थायित्व प्रदान गर्ने सामाजिक संस्थाका रुपमा विवाहलाई लिन सकिन्छ । समाजमा विवाहको प्रचलन भए देखि नै मानवीय समाज संगठित र अनुशासित हुँदै अगाडि बढेको छ । प्रारम्भमा जैवीकीय कारणले नै महिला र पुरुष बीच सम्पर्क भयो । जसलाई समाज सापेक्ष रुपमा विकास गराउने काम विवाह प्रथाको विकास पछि मात्र भयो । विवाहले नयाँ नाता सम्बन्धको विकास गरायो । यस पछि नै तेरो मेरो भन्ने भावनाको विकास भयो जसले गर्दा समाजमा प्रगति र परिवर्तन  छिटोछिटो हुन सक्यो ।

प्रत्येक समाजमा विवाहपछि के गर्नुपर्छ, के गर्नु हुँदैन र के गर्नु हुन्छ भन्ने कुरा सामाजिक प्रचनको रुपमा स्पष्ट गरिएको हुन्छ । यौन सम्बन्ध राख्नु, बच्चा जन्माउनु, तिनीहरुको पालन-पोषण गर्नु जस्ता आधारभूत र महत्वपूर्ण उद्देश्यहरु विवाहपछि नै पुरा गर्न सकिन्छ । विवाह सर्वव्यापि छ । प्रत्येक काल खण्ड र प्रत्येक समाजमा विवाह एक अविछिन्न विकास भएको संस्था हो ।

## ६.२ नेवारी विवाह अभ्यास

नेवार समुदाय हिन्दू तथा बौद्ध दुवै धर्ममा आस्था राख्ने गर्दछन् । तर पनि धेरै नेवारहरुले हिन्दु संस्कारलाई अनुशरण गरेको पाइन्छ । प्राय सबै व्यापारिक क्षेत्रमा आफ्नो बसोबासको केन्द्र र व्यापारलाई मुख्य पेशा बनाएको पाइन्छ । व्यापारिक र प्रशासनिक क्षेत्रमा यस जातिको विशेष

पहुँच रहन गएको पाइन्छ । यस जातिको जातीय संचना हिन्दू बर्ण व्यवस्था जस्तै पुरोहित देखि अछुत सम्मको जातीय सोपान देख्न सकिन्छ ।

नेवारहरुमा लोग्ने स्वास्नीको सम्बन्धलाई व्यवहारिका दृष्टिले हेरिन्छ । त्यसैले आपसमा मेल नभएमा पारपाचुके गर्न गाऱ्हो पर्दैन । नेवारी कन्याको ४ देखि ११ वर्षको उमेरमा धार्मिक संस्कार अनुसार इहि गरिन्छ । इहिको अर्थ विवाह नै हो । इहिमा कन्याको विवाह सूर्य (नारायण) सँग गरिएको हुन्छ । तसर्थ नेवार केटी आफ्नो सामाजिक पतिको मृत्यु भएता पनि विधवा मानिन्न । उसले चाहेमा पुनः विवाह गर्न सक्छे र गरी आएका पनि छन् । यसैले नेवार समाजमा प्रायाशः विधवा विवाह चलिआएको पाइन्छ (सुवेदी, २०५६ः १०५) । नेवारहरुमा रहेको प्रचलित विवाहको स्वरुप मागी विवाह नै हो । तर पनि आजकल प्रेम विवाह प्रचलनमा रहेको पाइन्छ । केटा-केटी खोज्दा प्राय सात पुस्ताभित्र नपर्ने, नाता नपर्ने, तथा एकै थर नपर्ने खोज्नु पर्ने नियम छ । बाहिर बसे नेवारमा मिलिजुली विवाह गर्ने वा केटा केटी भगाउने चलन भए पनि उपत्यका भित्र धेरैजसो केटा र केटी खोज्दा जात तलमाथि पार्नु हुँदैन । उही जातभित्र तर भिन्नै खलक हुनुपर्छ । कहीं-कहीं सात पुस्ताभित्र मात्र लिन नहुने गरी बार्ने चलन छ (विष्ट, २०५२) । नेवार जातिमा केटा केटी भगाउने पनि चलन छ । केटाकेटी तथा दुवैतर्फका अभिभावकहरुको सहमतिमा विधिपूर्वक जन्ती ल्याउने, भोज खुवाउने, ठूलो खर्च गर्ने जस्ता कार्य नगरी सामान्य रुपमा पनि विवाह गरिन्छ । यस विवाहलाई केही समयपछि विधिपूर्वक गरेर टिकाटाला गर्ने, भोज खुवाउने, दाइजो दिने जस्ता कार्य पनि गरिन्छ । नेवारी समाजमा प्रेम (भागी) विवाह, मागी विवाह आादि सबै विवाहमा अभिभावको कुनै रोकावट हुँदैन । अभिभावकले सजिलै स्वीकृति दिइन्छ । अन्तरजातीय विवाहमा कुनै केटाको आफू  भन्दा निम्न जातीय हैसियतको केटीसँग विवाह भएमा केटी र उसबाट जन्मेका सन्तानको जातीय हैसियत कम हुन्छ । तर आफूभन्दा उच्च जातीय हैसियत भएको केटीसँग विवाह भएमा जातीय हैसियतमा केही फरक पर्दैन । तर आजकल व्यवहारमा त्यस्तो पाइदैन । कतिपय प्रेम विवाह पनि मागी विवाह कै रुपमा सम्पन्न हुन्छन् । नेवार जातिमा मागी विवाह र प्रेम विवाहमा खासै अन्तर पाउँन सकिदैन । उनीहरुमा धेरै पहिलेदेखि नै ब्राम्हण जातिमा जस्तो प्रेम विवाहमा बन्देज नभएको पाइन्छ । केटा केटीले चाहेमा सजिलै प्रेम विवाह हुन्छ र गरी आएका पनि छन् ।

नेवार जातिमा प्रचलनमा भएको अर्को संस्कृति इही विवाह हो । इहीको अर्थ विवाह नै हो । यस जातिमा ४ देखि ११ वर्ष भित्रमा कन्यालाई बिजोर वर्ष उमेर पारेर गुफा राखिन्छ । गुफा राख्दा १२ दिन सम्म कन्याले सूर्य र पुरुषलाई हेर्न हुँदैन । गुफाबाट निकालेपछि वेल भन्ने फलसँग विवाह गराइन्छ । यसलाई नै धार्मिक पतिको रुपमा लिइन्छ । यस विवाहमा कन्यालाई सिन्दुर हाल्दा निजकै आमाले राख्छन् । त्यसैले नेवार महिलाको सामाजिक पति वेल तथा सूर्य भएकाले पति मरेपनि विधवा हुनु पर्दैन भन्ने मान्यता छ । पहिले पहिले कन्याको विवाह रजस्वला नहुँदै गर्नु पर्छ र यसरी विवाह गरेमा बाबुआमा र दाजुले मरेपछि स्वर्गमा उचित स्थान पाउँछन अन्यथा नरकमा पर्छन भन्ने धार्मिक मान्यता भएको धेरै इतिहासमा उल्लेख छ । हाम्रो हजुरआमाको विवाह ९ वषको उमेरमा भएको कुरा उहाहरु बताउनुहुन्छ । यसरी सानै उमेरमा विवाह गर्दा भएका हानी नोक्सानीहरु मानिसले बिस्तारै थाहा पाउँदै गएर बाल विवाहलाई कानूनी रुपमा दण्डनीय र सामाजिक रुपमा निन्दनीय मान्न थालियो । त्यसपछि नै रजस्वला नहुँदै सांस्कृतिक विवाह (इही) गर्ने र उमेर पुगेपछि मानिससँग (सामाजिक) विवाह गर्न थालियो भन्ने भनाइ पनि छ ।

## ६.३. कसाई जातिमा गुफा राख्ने प्रचलनमा

सांस्कृतिक रुपले धनी मानिने नेवार जात भित्रको एक जात अर्थात कसाई हरुको पनि आफ्नै सास्कृतिक विशेषता पाउन सकिन्छ । हरेक जाति, धर्म, सस्कृति भाषीमा विवाहको आफ्नै प्रकारको भए जस्तै कसाईहरुको पनि विवाह पद्धति आफ्नै किसिमको छ । अन्य जातिमा भन्दा यस जातिमा भिन्न विशेषता गुफा राख्ने प्रचलन हो । यो प्रचलन पनि केही मात्रामा विवाहसँग सम्बन्धित भएकाले यसलाई पनि केही मात्रामा कोट्टयाउनु उपयुक्त देखिन्छ ।

वैद्धिक धर्मशास्त्रमा लेखिए अनुसार रजस्वला हुनु अगावै बाबु आमाले छोरीलाई कन्यादान दिए जन्मेको सार भयो र ठूलो पुण्य हुनेछ भन्ने कुराको प्रतिपालन नेवारी समुदायमा हुन्छ, विधिवत हुँदै आइरहेको पाइन्छ । वैद्धिक धर्मशास्त्रमा छोरी रजस्वाला नहुँदै छोरीको विवाह गरिदिने प्रचलन अन्य हिन्दूहरुमा पहिले पहिले हुँदै आएको थियो । सात वर्षकी कन्यालाई विवाह गरिदिने प्रचलन वैद्धिक कालदेखि चलिआइरहेको थियो । मल्लकालमा पनि बाल विवाहको प्रचलन थियो । मल्लकालको इतिहासमा 'इही' हिन्दू परम्परा अनुसार रजस्वला हुनु अघि (४-११ वर्ष) का केटीहरुको धार्मिक विवाह गरिन्थ्यो । वास्तवमा ऋग्वेद कालदेखि नै इही विवाहको प्रचलन देखिन्छ

। जस्तो कि प्रथम सोमपति-इही, द्वितीय गन्धर्व पति-बाह्रा (गुफा राख्ने), तृतीय अग्नि पति-बाह्रापिकांगु (१२ दिनमा सूर्यको दर्शन गराउने) र चतुर्थ मनुष्य पति-इही । साथै यही नै धार्मिक विवाह भएकाले यसलाई संस्कार भनिन्थ्यो । तसर्थ नेवार केटी आफ्ना सामाजिक पतिको मृत्यु भए तापनि विधवा मानिन्नन् । उसले चाहेमा पुनः विवाह गर्न सक्छे र गरी आएका पनि छन् । यसैले नेवारी समाजमा प्रायजसो विधवा विवाह चलि आएको पाइन्छ । साथै १९१० को मुलुकी ऐनले पनि बाल विवाह गर्न सक्ने भएबाट नेपालमा बाल विवाह चल्दै आइरहेको थियो । २-३ दशकपछि जुन मुलुकी ऐन आयो त्यसको दफा २ अनुसार बाल विवाह गर्न नपाउने भइ १६ वर्षको कन्या र १८ वर्षको केटो भनी उमेर तोकियो । अन्यथा सजाएँको भागी हुने व्यवस्था गरियो । रजस्वला नहुँदै छोरीको विवाह गर्न नपाइने ऐनले नै बल्देज गरायो । तर खुद विवाह कानूनी दायरा भित्र बसेर पनि धार्मिक प्रथा र आध्यात्मीक परम्परा अनुसार नेवार समूदायमा बाल विवाह ४-११ वर्ष भित्र कन्याको 'इहीविवाह' धेरै पहिलेदेखि चल्दै आएको छ । इहीको अर्थ विवाह हो । २ वर्ष देखि १० वर्ष सम्मकालाई कन्या मान्ने प्रचलन छ । त्यसैले इही विवाह १० वर्ष भित्र नै गरिन्छ । यसरी इही विवाह गरेर वैद्धिक समाजले अपनाएको रजस्वला हुनुपूर्वकी कन्या कन्यादान दिन उत्तम फलबाट बन्चित नभइ वैद्धिक धर्मको पालना गरेर पनि केटी विवाह गर्न योग्य भएपछि विवाह गर्न सकिने आफ्नै संस्कृतिक विकास हो (सुवेदीः२०५६ः१०४) ।

कसाई कन्यालाई रजस्वाला हुनु भन्दा पहिले नै गुफा राखिन्छ । कर्म चलाउन केटाको ब्रतबन्ध गरिन्छ भने केटीको गुफा राख्ने अर्थात इहि गरिन्छ । नेवार केटीहरुको यो विवाहसमेत गरेर दुई पटक विवाह हुन्छ भन्ने प्रचलन छ । यसलाई नारायण (सूर्य देवता) सँग विवाह वा वेल विवाह पनि भनिन्छ । सूर्यको प्रतीकको रुपमा वेललाई पनि लिइन्छ । काठमाण्डौंतिर नेवार केटीको लोग्ने मानिससँग विवाह भएर लोग्ने मरे पनि केटीको वास्तविक पति नारायण अर्थात सूर्य देवता भएकाले उनीहरु विधवा हुनु पर्दैन भन्ने भनाइ छ । तर पोखरामा यस्ते पाइँदैन । कन्या यौवन अवस्थामा पुग्नु भन्दा पहिले अर्थात रजस्वाला हुनु भन्दा पहिले, ९-१० वर्षभित्रमा बिजोर वर्ष पारेर गरिन्छ । अर्थात गुफा राख्ने समयमा कन्याको उमेर बिजोर वर्ष हुनुपर्छ । गुफा राख्दा सामूहिक रुपमा राखिन्छ जसले गर्दा भोज खुवाउँदा लाग्ने खर्च र अन्य खर्चहरुमा कमी आउँछ । यसरी सामूहिक रुपमा गुफा राखिने कन्याको संख्या यति नै भनेर तोकिएको छैन तर बिजोर संख्यामा राखिन्छ र एउटै आमाका तीन छोरीहरुलाई सँगै गुफा राखिदैंन । गुफा राख्ने प्रक्रियालाई ब्राहा विवाह पनि भनिन्छ । ब्राहा विवाह भनेको गुफा राख्नुनै हो । गुफा राखेको समयमा कन्याले सूर्यको

र पुरुषको मुख (अनुहार) हेर्न हुँदैन भन्ने मान्यता छ । गुफाबाट निकालिए पछि कन्यालाई सूर्य दर्शन र सूर्यसँग विवाह गराइन्छ । सूर्य दशर्न नगरी पुरुषको मुख हेर्न हुदैंन भन्ने मान्यता छ । नेवारी (साई) भोजमा विशेष गरेर चिउरा (बजी), रक्सी, भैंसीको मासु अनिवार्य मानिन्छ । भोजमा समयबजी (चिउरामा अन्य चिजबिज मिसाएर बनाइएको खानेकुरा) पनि समावेश गरिन्छ । बिहान सामान्य भोज हुन्छ । बेलुका विशेष खालको भोज हुन्छ । समयबजी नखाई मू:भोय (मुख्य भोज) खाइदैंन । गुफा कार्यक्रममा आफ्ना १३ दिने भाइहरु छोरी ज्वाँइहरु र आफ्नो व्यक्तिहरुलाई मात्र निमन्त्रणा गर्ने नीति राखिएको छ । खाजा पहिलो पटक गुफा निकाल्दा मात्र लगे पुग्छ र गुफा तथा ब्रतबन्ध गर्दा सामूहिक रुपमा गरिन्छ । अब पोखरामा गरिने गुफाको कार्यविधिक बर्णन गरौं ।

छोरी गुफा राख्ने दिन हेराई साइत जुराइन्छ । बेलुका खाना खाए पछि नुहाइ धुवाइ सर्वप्रथम बाह्रा देवताको पूजा गरी सगुन दिइ गुफा कार्य शुरु गरिन्छ । गुफामा बस्ने कन्याहरुले चार दिनसम्म नुन बार्नुपर्छ । छोरीहरु बस्ने कोठामा कपासको भूत बनाइएको हुन्छ र गुफामा बस्नेले हरेक दिन भूतलाई आफूले खाने खाना चढाएर मात्र आफूले खान्छन ।

चार दिनको दिनमा पुन सगुन दिई नुन खुवाउने र पाँच दिनमा सम्बन्धित नातेदार सबैलाई सूचना दिने तथा ५ दिनमा घरको खाजा (नसा) खुवाउने र को (तोरीको तेल) दल्ने । आठौं दिनमा सम्बन्धित व्यक्तिहरु (नातेदारहरु) ले ल्याएको खाजा (नसा) खुवाउने गरिन्छ ।

१२ औं दिनको कार्य विधि :-गुफामा बस्नेले बाह्रौं दिनमा बिहान सबेरै नुहाएर चोखो हुने गरिन्छ भने फूपूले नङ् काट्ने गर्छन । यस कार्य विधिमा चाहिने सामानहरु :- नयाँ चोलोको कपडा, चामल एक माना, दक्षिणा र सो माथि छलन्या (नैना) राखी पूजा गरी फूपूले नङ् काट्ने कार्य गर्ने, गुफामा बस्नेलाई अलङ्कार पहिऱ्याइन्छ । बाहिरको लागि पूजा सामाग्री तयार पारी गुफा राख्नेलाई सूर्य नदेखाई बारापासा तथा अन्य साथीहरुले लाभा, चामल, फूल, छर्की बाहिर ल्याई पिर्कामा बसालिन्छ ।

पूजा विधि :- गाईको गोबर र रातो माटोले भूँइमा लिपी गाईको दूधले चोखो बनाई काँचो ईट्टा प्रत्येक कन्यालाई दुई वटाका दरले राखी त्यस (ईट्टा) को अगाडि जेनालप्टे (पात) राख्ने, ईट्टाको अगाडि ज्वाला न्हेकङ (ऐना), सिन्हैम्हुँ (सिम्रिक) राखिन्छ । कुशको औंठी बनाइ पूजाभन्दा पहिले

गुफा बस्नेहरुलाई लगाउन दिई पूजा शुरु गर्ने र सर्वप्रथम एक पटक सुकुण्डा पूजा गर्ने, कलशको पूजा गर्ने, ज्वाला न्हेकङ (ऐना), सिन्हैम्हुँलाई १२ पटक पूजा गरी १२ पटक नै हेरिन्छ । चरेशको बाटामा दूध राखी १२ पटक नै हेर्ने तथा सूर्यलाई १२ पटक पूजा गर्ने गरिन्छ । पुनः ईट्टालाई पूजा गरी अर्घ दिई सूर्यको दर्शन गर्ने गरिन्छ । आमाले चोखो कपडा मार्फत एक जनालाई एक तोलाको दरले सिन्दुर लगाईदिने र विवाह गरिसकेको महिलालाई सिन्दुर राख्नु पर्दा निजकै श्रीमान्ले राख्ने गरिन्छ । बाहिर पूजा चलाउन गणेशको पूजा गर्न मन्दिरमा गइन्छ भने पूजा गरेर फर्केपछि आमाले बाह्रा कोठामा सुकुण्डालाई सगुन गुफा बस्नेलाई सगुन दिई बाह्रापासालाई आवश्यक दान दक्षिणा र कपडा सहित टीका-टाला गरी सगुन कार्य शुरु गर्ने र आमन्त्रितहरुको सगुन लिई खानपिनको व्यवस्था गर्ने गरिन्छ ।

चहिने सामानहरु :- चामल, मेथी मिसाएर भुटेर पिन्ने (शरिरमा लगाउने को दल्ने), फलफूल, रोटी, सिन्दुर, धुप, फूल, काँचो इट्टा (प्रति कन्या दुई वटाका दरले), सुकुण्डा दायाँ, बीचमा ट्यारेवा, दियो बायाँ, कलश दुई थान, काँचो सिन्हैम्हुँ, कुश, बाटा, गाईको दूध, काँचको थाल (मुख हेर्न) ।

चतुर्थीको कार्य विधि :- चतुर्थी चार दिन वा आवश्यक हेरी गरिन्छ । उक्त दिन नुहाएर सिन्दुर पखाल्ने तथा कुनै मन्दिरमा गई पूजा गरेर प्रसाद ग्रहण गर्नुको साथै जलपान तथा खानपनि गरेर कार्य सम्पन्न गरिन्छ । यदि कुनै केटीको गुफामा बस्दा मृत्यु भएमा उसको लास ढोकाबाट ननिकाली घरको भित्तो फोरेर बाहिर निकाल्नु पर्ने सांस्कृतिक मान्यता रहेको छ ।

## ७.४.१. कसाई जातिको विवाह अभ्यास

कसाईहरुमा मुख्य गरेर मागी विवाह र आजकल आएर प्रेम विवाह प्रचलनमा छन् । त्यस्तै अन्तरजातीय विवाह पनि हुने गरेको पाइएको छ । अन्तरजातीय जोडिबाट जन्मेका सन्तानले बाबु आमा मध्य जसको जात, वर्ण तल्लो सामाजिक हैसियत छ त्यही स्तरको पाउँछन् । विशेष गरेर विवाह १५ देखि २५ वर्षको उमेरमा गरिन्छ । सामान्यतया मागी विवाहमा आफन्तहरुले मध्यस्थकर्ताको भूमिका खेलेका हुन्छन् । यसरी मध्यस्थता गर्ने व्यक्तिलाई लमी पनि भन्ने गरिन्छ । सामान्यतया पहिले केटा पक्षबाट केटी पक्षकोमा लमी पठाउने वा कुरो चलाउने चलन छ । यो कार्य केटी पक्षबाट पनि हुने गर्दछ । यस जातिमा मामाचेली-फूपूचेला विवाह हुँदैन । कुनै कुनै

परिस्थितिमा भने साली विवाह हुने गरेको छ भने दाजु मरे पछि भाउजू विवाह गर्ने चलन छैन । विवाहमा केटा र केटीबीचमा त्यति धेरै उमेरको अन्तर पाइँदैन । तर छिटफुट घटनामा २० देखि २५ वर्ष सम्म हुने गरेको यस अध्ययनबाट पाइयो । विवाह गर्दा चारजात (कसाई, शाही, खड्गी र नाय:) भित्र नै विवाह गर्नु पर्ने नियम छ ।

विवाहमा जोडि खोज्दा सामान्यतया केटाको नै उमेर बढी हुने गर्दछ । विवाह गर्नु अघि वा विवाहको कुरो चले पछि केटा केटीले एक अर्कालाई सामान्यतया बुझ्न पाउँछन् । विवाहमा मध्यस्थकर्ताले केटा केटीको बारेमा भनेको कुरा केही साँचो र केही झूठो हुने गरेको पाइन्छ । सामान्यतया कसाईहरुमा केटीलाई केटा खोज्नभन्दा केटालाई केटी खोज्न सजिलो हुन्छ । विवाहमा जोडि छनोट गर्दा अभिभावक र सम्बन्धित व्यक्ति दुवैको भूमिका हुने गर्दछ । सामान्यतया केटाको आचरण, पेशा, आर्थिक अवस्था आदिलाई हेरिन्छ भने केटीको रुप, आचरण आदिमा जोड दिइन्छ । मागी विवाहमा पनि केटालाई केटी छान्ने र केटीलाई केटा छान्ने वा वैवाहिक प्रस्ताव स्वीकार गर्ने पूर्ण अधिकार हुन्छ । कसाई जातीमा मागी र प्रेम विवाह दुवैलाई सहजै रुपमा लिन थालिएको छ । सामान्यतया प्रेम विवाह गर्नेको जातीय हैसियत कम हुन्छ भनिए पनि आजकल व्यवहारमा त्यस्तो पाईंदैन । मागी विवाहमा केटा केटीको हरेक पक्षमा परिवार नै जिम्मेवार हुन्छ भने भागी(प्रेम) विवाहमा नहुन पनि सक्छ । माइती पक्षले सकेसम्म छोरीको घरमा खाना खादैंनन् । तर आजकल दुल्हन फर्काएपछि वा प्रेम विवाहमा टीका दिने (प्रेम विवाह भइसकेकालाई फेरि विधिपूर्वक गरिने वैवाहिक कार्य) कार्य पछि खाइने गरिन्छ ।

विवाहमा केटा र केटीको चिना मिलाउनु पर्छ । सो कार्य पण्डित वा पुरोहितले गर्दछन् । नेवारी (कसाई) पुरोहितलाई गुभाजु भन्ने चलन छ । विवाहमा भान्जा वा ज्वाँइ नै पुरोहित हुने गर्दछन् भने कसैले गुभाजुलाई पनि बोलाउँछन् । आजकल ब्राम्ह्ण जातिको पुरोहित पनि बोलाउने चलन आएको छ । विवाहमा सामान्यतया जग्गे बनाईंदैन । यदि ब्राम्ह्ण पुरोहित बोलाइएको छ भने उसैको निर्देशन अनुसार वैवाहिक विधि गरिन्छ । वैवाहिक खर्चमा समय अनुसार वृद्धि हुँदै गएको छ । विवाहको कुरो चलेपछि त्यसलाई पक्का गर्न केटा पक्षले केटी पक्षलाई १० वटा सुपारी र १० वटा सिक्का दिइन्छ । सुपारी दिएपछि केटी भागे पनि केटा पक्षनै त्यसमा जिम्मेवार हुनुपर्छ । सामान्यतया विवाह पछि चार दिनमा दुल्हन फर्काउने चलन छ । पहिले यातायातको व्यवस्था नहुँदा हिंडेर जानु पर्ने अवस्थामा जन्ती दुलहीको घरमा बासबस्दथे । कसाई विवाहमा सामान्यतया

पञ्चेबाजा बजाइन्छ भने रत्यौली गीतहरु गाइन्छ । विवाहमा आजकल मौलाउदै गएको दाइजो प्रथाले यस जातिमा समेत प्रभाव पारेको छ । दाइजोकै कारण विवाह हुन गाऱ्हो पर्ने घटना पनि हुन थालेका छन् । कसाई भोजमा मुख्य गरेर भैंसीको मासु, चिउरा (बजी), रक्सी, भात, तरकारी आदि हुने गर्दछ । विवाह बैशाख, असार, श्रावण, भाद्र, असोज, मंसीर, माघ, र फाल्गुण महिनामा हुने गर्दछ । ब्राम्हण (तागाधारी) र कसाई विवाह शैलीमा धेरै कुरामा अन्तर पाउँन सकिन्छ (त्यो सबै यहाँ समावेस गर्न सकिएन) भने नेवारी र कसाई विवाह शैलीमा भने खासै भिन्नता पाउन सकिदैन । कसाई जातिमा विवाह, सास्कृतिक कार्य, भोज-भतेर, पूजा आदि कार्यका गुठीले आर्थिक सहयोग गर्दछ । जसले गर्दा त्यस्ता कार्य गर्न सजिलो हुन्छ । पहिले विवाहमा डोली लिएर जाने चलन पनि यो जातिमा थियो । विवाहमा केटाले दौरा सुरुवाल, जुत्ता लगाउनेर कम्मरमा पटुका बाँध्ने गर्दछन् भने केटीले साडी, चोली, हाकुपटासी, चुरापोते आदि लगाउने गर्दछन् ।

कसाईहरुमा सामाजिक तथा सास्कृतिक सम्बन्धको रुपमा गुठी नामक संस्था हुन्छ । विवाह पछि छोरीको गुठीसँगको सम्बन्ध स्वतह समाप्त हुन्छ र उसको नयाँ गुठीसँग सम्बन्ध हुन्छ । कसाईहरुमा त्यति सम्बन्ध विच्छेदका घटनाहरु पाउन सकिदैन । विवाह विच्छेदबाट परिवार तथा समाजमा नराम्रा असरहरु तथा मानसिक तनाव पार्दछ । कसाई उत्तरदाताहरुका अनुसार पारिवारिक झगडा, आपसी समझदारीको कमी, आर्थिक कमजोरी, शिक्षा र जनचेतनाको कमीले हुने गर्दछ । यदाकदा केटीले अर्को केटासँग विवाह गरेका सम्बन्ध विच्छेद हुने गरेको पाइयो । प्रेम विवाहमा पनि सम्बन्ध विच्छेद हुने गर्दछ । सम्बन्ध विच्छेदबाट बालबच्चा परिवारले पाल्नु पर्ने, बालबच्चाको राम्रो हेरचाह पनि नहुने समस्याहरु देखिन्छन् । अन्तरजातीय विवाह अहिले आएर सामान्य भए पनि समाजले त्यति खुलेर मान्यता दिएको पाइदैन । छोराले आफू भन्दा तल्लो जातीय हैसियत भएको श्रीमती विवाह गरेमा छोरा बुहारीलाई परिवार समाज र इष्टमित्रबाट बहिस्कार गरिन्थ्यो । त्यसैले उनीहरु छुट्टै बस्नु पर्थ्यो । उनीहरुबाट जन्मेका सन्तानलाई पनि त्यस्तै व्यवहार गरिन्थ्यो । त्यस्तै छोरीको विवाह पनि आफू भन्दा तल्लो जातीय हैसियत भएको केटासँग भयो भने माइतमा छोरी-ज्वाँईलाई नभित्र्याउने र बच्चा बच्चीलाई पनि त्यस्तै व्यवहार गर्ने गरिन्थ्यो । त्यसको अलवा छोरा-छोरीको विवाह आफूभन्दा माथिल्लो जातीय हैसियत भएको केटी वा केटासँग भएमा यसलाई सहजै रुपमा स्वीकार गरिन्थ्यो । आजकल प्रेम विवाहलाई मागी विवाहका रुपमा गर्ने र अन्तरजातीय मागी विवाह गर्ने चलन पनि आएको छ । कसाईहरुमा विधवा विवाह हुँदैन ।

## ६.४.२. कसाई जातिमा विवाह विधिः

(क) विवाहको लागि छोरा तर्फबाट गर्ने कार्यविधि :- दुवैतर्फको मन्जुरीपछि जनै सुपारीको कार्य साइत हेराई गरिन्छ र सर्बप्रथम सुकुण्डा पूजा गरी कार्य शुरु गरिन्छ । जनैसुपारी लिदाँ चरेशको थालमाथि नयाँ कपडा राखी त्यसमाथि दशवटा ठूला सुपारी दश रुपैंयाको सिक्का, सिन्दुर, त्यसमा फलफूल, धुप, बत्ती बाली सर्वप्रथम दुलाहाको तर्फबाट लमी वा ज्वाँईले दुलहीको बाबुलाई हस्तान्तरण गर्ने र आमाबाट क्रमानुसार परिवार र सम्बन्धित व्यक्तिहरुले लिए पछि अन्तिममा लिइ विवाहको दिनको कार्यक्रमका लागि सुरक्षित स्थानमा राख्ने गरिन्छ । सो कार्य पुरा भए पछि दुलाहा तर्फबाट जलपान कार्यक्रम गराइ विवाहको दिन वा साइत तोक्ने कार्य सम्पन्न गरी जन्तीको संख्या आपसी समझदारीमा पछि तोक्ने गरिन्छ । सुपारी हस्तान्तरण गर्दा 'म आजबाट म (नाम भन्ने) फलानाको छोरी फलानालाई आजको मितिमा हाम्रो सस्कार अनुसारको कार्यविधि गरी फलानाका छोरा तपाई फलानालाई दिने प्रतिबद्धता सहित उपस्थित सबैको रोहवरमा जनै सुपारी गर्ने कार्य सम्पन्न गरिन्छ ।

चहिने सामानहरु :-ठूलो सुपारी १० वटा, रु. १ को सिक्का १० वटा, कपडा आधा मिटर, फलफूल, चरेशको थाल, एक माना चामल, पूजा सामाग्री, सुकुण्डा ।

(ख) दुलाहाको तर्फबाट जन्ती जाने कार्यविधि :- सर्वप्रथम जन्तीलाई सुपारी वा निमन्त्रणा कार्ड दिई निमन्त्रणा गरिन्छ । विवाहको दिन निश्चित समय अगाडि नुहाइ धुवाई गरेर केश काटी नाग, भुयाँर, कुल देवता, वाई आदि सबैलाई सम्झी चामल, सुपारी, धुप, दिइ सुरक्षित ठाउँमा राख्ने वा उठाउने र पितृलाई सके श्राद्ध गर्ने नसके सिधा दिने । आँगनमा कुमार पूजा गर्ने र गणेश पूजा घरभित्र गर्ने गरिन्छ । त्यस पछि दुलाहालाई आमाले साइतको टीका लगाई प्रसाद हातमा दिने र डोली, ट्याक्सी, घोडा आदिमा चढाई अरुलाई टीका लगाइदिने वा पूजा गरी उपस्थित जन्तीलाई जलपान (खानपान) गराई सुकुण्डा (ज्वार)लाई अगाडि लगाएर सम्बन्धित महिलालाई कोटा सामान सहित (छोरा) लिइ जन्ती प्रस्थान गर्ने तथा जन्ती प्रस्थान गर्नु भन्दा पहिले (साइत) वा दुलहीलाई सगुन दिने कार्य सम्पन्न गरिन्छ ।

(ग) साईपाटाको कार्यविधि :-आवश्यक सामान सहित पाँच जना महिला (सासु अनिवार्य) मात्र साईपाटा अथवा सगुन दिन जानु पर्छ । यसका लागि कपडा, अण्डा, रक्सी, मासु, पूजाको सामान, झिलिङ्गा रोटी आवश्यक पर्छ ।

पूजाको कार्यविधि :-दुलाहाको आमाले सर्वप्रथम गणेशको पूजा गरी सगुन दिई (कपडा माथि अण्डा र रक्सी) उक्त कार्य पुरा गर्ने तथा दुलही तर्फबाट साइपाटा (सगुन)मा सहभागी महिललाई जलपान गराई बिदाई गने र जन्तीको स्वागतको तयारी गरिन्छ ।

(घ) जग्गेमा गर्ने कार्यविधि :- सुकुण्डा बाली कलश कोटा र पूजा सामान साथै सगुनको सामान तयार गर्ने तथा सर्वप्रथम सुकुण्डा (गणेश) पूजा गर्ने अनि कलश पूजा गर्ने गरिन्छ । दुलाहाले दुलहीलाई एक तोला पुरा सिन्दुरले तीन पटक तीन ठाँउमा सिन्दुर हाल्ने । सिन्दुर लगाँउदा रातो कपडा निधारमा राखी समाउने र सधवा सासु भए सासुले नभए घरको मुली सधवा महिलाले दुलाहा दुलहीको पूजा गर्ने गरिन्छ । सिन्दुर हाल्दा दुलाहाको छोरा, भतीज तथा छोरी भतीजीलाई हेर्न नदिने (बुबाको विवाह हेर्न नहुने भएकोले) गरिन्छ । दुलहीलाई आफ्नो कुलमा भित्र्याउनकोलागि दुलहीले ५ वटा सुपारी (सानो) घरको मुलीको हातमा दिई कुल देवताको नाममा चढाउने र गणेश (सुकुण्डा) लाई सगुन दिने गरिन्छ । पहिला दुलाहा र पछि दुलहीलाई सासु वा ज्वाँइले टीका लगाइदिने तथा दुलहीले सगुन लिए पछि दुलाहाको खुट्टाको दुईवटा बुढी औंला समाती ढोग गरी उचित दक्षिणा लिई छोड्न लगाउने गरिन्छ । दुलाहाले लिएको सगुन जुठो गरी दुलहीलाई जुठो खान दिने, जुठो खाएवापत पुन दक्षिणा दिने अनि त्यस पछि दुलहीले सर्वप्रथम ससुरा-सासु लगायत क्रमशः मऱ्यादा क्रमाअनुसार सगुन दिइ ढोगभेट फुकाउने गरिन्छ ।

(ङ) चतुर्थीको कार्यविधिः सर्वप्रथम दुलाहाले दुलहीलाई हालेको एक तोला सिन्दुर सबै लगाई नुहाइ-धुवाई सिन्दुर सबै पखाल्ने र दुलाहा दुलही र केही सम्बन्धित व्यक्तिहरु सहित गणेश मन्दिरमा वा अन्य कुनै मन्दिरमा गई पूजा गरी प्रसाद ग्रहण र जलपान गराई चतुर्थीको कार्य समापन गर्ने गरिन्छ ।

(च) घरभित्रको कार्य विधि :- जग्गेमा दुलाहालाई दाहिने पारी दुलहीलाई बस्न लगाइ दुलहीको दाहिनेतिर सुकुण्डा राख्ने र गणेश (सुकुण्डा) पूजा गर्ने गरिन्छ । दुलाहा दुलहीलाई सम्बन्धित महिलाले पूजा गरी सर्बप्रथम आमाले ज्वाईलाई टीका लगाइ दक्षिणा दिने र छोरी

तर्फबाट सगुन लिने र साइनो अनुसार ढोगभेट फुकाउने कार्यक्रम गर्दै जाने गरिन्छ । छोरीले घरबाट ल्याएको नयाँ बस्त्र आमालाई दिने (छोरीले आमाको दुधको भारा तिर्नको लागि) र छोरी तर्फ (घर)बाट ल्याएको भोजन सामाग्री माइतीले ग्रहण गर्ने गरिन्छ । दुलाहा तर्फबाट आएको दुलाहा दुलही एवम अन्य उपस्थित व्यक्तिहरुलाई माइती पक्षले भोजन गराई सो कार्य पुरा भए पछि दुलाहा दुलहीलाई चारदिन पछि वा आवश्यकता हेरी बिदाई गने गरिन्छ । अन्य व्यक्तिहरुलाई सोही दिनमा नै बिदाई गरिन्छ । चाहिने सामानहरु :-सुकुण्डा, पूजाको सामान, मासु, रक्सी, अण्डा, भोजनको सामाग्री आदि । छोरी पक्षले सम्भनाको लागि बुबा, आमा, लमी वा सम्बन्धित व्यक्तिहरुलाई मात्र केही चिनो दिने गरिन्छ ।

(छ) छोरी तर्फको कार्य विधिः- सम्बन्धित आफन्तहरुका साथै अन्य घर छिमेकीहरुलाई निमन्त्रणा कार्ड वा सुपारी दिई विवाहको लागि निमन्त्रणा गर्ने गरिन्छ । गोर्धुवाका सामानहरु :- एक जोडा भाँडा, खाट सहितको बिछ्यौना, एक थान दराज, कुर्ची टेबुल (सोफासेट) एक थान, श्रीङ्गार सामान सेट, दुलाहालाई साधारण सुनको औंठी,  र एक जोर कपडा, आमा, बुबा र लमीलाई एक जोर कपडा, छोरीलाई एक तोला बराबरको सुनको रिङ्ग,  र आधा तोलाको सुनको औंठी ।

(ज) जन्ती पर्सने कार्य विधिः- आमन्त्रित जन्तीहरुको  साथमा गई सुकुण्डा सहित जन्ती पर्सी दुलाहा तर्फबाट ल्याएको सुकुण्डा र दुलही पट्टिबाट गएको सुकुण्डा बत्ती जोडी आपसमा भलाकुशारी गरेको बोध हुन्छ भन्ने विस्वास छ । दुलाहातिरको डोलीसहित सुकुण्डालाई दुलहीतर्फ जन्ती सुकुण्डासहित ३ पटक परिक्रमा गरी दुवै सुकुण्डालाई सँगै राखी दुलाहालगायत जन्ती सबैलाई अक्षता छर्केर जन्ती पर्सने गरिन्छ । घरको मूल ढोकामा कलश सहित बत्ती बालेर कुमार पूजा गर्ने ठाँउमा लिपपोत गरी पिर्कामाथि दुलाहालाई उभ्याउने र स्वागत गरेको सुकुण्डा दुवै दुलाहाको दायाँ बायाँ राख्ने गरिन्छ । घरमूली सधवा महिला वा हुनेवाला सधवा सासु पर्ने महिलाले दुलाहा भित्र्याउने कार्य गर्ने तथा दुलाहालाई भित्र्याउने सबै पूजा तथा प्रसाद सामाग्री तयार गरी बाहिर ल्याउने अनि भित्र्याउने महिलाले सर्बप्रथम तीनपटक जलधारा गरी दायाँबाट घुम्ने चलन छ । सुकुण्डा लिएको दुवै व्यक्तिलाई दुलाहाको दायाँ बायाँ राखी सर्वप्रथम गणेश (सुकुण्डा)को पूजा गर्ने र दुलाहालाई पुन एकपटक जलधारा गरी दुलहीतर्फ सुकुण्डा अगाडि दुलही कै बुबाले हात समाती भित्र लगेर जग्गेमा बसालिन्छ ।

(झ) स्वयम्बरको कार्यविधि :- दुलाहालाई दाहिने पारी दुलहीसँगै बसाल्ने तथा सर्बप्रथम स्वयम्बरको कार्यमा दुलहीले दुलाहाको पूजा गरी स्वयम्बरको फूलमाला लगाइदिने र दुलाहाले औंठी र फूलमाला लगाएर स्वयम्बरको कार्य पुरा गर्ने गरिन्छ । स्वयम्बरको कार्य शुरु भएदेखि पुरा नभएसम्म निरन्तर बाजा बजाउन लगाउने र एकछिन (केहि समय) को विश्रामपछि दुलाहापक्षको सम्पूर्ण जन्तीहरु साथै बाजा टोलीलाई भोज खुवाउने तथा जग्गेमा कन्यादानको कार्य गर्न लगाउने गरिन्छ ।

(ञ) सम्बन्धित महिलाले गर्नु पर्ने कार्यविधि :- सर्बप्रथम गणेश (सुकुण्डा) को पूजा गर्ने र कलश तथा कोठाको पूजा गर्ने अनि दुलाहा दुलहीको पुजा गर्ने तथा दुलाहा दुलहीलाई सगुन दिने गरिन्छ । सर्बप्रथम बुबा-आमा घरको मूलीबाट क्रमशः परिवारका सम्पूण सदस्य र आफन्तहरुले जल खाई आ-आफ्नो उपहार प्रदान गर्ने र उक्त कार्य साथसाथै १० वटा खाने सुपारी (ग्वे साकेऊ) प्रत्येक जल खाने व्यक्तिलाई दुलाहातर्फको ज्वाइ वा लमीले क्रमश दिने तथा उक्त दिएको सुपारी बुबाआमाले फर्काउन नहुने तर अरु व्यक्तिले इच्छा अनुसार फर्काउन वा नफर्काउन सकिन्छ ।

(ट) कन्यादानको कार्यविधि :- दुलहीको तर्फबाट उपासक बस्ने बुबाआमा सहित अन्य व्यक्तिहरु उपस्थित भई दुलाहा दुलहीलाई उभ्याई दुलाहाको दुईवटा हातलाई स्वस्तिक मुद्रामा थाप्न लगाउने र दुलहीको हात सोहीमाथि सोही मुद्रामा राख्न लगाउने गरिन्छ । दुलहीतर्फको ज्वाइले जलसहित झारी लिई उभिने तथा जौ, तिल, कुश, तुलसीको पात, तामाको पैसा, सहित दुलहीको हातमा राखी दुलहीतर्फको ज्वाइले जलधारा झार्ने गरिन्छ । सो जलधारा दुलहीको हातमा उपासक बस्नेहरुले तपाई दुलाहा (दुलहीको नामा लिदैं) म फलाना मेरो छोरी फलाना तपाई फलानाको छोरा फलानालाई आजको मितिदेखि मेरो कुलबाट तपाईको कुलमा सुम्पिदिए भनी बुबाआमासहित सम्पूर्ण उपासक बस्नेहरुले दुलाहाको हातमाथि दुलहीको हात राखी ‘मारे पाप पाले पुण्य’ भनी सुम्पिएर कन्यादानको कार्य सम्पन्न गर्ने गरिन्छ । उक्त कार्यमा झरेको पानी जलभाँडा वा झारी थापी अन्य जौ, तिल, कुश, तुलसीको पात र तामाको पैसा दुलाहाले थापी आफ्नो गोजीमा राखी घर लगी सुरक्षित गरी पवित्र स्थानमा राख्ने र जलधाराको पानी राख्ने तथा दुलहीले लगाएको बस्त्र र गहना फुकाली दुलाहातर्फको बस्त्र-गहना लगाई सिंगार-पटार गराउने गरिन्छ । दुलहीलाई मामा र बुबा अथवा सम्बन्धित उपासक बस्ने व्यक्तिहरुले बोकेर लगी डोलीमा तीन

पटक परिक्रमा गरी फूल, अक्षता, लाभा, घरका तथा अन्य सम्बन्धित व्यक्तिहरुले छोरीलाई डोलीमा राखी घरदेखि केही परसम्म गएर बिधाई गरी पठाउने तथा दुलहीलाई बिदाई गर्नु भन्दा पहिले सम्धी-सम्धी बराबर नाता व्यक्तिहरु एक आपसमा टीका लगाउने, अंकमाल गरी बिदाई गर्ने गरिन्छ ।

(ठ) जन्ती फर्केपछि दुलही भित्र्याउने कार्यविधि :- घरको मूल ढोकाका अगाडि कुमार पूजा गर्ने ठाँउमा रातो माटोले लिपी दुलाहा दुलहीलाई दुईवटा पिर्कामाथि उभ्याउने अनि दुलाहाको बायाँ दुलहीलाई उभ्याउने वा राख्ने गरिन्छ । दुलाहाको परिवारको सबैभन्दा जेठो सधवा महिलाले वा सधवा आमाले दुलही भित्र्याउने तथा पूजा प्रसादसहित आँगनमा तयार गर्ने गरिन्छ । दुलही भित्र्याउन ३ पटक जलधारा घुमाई चिउरालाई पानीले भिजाई दुलाहा दुलहीलाई टीका लगाई दिने र ६-६ पटक वाल्ला (अभिशेष) गरी प्रसाद दुवैका हातमा राखिदिने गरिन्छ । पुन एकपटक जलधारा घुमाई दुलहीलाई तालाचावी दिई दुलाहाको आमाले सुकुण्डा अगाडि लगाई भित्र्याउने कार्य गर्ने गरिन्छ । साथै उक्त दैलोमा स्वागतको लागि बालेको बत्ती दाया बाया राख्ने गरिन्छ । बाटो छेक्ने दुलाहाको दिदी बहिनीलाई उचित दक्षिणा दिइ बाटो फुकुवा गर्ने र जग्गेमा दुलाहालाई दाहिने पारेर बसाउने गरिन्छ । दुलाहा पक्षले जन्तीलाई तोकिएको समय र स्थानमा भोज खुवाई बिदा गर्ने गरिन्छ । दुलही भित्र्याउँन चाहिने सामानहरु :- पित्तलको कोटा, दियो, पूजा सामान (गोजा सहित), जजङ्का, सिन्दुर एक तोला, सानो सुपारी ५ वटा, अण्डा, मासु, रक्सी, फलफूल, समयबजी) ।

(ड) दुल्हन फर्काउने कार्यविधि :- डोली दिएको चौथो दिन वा टाढा भएको खण्डमा दिन हेरी आपसी समझदारीमा दुल्हन फर्काउने कार्य गर्ने, चतुर्थीको कार्य व्यवस्था वा व्यवहारिकतालाई ध्यानमा राखी अगाडि पछाडि पनि गर्न सकिन्छ । आवश्यक सामान सहित पूर्व सूचना गरी सम्बन्धित व्यक्तिहरु दुल्हन फर्काउन जाने र चोखो-निखो भई दुलाहा-दुलही दुलहीको घर (माइत) मा दुल्हन फर्काउन जाने गरिन्छ । घरज्वाई तथा अन्य व्यक्तिहरुलाई घरबाट केही पर सम्म लिन जाने तथा प्रेम विवाह वा भागेर वा भगाएर ल्याएको भए लिन जादा सुकुण्डा लिएर स्वागत गर्न जाने गरिन्छ । छोरीको बुबाले ज्वाइको हात समाती ल्याउने तथा कुमार पूजाको आसनमा राखी सम्बन्धित महिलाले तीन पटक गरी घुम्ने र गणेश (सुकुण्डा) पूजा गर्ने गरिन्छ । दुलाहा दुलहीलाई पूजा गरी ६-६ पटक ह्वाल्ला (अभिशेष) गरी प्रसाद हातमा दिई ज्वाईलाई हात समाती दुलहीको बुबाले घरभित्र लगिन्छ ।

### ६.४.३. कसाई जातिमा सम्बन्ध विच्छेदको अभ्यासः

एक पटक विवाह गरिसकेका दम्पत्ति बीचको सम्बन्धमा विभिन्न कारणले किचलो आई आपसमा सामाजिक सांस्कृतिक विधि वा कानुन अनुसार आपसको सम्बन्ध टुटाउनुलाई सम्बन्ध विच्छेद वा पारपाचुके भन्न सकिन्छ । नेपाली समाजमा पारपाचुके त्यति सजिलो र प्रख्यात पनि छैन । इतिहासमा जतिवेला राज्यको कानुन भन्दा सामाजिक, सास्कृतिक र धार्मिक मान्यताले समाज परिचालित थियो, त्यतिवेला पारपाचुके हुने घटना ज्यादै न्यून वा शून्य जस्तै थियो । त्यतिवेला समाजमा धार्मिक मान्यता अनुसार चल्दथ्यो र सामाजिक बनोट सरल थियो । सामाजिक सास्कृतिक परिवर्तनले गति लिदैं जादा सामाजिक सास्कृतिक मान्यताहरु खुकुलो हुँदै जान थाल्यो । समाज परिवर्तन हुँदै जादा समाज धार्मिक मान्यताभन्दा पनि राज्यको कानूनबाट चल्नु पर्ने हुन थाल्यो । मानिसहरुमा चेतनाको विकास भयो । देशी-विदेशी सस्कृतिको प्रभाव पर्न थाल्यो । शिक्षाको प्रचार, सामाजिक चेताना, सञ्चार माध्यमको विकास, महिला आन्दोलन, आदिले गर्दा महिलालाई पुरुषको अत्याचार सहेर बस्नुपर्ने स्थितिमा कमी आएपछि पारपाचुके सम्बन्धी नियमहरु खुकुलो हुन थालेका छन् ।

नेपाली समाजमा तागाधारीहरुमा भन्दा जनजाति तथा दलितहरुमा सामाजिक, धार्मिक बन्धनहरु तुलनात्मक खुकुला छन् । त्यसैले उनीहरुमा लैङ्गिक विभेद परापूर्वकालदेखि नै कमी थियो । सती प्रथा पनि कडाईका साथ लागु हुन्दैनथ्यो । समाजमा स्त्रीले छोरो नै जन्माउनु पर्छ भन्ने मान्यतामा पनि केही खुकुलो थियो र छ पनि । त्यसै हुनाले साईहरुमा पनि सम्बन्ध विच्छेद नगण्य मात्रामा हुने गरेको पाइन्छ । खासगरी बौद्ध नेवारहरुमा लोग्ने र स्वास्नीको सम्बन्धलाई व्यवहारिक रुपबाट हेरिन्छ । त्यसैले आपसमा मेल नभएमा पारपाचुके गर्न गाऱ्हो पर्दैन । त्यसैको कारण त हरेक केटीको विहे सातदेखि नौ वर्षको उमेरमा बेल भन्ने फलसँग गरिएको हुन्छ । त्यसपछि लोग्ने मर्दा पनि बर्खी बारेर विधवा हुनुपर्दैन । विहेको सुपारी फिर्ता दिएर लोग्ने मर्दा पारपाचुके लिन सक्छन् । (विष्ट, २०५२ ) ।

पोखराका कसाईहरु लोग्ने मरे पछि पारपाचुके लिने र लोग्ने मरे पनि विधवा नहुने र पुनरविवाह गर्ने प्रचन छैन । यिनीहरुमा पनि विवाहमा दिएको सुपारी फिर्ता दिएमा पारपाचुके भएको मानिने मान्यता छ तर आजकल व्यवहारमा यस्तो पाइँदैन । आधुनिकता, शहरीकरण,

महिला समानता, महिला शिक्षा, स्वरोजगारी, व्यक्तिगत स्वतन्त्रतामा बृद्धि, सामाजिक बन्धनमा खुकुलोपना आदि कारणले सम्बन्ध विच्छेदका घटनाहरु बढ्दै जान थालेका छन् । विशेष गरी कानुनी रुपमा पनि विच्छेद गर्ने र कोही महिलाहरु सम्बन्ध विच्छेद गर्न चाहेमा अर्कै केटासँग पुनरविवाह गरेर सम्बन्ध विच्छेद गर्ने गरेको पाइयो । त्यस्तै प्रेम विवाह गरेका जोडिहरु वीचमा पनि सम्बन्ध विच्छेद हुने गरेको पाइयो । कसाई समुदायमा दाईजोको कारण विवाह गर्न गाऱ्हो परे पनि यसैको कारण सम्बन्ध विच्छेद भएका घटनाहरु पाइएनन् । कसाई उत्तरदाताका अनुसार आपसी समझदारीको कमी, विहे गर्दाको आपसी समझदारी अर्थात विवाह गर्नु अघि केटा र केटीको बारेमा भनिएका कुराहरुमा सत्यता नभएमा तथा पारिवारिक समस्याको कारण सम्बन्ध विच्छेद हुने गरेको पाइन्छ । सम्बन्ध विच्छेदबाट बालबच्चा परिवारले पाल्नु पर्ने, बच्चाबच्चीको राम्रो हेरचाह र पालनपोषण नहुने समस्या पनि देखिन्छ । श्रीमान श्रीमती बीचमा यसरी द्वन्द परेमा त्यसको रिसको रुपमा केटा केटीमाथि पोख्ने पनि हुन्छ । शहरीकरण कै कारण आजकल फेसन कै रुपमा विवाह पछि बाबुआमासँग छुट्टिएर बस्ने र सामान्य द्वन्द्वको अवस्थामा पनि सम्बन्ध विच्छेद गर्ने घटनाहरु बढिरहेका छन् । हाम्रो सामाजिक र कानुनी मान्यता पितृसतात्मक भएकाले बच्चाको हक पितामा हुने हुनाले सानो बच्चाको पालन पोषणमा समस्या देखिने गरेको पाइन्छ ।

### ६.४.४. कसाई जातिमा विधवा विवाह र पुनरविवाहका अभ्यास

नेपाली समाजमा दोस्रो विवाहकोलागि महिलालाई कम सम्भावना हुन्छ । सम्बन्ध विच्छेद पछिको अवस्थामा कतिपय महिला र पुरुषको पुनर विवाह गर्दछन् । पुरुषहरुले छोरा छोरी नभएर वा छोरा नभएर श्रीमती मरेको अवस्थामा लगायत आर्थिक सामाजिक कारण देखाएर दोस्रो विवाह गरेर दोस्रो पत्नी भित्र्याएका भेटिन्छन् । लोग्नेले दोस्रो विवाह गरेको अवस्थाका महिला र विधवा महिला पनि कसैसँग विवाहित भइ जाने गरेको भेटिन्छ । यो अवस्थामा पनि दोस्रो विवाहका उदाहरण हुन ।

अझै पनि नेपाली समाजमा विधवाको स्थिति नाजुक देखिन्छ । यदि छोरा छैनन् वा साना छन् भने विभिन्न आरोप लगाउने प्रचलन वर्तमानमा पनि कायमै छ । कैयौं विधवालाई त बोक्सीको आरोपसमेत लगाइएको घटनाहरु सुन्ने र देख्ने गरेका छौं । नेपाली समाजको सिङ्गो प्रचलनलाई हेर्दा विधवा विवाहको प्रचलन अति न्यून छ वा छैन भन्न सकिन्छ । यसमा समाजको

सकारात्मक मूल्याङ्कन रहेको देखिदैंन । कतिपय अवस्थामा सानै उमेरमा विधवा भए पनि मरेका पतिको नाममा सामाजिक संस्कार अनुसार महिलाले लामो समयसम्म एक्लो जीवन बिताएका छन् । यो रहरभन्दा पनि बाध्यता हो । अर्कोतिर स्वास्नी मरे पछि विदुर भएका लोग्नेले स्वास्नी मरेको एक वर्ष पनि वित्न नपाउदै पुनरविवाह गरेका प्रसस्त उदाहरणहरु भेटिन्छ । चन्द्र शमशेर प्रधानमन्त्री भए पछि वि.स. १९१० को मुलुकी ऐनले सती प्रथामा बन्देज लगायो ,

त्यस्तै नेवारहरुमा हरेक केटीहरुको विहे सातदेखि नौ वर्षको उमेरमा बेल भन्ने फलसँग गरिएको हुन्छ । त्यसपछि लोग्ने मर्दा बर्खी बारेर विधवा भइ बस्न पनि यी नेवार महिलालाई कर लाग्दैन । विहेको सुपारी फिर्ता दिएर लोग्ने मर्दा पनि पाचुके लिन सक्छन् (विष्ट, २०५२) । नेवार केटीहरुको सामाजिक पति (मानिस पति) मरे पनि विधवा हुनु पर्दैन किनकि उसको विवाह धार्मिक संस्कार अनुसार धार्मिक पति (बेलसँग) भएको हुन्छ भन्ने भनाइ छ । तर पोखराका कसाईहरुमा इहिमा बेलसँग विवाह नगरिने हुनाले पति मरे पनि विधवा हुनु नपर्ने प्रचलन छैन, पति मरेपछि विधवा हुनु पर्छ । दाजु मरे पछि भाउजूको विवाह देवरसँग हुने प्रचलन पनि यिनिहरुमा छैन । कसाई जातिमा विधवाप्रतिको हेराई समाज तथा परिवारमा समग्रमा सकारात्मक नै पाइन्छ । केही उमेरमा नै विधवा भएका महिलाह्रुले पुनरविवाह पनि गरेका छन् । त्यस्तै कतिपय विवाहित महिलाले पनि एउटा लोग्नेलाई छाडेर अर्कोसँग विवाह गर्ने प्रचलन पनि कसाई जातिमा वृद्धि भएको पाइन्छ ।

वर्तमान नेपाली समाजमा विभिन्न परिवर्तनहरु आएका छन् । पुनरविवाहप्रति सकारात्मक सोचाईको विकास भएको छ । खासगरी नारी शिक्षा, नारी आन्दोलन, विश्वव्यापी शिक्षाको विकास, राजनैतिक चेतनाको विकास, धार्मिक कट्टरतामा लचक अवधारणाको विकास, सामाजिक अवधारणाको विश्लेषण, कानुनी सुधार, मानवीयताको विकास आदि कारणले पुनरविवाह र विधवा विवाहका घटनाहरु बढ्दै गएको पाइन्छ ।

**७.३. शहरीकरणले ल्याएका परिवर्तनहरुः**

अघिका अनुच्छेदमा उल्लेख भए झैं पोखरा पहिले विकसित थिएन । ७२ वर्षीय यज्ञ बहादुर साईका अनुसार कतै-कतै झुप्रा घरहरु थिए । बजारको विकास भएको थिएन । यो ठाँउ समथर

भएकोले गौचरनको रुपमा उपयोग गरिन्थ्यो । बाटोघाटो तथा राजमार्गको सुविधा थिएन । वरिपरि घना जङ्गल थियो । घरहरु ढुङ्गा, माटोले बनाइएका र घरका छानाहरु खर र ढुङ्गाबाट बनाइएका कच्ची थिए । चौताराहरु प्रसस्त थिए भने पानीको राम्रो सुविधा थिएन । सेती नदीको पानी खाने चलन थियो । केही समयपछि पर्स्याङ्गबाट पानी ल्याइएको थियो । पोखरा भरिमा जम्मा १२ वटा धारामात्रै थिए । मानिसको संख्या कम थियो र हिंड्न डरलाग्दो थियो (व्यक्तिगत संबाद, २०६२) ।

तर अहिले आएर पोखरा शहरको रुपमा विकास भएको छ । नेपालको काठमाडौंपछिको दोस्रो ठूलो शहर बनेको छ । शहरी क्षेत्रमा हुनु पर्ने भौतिक सुविधाहरु उपलब्ध छन् । शिक्षाको लागि विश्वविद्यालयदेखि असंख्य क्याम्पस र विद्यालयहरु खुलेका छन् । त्यस्तै स्वस्थ्य क्षेत्रमा पनि सरकारी र थुप्रै निजी अस्पताल, क्लिनिक तथा स्वस्थ्य केन्द्रहरु खुलेका छन् । सञ्चारको पनि राम्रो सुविधा छ । त्यस्तै व्यापारिक तथा आर्थिक क्रियाकलाप पनि उत्तिकै मात्रामा बढ्दै गएका छन् । यातायातको क्षेत्रमा एउटा राष्ट्रिय विमानस्थल छ भने अन्तर्राष्ट्रिय विमानस्थल बन्ने क्रममा छ । सडक यातायातको राम्रो सुविधा छ । पोखरालाई पिच सडकले काठमाडौं, नारायणगढ, बुटवल, भैरहवा, विरगञ्ज, हेटौंडा, विराटनगर, लुम्बिनी लगायत देशका सबैजसो ठूला शहरहरुसँग जोडेको छ । यो एक पर्यटकीय केन्द्र भएकोले विदेशीहरुसमेत यस क्षेत्रमा आकर्षित भइरहेका छन् । यसबाट पश्चिमी संस्कृति भित्रने क्रममा छ । यहाँ विदेशी खाना, विदेशी स्तरका होटलहरु, विदेशी जीवन शैलीको पनि विकास हुँदै गइरहेको छ । त्यसैले यहाँको भौतिक तथा अभौतिक संस्कृतिमा तीब्र रुपमा परिवर्तन भएको पाउन सकिन्छ ।

शहरीकरणकै कारण मानिसहरु एकल परिवारमा बस्ने प्रवृत्ति बढेको छ । हिन्दू सामाजिक जीवनमा हुने गरेको छोरा र छोरीबीचको विभेदमा कमी आएको छ । शहर बन्नु सबैलाई राम्रो लागेको छ । व्यापार व्यावसाय बढ्नुका साथै व्यवस्थित बनेको छ । सरसफाईको बारेमा पनि धेरै मात्रामा ध्यान दिन थालिएको छ । मानिसहरु शहरी वातावरणमा चल्न थालेका छन् । कसाईहरु पोखरा बजारमा केन्द्रित भएकाले कसाई विवाह पद्धतिमा परिवर्तनको ढाँचा पनि शहरी ढाँचामा नै छ । धेरै उत्तरदाताहरुले आधुनिक विवाह शैलीभन्दा परम्परागत विवाह शैली नै मनपराएका छन् । पहिले विवाहमा अभिभावकको धेरै भूमिका हुने र केटा-केटीले एक अर्कालाई राम्रोसँग नचिनी वा आत्मनिर्भर नहुँदै विवाह हुन्थ्यो जसले गर्दा पछि गएर वैवाहिक सम्बन्धमा किचलो आउने गर्दथ्यो । वैवाहिक जोडिले अभिभावकको राम्रो संरक्षकत्व पाउँथे । तर अहिलेको विवाहमा केटा-केटीले एक

अर्कालाई राम्रोसँग बुझेर विवाह गरे पनि विकृति र विसंगतिहरु बढ्न थालेका छन् । देखाउनको लागि पनि धेरै मात्रामा धन खर्च गर्नुपर्ने भएको छ । गरिबका छोरा-छोरीको विवाह (धनको अभावको कारण) नहुने स्थिति आएको छ । विवाहबाट स्वस्थ कौटुम्बिक सम्बन्ध बनाउने र असल बुहारी भित्र्याउने भन्दा पनि व्यापारिक शैलीमा विवाह हुन थालेको छ । पोखरा शहरी क्षेत्र भएकाले यहाँ बस्ने मानिसहरु यस वातावरणमा भिजिसकेका छन् ।

यसअघि गुफा राख्दा अन्य धेरै व्यक्तिहरुलाई निमन्त्रणा गन, धेरै धन खर्च गर्ने चलन रहेकोमा आजकल नजिकका नातेदार र छिमेकीलाई मात्रै निमन्त्रणा गरे हुने भएको छ । त्यस्तै गुफाकै कार्यक्रममा घरकोले अन्य नातेदारहरुलाई गुफा अवधिभरिमा तीनपटक भोज खुवाउनु पर्ने र नातेदारहरुले पनि तीन पटकसम्म नै खाजा (खानेकुरा) ल्याउनु पर्ने व्यवस्थालाई परिवर्तन गर्दै भोज खुवाउने र खाजा ल्याउने एक पटक मात्रै गरे हुने भएको छ । त्यस्तै पहिले छोरीको गुफा राख्दा वा छोराको ब्रतबन्ध गर्दा एक्ला एक्लै गरिन्थ्यो भने अहिले सामूहिक रुपमा गर्ने प्रचलन आएको छ । पहिले पहिले रजस्वला भएपछि पनि गुफा राखिन्थ्यो भने अहिले त्यस अघिनै राखिन्छ ।

विवाहमा मागी विवाह प्रचलनमा रहेकोमा आजकल प्रेम विवाह प्रचलनमा आउन थालेका छन् । मागी विवाहमा पनि अभिभावकले आफै निर्णय नगरी केटा वा केटीले नै अन्तिम निर्णय गर्न पाउने भएका छन् । केटा-केटीले एक अर्कालाई राम्रोसँग बुझेर विवाह गर्ने प्रेम विवाह पनि सबैको अनुमति लिएर आयोजित (मागी) विवाह जस्तै गरी गर्न थालिएको छ । पहिले पहिले ९ देखि १५ वर्षभित्र विवाह गर्ने प्रचलन थियो । तागाधारी हिन्दूहरुमा छोरी रजस्वला नहुँदै विवाह गरेर चोखो जल खानुपर्छ र यसबाट आमा, बाबु र जेठो दाजुले मत्युपछि स्वर्गमा ठाँउ पाउँछ भन्ने धार्मिक मान्यता अनुरुप वैवाहिक कार्य गरिन्थ्यो । श्री स्वस्थानी ब्रतकथामा ७ वर्षकी कन्या गोमालाई ७० वर्षका शिव शर्मा ब्राम्हणलाई कन्यादान दिए जस्तै बच्चा र वृद्धबीच पनि विवाह हुने प्रचलन थियो । त्यसैको अस्थित्वको रुपमा रहेको गुफा राख्ने (सूर्यसँग विवाह गर्ने) प्रचलनलाई लिन सकिन्छ । तर आजकल सानो उमेरमा विवाह गर्ने प्रचलन हराएर केटा-केटी दुवै परिपक्क भएर आफ्नो भविष्यको निर्णय आफै गर्न सक्ने भएपछि वा आर्थिक जोहो गरेपछि मात्रै विवाहको लागि तत्पर हुने प्रचलन आएको छ । लोकतन्त्रको बहाली, अन्य समाजको प्रभाव, शिक्षाको विकास, राजनीतिक चेतना, महिला आन्दोलन आदिले गर्दा महिलाको सामाजिक हैसियत राम्रो भएको छ । महिला विशेषगरी बुहारी परिवार तथा समाजमा दबिएर बस्नुपर्ने प्रचलनमा परिवर्तन आएको छ । विवाह

हुने केटो लाटो, लठेब्रो, मानसिक रोगी आदि जस्तोसुकै दुर्बल भए तापनि केटासँग प्रसस्त सम्पत्ति भए 'यत्तिको सम्पत्ति भएको केटा पाए छोरीले राम्रोसँग खान पाउँछे' भनेर आँखा चिम्लेर छोरीको विवाह गरिदिने प्रचलन हराएको छ ।

कसाई जातिमा पनि पहिले केटापक्षबाट केटी माग्न जाने प्रचलन थियो तर आजकल ब्राम्हणहरुमा जस्तै केटीपक्षबाट केटालाई दिन जाने प्रचलन आएको छ । विवाहमा पहिले केटाका कुनै पक्षलाई नहेरी पुर्ख्यौली सम्पत्ति धेरै हुने र 'फलाना कुलको छोरा' भनेर मात्रै छोरी दिइन्थ्यो भने अहिले आएर केटाको शिक्षा, पेशा, आचरण, आर्थिक पक्षलाई हेरिन्छ भने केटीको शिक्षा, रुप तथा नैतिक आचरण हेरिन्छ । विवाहमा पहिले जग्गे बनाइदैनथ्यो, र भान्जा तथा ज्वाइका साथै गुभाजूलाई पुरोहित बनाइन्थ्यो तर अहिले आएर कसै कसैले ब्राम्हण पुरोहित बोलाउने र उसैको निर्देशनमा विवाह विधि गर्न थालेका पनि छन् । विवाहमा खर्च भने प्रत्येक वर्ष मात्र नभई प्रत्येक महिनामा वृद्धि हुन थालेको छ । पहिले पहिले यातायातको सुविधा नहुदा जन्ती दुलहीको घरमा बास बस्नुपर्ने अवस्था थियो तर अहिले एकदिने विवाह हुने गरेका छन् । त्यस्तै विवाहमा पहिले पञ्चै बाजा बज्थे भने आजकल धनी व्यक्तिहरुका छोरा-छोरीको विवाहमा आधुनिक तडक-भडक र बैण्ड बाजा बज्न थालेका छन् । दाइजोको कारण कतिपयको विवाह गर्न गाऱ्हो परेको कुरा साई उत्तरदाताहरुको गुनासो छ । त्यस्तै भोजमा चिउरा, रागोको मासु र रक्सीलाई प्राथमिकता दिइन्थ्यो भने अहिले आएर पुलाऊ, फलफूल मासु लगायत आधुनिक परिकारले ठाउँ पाउन थालेका छन् । यातायातको सुविधाले गर्दा वेहुली लिन डोली लिएर जाने चलन इतिहासमा नै सीमित हुन थालेको छ । त्यस्तै विवाहमा केटाले ढाकाको दौरा सुरुवाल र टोपी लगाउँथे भने केटीले कसाई जातिको परम्परागत पोशाक साडी, हाकुपटासी, र चोली लगाउथे भने अहिले आएर केटाले सर्ट, टाई, पाइन्ट तथा कोट र केटीले साडी र ब्लाउज लगाउन थालेका छन् । पहिले पहिले कसाई जातिमा छोराले आफूभन्दा तल्लो जातीय हैसियत भएको केटीसँग विवाह गरेमा छोरा बुहारी तथा उनीहरुबाट जन्मेका सन्तानलाई परिवार तथा समाजबाट बहिस्कार गरिथ्यो साथै छोरीको विवाह पनि आफूभन्दा तल्लो जातीय हैसियत भएको केटासँग भयो भने केटीलाई माइतमा जातिय हैसियत कम हुन्थ्यो । भने अर्कोतिर यदि छोरा-छोरीको विवाह आफूभन्दा माथिल्लो जातीय हैसियत भएको केटी वा केटासँग भएमा वैवाहिक जोडिको जातीय तथा सामाजिक हैसियतमा कुनै असर पर्दैन्थ्यो । तर आजकल त्यस्ता सामाजिक तथा जातीय बन्धन खुकुला भएका छन् । यस्ता अन्तरजातीय विवाहलाई सामान्य रुपमा लिन थालिएको छ । विवाह तथा अन्य अवसरमा गरिने

भोज भतेरहरु घरमा नै बनाइन्थ्यो भने अहिले आएर क्याटरिङ बोलाउने तथा होटलमा भोज भतेर बनाउन लगाउने प्रचलन आएको छ ।

नेपाली समाज पितृप्रधान समाज भएकाले विवाहको अन्तिम टुङ्गो लगाउन केटा पक्ष नै केटीको घरमा गएर टीका लगाउने गरिन्छ र विवाह सम्पन्न भएपछि केटीलाई केटाको घरमा लैजाने प्रचलन छ । आजकल शिक्षित भएकाले युवा युवतीहरु प्रेम विवाहलाई अवलम्बन गर्ने भए पनि विवाह भने औचारिक रुपमा मागेर नै गरिन्छ । यदि अन्तर्जातीय विवाह छ भने मात्रै परिवार तथा समाजलाई थाहा नै नदिई भगाएर विवाह गरिन्छ । अन्यथा केही अन्तर्जातीय विवाह पनि मागी विवाहकै रुपमा सम्पन्न हुन्छन् । यसैगरी कसाई जातिमा संख्याका दृष्टिकोणले एक पति र एक पत्नी विवाहलाई वर्तमान समयमा समाजमा सकारात्मक रुपमा मूल्याङ्कन गरिन्छ । हिन्दू समाजमा बालविवाहलाई समाजले स्वीकारेको थियो । प्राचीन समयमा लगभग ७-८ वर्षको उमेरमा नै कन्याको विवाह हुने गर्दथ्यो । रजस्वला नहुँदै विवाह गरेर चोखोजल खानुपर्छ भन्ने मान्यतामा निकै ठूलो परिवर्तन आएको देखिन्छ । यस्तो प्रचलनलाई सुधारेर कसाई जातिले रजस्वला नहुँदै कन्याको इहि विवाह सांस्कृतिक विधिपूर्वक गर्ने र उमेर पुगे पछि मानिससँग विवाह गर्ने प्रचलनलाई सकारात्मक रुपमा लिन सकिन्छ । नेवारी समाजमा भने इहि विवाहमा कन्याको विवाह बेल भन्ने फलसँग गरिन्छ । साईहरुमा लैङ्गिक विभेदमा कमी भए तापनि केही मात्रामा हिन्दू धार्मिक मान्यताको प्रभाव रहेको पाइन्छ ।

कसाई संस्कृतिमा परिवर्तनहरु आएका छन् तर पनि उनीहरुलाई आफ्नो परम्परा संस्कृति, भेषूषा रीतिरिवाज, बाजागाजा, जात्रा, पर्व त्यागेर अरुहरुको संस्कृति अपनाउनु ठीक लागेको छैन । र यसलाई उनीहरुले आफ्नो संस्कृतिको अपमान सम्झेका छन् । पोखरा शहर बन्नुअघि कसाईहरु व्यापार गरेर जीविका चलाउँथे । व्यापार पनि स-साना किराना पसलहरु चलाउँदै आएका थिए । धेरै मात्रामा मानिसहरु मासु व्यवसायमा लागेका थिएनन् । दुध बेच्ने पेशा, सिकर्मी, डकर्मी, ज्यामी, काम गरेर जीविका चलाएका थिए । शहरीकरणपछि धेरै मात्रामा मासु व्यावसायमा लागेका छन् । यस अघि कसाई जातिको हकहितको लागि कुनै दवाव समूह थिएन भने अहिले आएर मासु व्यावसाय समिति, जिल्ला तथा टोल स्तरिय खड्गी(साई) सेवा समितिको गठन गरिएको छ । स्वाभावैले मानिस सुख-सुविधा चाहन्छ भने विकसित र भौतिक पूर्वाधारहरु सम्पन्न ठाउँमा जान

चाहन्छन् । त्यसैले कसाई जाति पनि शहरी क्षेत्रमा केन्द्रित भएका छन् भने कतिपय व्यक्तिहरु अलि कुनो ठाउँबाट व्यापारिक क्षेत्रतिर बसाई सर्न चाहन्छन् ।

आमाबाबुलाई मरेपछि छोराले पिण्डपानी दिएर स्वर्ग पुऱ्याउँछन्, यदि छोरा नभएमा वा छोराले मरेपछि राम्रोसँग काजक्रिया गरेन भने बाबुआमाको नरकमा बास हुन्छ भन्ने हिन्दू धार्मिक मान्यताअनुसार विवाहबाट छोराछोरी वा छोरा नजन्मेमा दोस्रो विवाह गर्ने प्रचलनमा केही कमी आएको छ । यसैगरी विधि पुऱ्याएर, मण्डप बसालेर विवाह नगरी मन्दिरमा विवाह गर्ने प्रचलनमा व्यापक रुपमा चलेको छ । विवाह गर्दा रात्रीको लगनमा विवाह गर्ने प्रचलन हटेर दिनमा नै विवाह सम्पन्न गर्ने गरिन्छ । केही वर्षअगाडिसम्म जन्तीलाई दुई छाक मध्य एक छाक केटा पक्षले खुवाउनु पर्दथ्यो भने वर्तमानमा आएर सबै जन्ती खर्च केटीको घरबाट बेहोरिन्छ ।

☸☸

# अध्याय सात
# साराशं र निष्कर्ष

## ७.१ साराशं

.ई. स.१०८४ तिर कर्णाटकबाट नायर वशीं नान्य देव नेपालको सिमौरनगढ राज्यमा प्रवेश गरेका थिए । उक्त स्थानमा आफ्नो प्रभुत्व कायम गरेका थिए । नान्य देवपछि उक्त स्थानमा उनका छ पुस्ताले राज्य गरे । हरिसिंह देवको पालामा वि.स. १३२६, नेपाल सम्वत ४४४ मा मुस्लिम सुल्तान मुहम्द तुगलकले आक्रमण गरेपछि राजा आफ्ना परिवार र भाइ-भारदारका साथ भक्तपुरमा शरण लिन आएका थिए । उनीहरु धेरैजसो मन्दिरमा पूजारीको रुपमा काम गर्ने र पूजा टोलीको नेतृत्व गरेकोले नाय भनिएको हो । त्यस्तै पूजारीको रुपमा काम गर्दा कतिपय मन्दिरमा खड्ग प्राहर गरी पशुवलि दिने काम गरेकोले खड्ग उपाधिबाट खड्गी जाति हुन गएको मानिन्छ । पशुपति हाताभित्र रहेको उन्मक्त भैरवको पञ्चवलि पूजा प्रत्येक वर्ष वडादशैंको महाअष्टमीको दिन खड्गी जातिबाट नै गरिन्छ । कसै-कसैले मन्दिरमा बलि दिएको पशु बिक्री गर्ने क्रममा मासु व्यवसाय शुरु गरेका हुन् भनेका छन् । जयस्थिती मल्लको पालमा सामाजिक सुधार गर्ने नाममा जातीय विभाजन गरी जाति अनुसारको पेशा निर्धारण गरे । हिन्दूहरुमा जातीय स्तरीकरण गरेजस्तै नेवारहरुलाई पनि ४ बर्ण ६४ जातमा विभाजन गरियो । त्यस क्रममा उनीहरुलाई शुद्र बर्णमा राखियो । मुसलमानी देशमा त्यतिबेला गाईको मासु काटेर बिक्री गर्नेलाई कसाई भनिन्थ्यो र खड्गीहरुले मासु काटेर बेच्ने पेशा अंगालेबाट उनीहरुलाई कसाई भन्न थालियो भन्ने भनाई छ । नायः शब्दको अर्थ नेता, मार्गदर्शक, मार्ग देखाउने, निर्देशक आदि भनी उल्लेख गरिएको छ

पोखरामा यी जातिको प्रवेश कहिले देखि भएको हो भनेर किटान गरेर भन्न नसकिए पनि शाहवंशका अग्रणी राजा कुल मण्डल शाह तत्कालीन कास्की राज्यको राजा भएपछि पोखराको बाटुलेचौरका 'वीन्टर प्यालेस' स्थापना गरे । त्यसपछि पोखरामा बस्ती बस्न शुरु भयो । तर धेरै पछि सन १९५०/५१ तिर भक्तपुरका नेवारहरु पोखरा आएर बस्ती बसालेका हुन । त्यसैले मोहरियाटोल, भैरवटोल, नालामुख, तेर्सापट्टि आदि ठाँउमा अझै पनि नेवारी शैलीमा निर्मित घरहरु भेटिन्छन् ।

पोखरा शहरी क्षेत्र भएकोले शहरी क्षेत्रमा सञ्चार माध्यम, यातायातका साधन, व्यापारिक क्रियाकलाप, औधोगिक क्रियाकलाप आदिले गर्दा मानिसहरु बीच अन्तरक्रिया भइरहन्छ । विश्वमा भएका परिवर्तनहरु, आविस्कारहरु तुरुन्त प्रचारमा आइहाल्छ । त्यसैले भौतिक तथा अभौतिक संस्कृतिमा तीव्र परिवर्तन आएको पाइन्छ । शहरी (आधुनिक) समाजमा परम्पारगत संस्कृतिलाई विश्लेषण गरेर, शंसोधन गरेर, अंगालेको तथा कतिपय संस्कृतिलाई रुढिवादी र अधोगामी संस्कृति मानी त्यसलाई त्यागेको पनि पाइन्छ । हुनत आधुनिक मानिने सस्कृतिमा पनि पश्चिमी छाडापनको प्रभाव परेको पाइन्छ । पश्चिमी संस्कृति उत्कृष्ट र पूर्वीय संस्कृति निकृष्ट भन्ने सोचाईले पनि हामी आफ्नो संस्कृति शंसोधन गरेका छौं । त्यसैले कसाई विवाह (पद्धति) मा पनि शहरी संस्कृतिको नमूना देख्न सकिन्छ ।

कसाई जातिको विवाहमा केटा र केटीको चिना मिलाउने पनि चलन छ । सो कार्य पण्डित वा पुरोहितल् गर्छन । विवाहमा भान्जा ज्वाँई, तथा गुभाजुलाई पुरोहित बनाइन्छ । विहेमा जग्गे बनाइदैन । विवाहको कुरा चलेपछि त्यसलाई पक्का गर्न केटा पक्षले केटी पक्षलाई १० वटा सुपारी र १० सिक्का दिइन्छ । यसरी सुपारी दिइसकेपछि लगभग विवाह सम्पन्न भएको मानिन्छ । यस जातिमा बैशाख, असार, श्रावण, भाद्र, असोज, मंसीर, माग र फागुन महिनामा विवाह गरिन्छ । निश्चित नाताभित्र विवाह गर्न नहुने व्यवस्था छ । यिनीहरुमा दाजुको मृत्यु भएपछि देवरले भाउजू विवाह गर्ने चलन छैन भने कुनै कुनै अवस्थामा साली विवाह हुन्छ र मामाचेली-फुपूचेला विवाहको प्रचलन कसाई जातिमा पाइदैन । प्रायः मागी विवाह प्रचलनमा छ भने आजकल आएर प्रेम विवाह पनि सामान्य बन्दै गएका छन् । विवाहमा अभिभावकको मुख्य भूमिका भए पनि विवाहको अन्तिम निणर्य गर्ने अधिकार केटा वा केटीलाई नै हुन्छ । विवाहमा एकले अर्कालाई रोज्ने वा छाड्ने गर्न सक्छन् । भागी (प्रेम) विवाह भएपनि केहि समयपछि मागी विवाहमा जस्तै वैवाहिक विधि गरिन्छ जसले गर्दा तागाधारी जातिमा जस्तो प्रेम विवाह, (विधि नपुऱ्याइ गरिने विवाह) बाट वैवाहिक जोडिको जातीय हैसियत कमी हुने यस जातिमा हुँदैन । तर आफूभन्दा तल्लो जातीय हैसियत भएको केटा वा केटीसँग विवाह गरेमा उनीहरुबाट जन्मेका सन्तानहरुको जातीय हैसियतमा कमी हुन्छ । विवाहमा आफन्तले नै मध्यस्तकर्ताको भूमिका निर्वाह गर्दन् । प्राय केटीलाई केटा खोज्न भन्दा केटालाई केटी खोज्न सजिलो हुन्छ । विशेष गरेर १५ देखि २५ वर्षको उमेरमा विवाह गरिन्छ । सामान्यतया आफन्तले मध्यस्थकर्ताको भूमिका निभाउँछन् । विवाहमा केटाको पेशा, आर्थिक

अवस्था, शिक्षालाई जोड दिइन्छ भने केटीको आचरण, रुप आदिलाई जोड दिइन्छ । परिवर्तन हरेक क्षेत्रमा पाउन सकिन्छ । कसाई विवाह शैलीमा पनि परिवर्तन पाउन सकिन्छ ।

पोखरा शहरी क्षेत्र भएकाले यसमा परिवर्तनको शैली शहरी शैलीमा नै भएको पाइन्छ । मागी विवाहको ठाउँ आजकल प्रेमविवाहले लिन थालेका छन । अन्तर्जातीय विवाहका क्रम बढ्दै गएका छन् । छोरा-छोरीको विवाह आफू भन्दा तल्लो जातिको केटा वा केटीसँग भएमा उनीहरुबाट जन्मेका सन्तानको जातीय हैसियत कम हुने चलन हराउदै गएको छ । वैवाहिक कार्य छोटा र सरल हुन थालेका छन् । अर्कोतिर स्वस्थ कुटुम्ब बनाउने र असल जीवनसाथी बनाउने ठाउँमा वैवाहिक कार्य धनसँग तुलना गर्ने थालिएको छ । त्यस्तै गरिबको विवाह नहुने स्थिति आएको छ । शहरीकरणकै कारण कसाई जातिमा श्रीमान श्रीमती बीचको सामान्य मनमुटावमा पनि सम्बन्ध विच्छेद गर्ने गरेको यदाकदा सुन्न र देख्न पाइन्छ । त्यस्तै प्रेम विवाह गर्ने जोडिले सानै उमेर (१३-१५ वर्ष) मा विवाह गरेको र यसले दीर्घकालीन रुप नपाएको पाइन्छ । यस्तै कसाई जातिमा पुनर विवाह गर्ने र विधवा विवाह गर्नेको पनि संख्या बढ्न थालेको छ । विवाहमा परिवर्तन ल्याउने तत्वहरुमा परसंस्कृति ग्रहण, महिला आन्देलन, सञ्चार माध्यम, यातायातको साधन, पश्चिमीकरण, राजनीतिक परिवर्तन, शिक्षाको विकास, आधुनिकीकरण, सांस्कृतिक समायोजन, बसाइँ-सराई नविनीकरण शहरीकरण सास्कृतिकरण आदिलाई मान्न सकिन्छ । आजकल यस जातिमा पनि ब्राम्हण पुरोहित बोलाएर यसैको निर्देशनमा विहेको कार्य विधि गर्ने चलन पनि आएको छ । कसाई भोजको परम्परागत परिकार बजी, रक्सी तथा मासुको ठाँउमा आधुनिक परिकार भित्रिएका छन् भने पञ्चे बाजाको ठाँउ बैण्ड बाजाले लिन थालेको छ । इही विवाहमा पनि परिवर्तन पाउन सिकन्छ । यसमा आजकल एक्ला-एक्लै नगरी सामूहिक रुपमा गर्न थालिएको छ ।

मासु व्यावसायको कारणले नै धेरैजसो कसाईहरुको आर्थिक अवस्था राम्रो हुँदै गएको छ । यस समुदायका मानिसहरु कम शिक्षित छन् । राजनीतिक क्षेत्रमा पनि यिनीहरु पछाडि परेका छन् । स्थानीय स्तरको राजनीतिमा यिनीहरुको सहभागिता भए तापनि केन्द्रिय स्तरकोमा सहभागित देखिदैंन । उनीहरु आफूलाई "कसाई" भनेर चिनाउँन चाहदैनन् । (त्यसैले 'कसाई' जाति भन्नु पर्ने विशेष ठाउँमा बाहेक अन्य ठाउँमा कसाईको सट्टा 'साई', प्रयोग गरिएको छ) । आजकल सबैले आफ्नो नाम(थर) लेख्दा कसाई नलेखी साई, साही, शाही आदि लेख्छन् ।

## ७.२. निष्कर्षः

कसाई जातिको इतिहास खोज्ने हो भने प्राचीन नेपालको सिम्रौनगढ राज्य सम्म पुग्नु पर्छ । सिम्रौनगढमा नायरवशीं राजा नान्यदेवले त्यस राज्यको शुरुवात गरेको मानिन्छ । त्यस ठाउँमा नायरवशीं शासकका छ पुस्ताले राज्य गरेको पाइन्छ । त्यतिबेलाको समयमा राज्य राज्यबीच राज्यको सीमा बिस्तारको लागि हुने युद्धले गर्दा उतार चढाव आइरहन्थ्यो । नायरवशीं छैठौं पुस्ताका राजा हरिसिहं देवको पालमा वि.स.१३२६ तिर मुस्लिम सुल्तानको आक्रमणमा परी राजासहित सम्पूर्ण जनता तथा भाइ भारदारहरु भागेर भक्तपुरमा शरण लिएर बसेको पाइन्छ ।

यस शोधपत्रमा कसाई जातिको विवाहमा शहरीकरणको प्रभाव हेर्न खोजिएको हो । सर्वप्रथमतः विवाहलाई छोटकरीमा एक वा एकभन्दा बढी महिला र एक वा एक भन्दा बढी पुरुष बीच श्रीमान र श्रीमातीको रुपमा हुने स्थाई बन्धन हो । यसबाट ती महिला तथा पुरुषलाई यौन समागम गर्न, सन्तान उत्पादन गर्न सामाजिक वैधनिकता प्रदान हुन्छ । पश्चिमी समाजमा जे जस्तो भए पनि हाम्रो समाजमा यो एक सास्कृतिक अनुष्ठान पनि हो । विवाहले नै सास्कृतिक मूल्य मान्यताको पुस्तागत हस्तान्तरण गर्छ । विवाहबाटै परिवार निर्माण गर्ने सन्तानलाई सामाजिकीकरण गर्ने तथा नातेदारी व्यवस्था बिस्तार गर्दछ । यसका साथै पुर्ख्यौली सम्पत्तिको हकदार ( उत्तराधिकारी) को टुङ्गो लगाउँछ । त्यस्तै विवाहको समयमा वर र वधुले पर स्त्री/पुरुषसँग सम्बन्ध नराखी तिमीसँग नै पतित्व/पत्नित्व धर्म निर्वाह गरेर आमरण सहबास गर्ने र मृत्युपछि गर्नुपर्ने काजक्रिया लगायतका कर्तव्य गर्छु भनी कसम खाने हुनाले जीवनभरीको आर्थिक आर्जन गर्नेदेखि लिएर सुख दुःखको साथी भएका हुन्छन् । विवाहले नै मानिसको सृष्टिलाई निरन्तरता दिन सकिन्छ । यौनिक क्रियालाई आचणवद्ध बनाउने कार्य पनि विवाहले नै गर्छ ।

जनसंख्याको बढि घनत्व भएको, यातायात, पानी, बिजुली, सञ्चार सुविधा, स्वास्थ्य संस्था, तथा शिक्षण संस्थाको राम्रो प्रबन्ध भएको, मनोरञ्जनका साधन, औधोगिक क्रियाकलाप व्यापारिक क्रियाकलाप आदि प्रसशत मात्रामा हुने भौतिक सुविधा सम्पन्न ठाउँलाई शहर भनिन्छ । त्यसैले शहरी समाजमा ग्रामीण संस्कृतिको अशं कम हुन्छ भने हरेक संस्कृतिलाई संशोधन गर्दै आइएको हुन्छ । नेपालका जुनसुकै जातिहरुमा पनि निकै समयअगाडि देखि मागी विवाह प्रचलनमा रहेको पाइन्छ । कसाई जातिमा पनि मागी विवाह पनि धेरै प्रचलनमा रहेको पाइन्छ । मागी विवाह भन्ने

वित्तिकै कसाई सस्कृति अनुसार केटा पक्षबाट केटी माग्ने र केटी पक्षबाट केटा माग्ने गरिन्छ । खासगरी आफ्ना नातेदारले कुरा चलाउन्छन् । कहिले काहीँ बाह्य व्यक्तिले पनि चलाउछन् । खासगरी वरपरको गाउँको नै केटा केटी खोजिन्छ । अभिभावकले विहेको सबै चाँजो-पाजो मिलाए पनि केटा र केटीको पूर्ण स्वीकृतिविना विवाह हुँदैन । प्राय केटीको रुप र आचरणलाई प्राथमिकता दिइन्छ भने केटाको सम्पत्ति, आचरण आदिलाई प्राथमिकता दिइन्छ । प्राय विवाह गर्ने उमेर २० देखि २५ वर्षको हुन्छ । विवाह गर्दा चार जात (कसाई, शाही, खड्गी, नायः) भित्र नै गर्नुपर्ने नियम छ । यस जातिमा दाजु मरेपछि भाउजु विवाह गर्ने चलन छैन । मामाचेली-फूपूचेला विवाह हुँदैन भने कुनै कुनै परिस्थितिमा साली विवाह हुन  सक्छ । यस जातिमा प्रेम विवाह गरेपनि केहि समय पछि मागी विवाह जस्तै विधि गरिने हुनाले मागी विवाह र प्रेम (भागी) विवाहमा कुनै भिन्नता पाउन सकिदैन । प्रेम विवाह  गर्ने प्रचनल पनि यस जातिमा धेरै पहिलेदेखिचलि आएको पाइन्छ ।

कसाई कन्याको कर्म चलाउन रजस्वला शुरु नहुँदै गुफा राख्ने चलन छ । यसलाई इही विवाह पनि भनिन्छ । कन्याको उमेर बिजोर वर्ष पारेर इही विवाह गरिन्छ । कन्यालाई गुफामा १२ दिन सम्म राखिन्छ । गुफमा बस्ने कन्याले ४ दिनसम्म नुनबार्नु पर्छ । उनीहरुको कोठमा कपासको भूत बनाइएको हुन्छ । उक्त कन्याहरुले हरेक दिन आफूले खाने खाना त्यस भूतलाई चढाएर मात्र खाना खान्छन् । गुफा अवधिभर पुरुष र सूर्यलाई हेर्न पाउदैनन् । १२ औं दिनमा गुफबाट निकाली कन्यालाई सूर्य दर्शन अर्थात सूर्यसँग विवाह गराइन्छ ।

कसाई जाति शहरी क्षेत्रमा केन्द्रित भएको हुनाले उनीहरुको संस्कृतिमा पनि शहरीकरणले प्रभाव पारेको देखिन्छ । शहरी समाजमा सामाजिक गतिशीलता पनि बढी हुने हुनाले संस्कृतिमा पनि तीब्र रुपमा परिवर्तन आएको पाईन्छ । यसैले कसाई जातिमा पनि प्रेम विवाह गर्ने लहरै चलेको छ । मागी विवाह गर्नेले २० वर्ष उमेर कटेपछि विवाह गर्छन । शहरीकरणका कारण विवाहमा आउने जातिय व्यवस्था कम हुँदै गएका छन् । केटा र केटीले एक अर्कालाई बुझेर आर्थिक जोहो गरेपछि मात्रै विहेको लागि तत्पर हुने पनि गरिन्छ । अन्य जातिमा जस्तै कसाई जातिमा पनि हुनेखानेले विवाहमा दाइजो, कोसेली, भोज आदिमा धेरै धन खर्च गर्न थालेका छन् । स्वस्थ कुटुम्ब र असल जीवन साथी बनाउनु भन्दा पनि दाईजोको मूल्याङ्कन गरेर केटीको छनौट गर्ने र दाइजो दिनेले पनि प्रतिस्पर्धात्मक रुपमा दिन थालेका छन् । त्यसैले गरीबका छोराछोरीको विवाह गर्न गाऱ्हो पर्ने स्थिति आउन थालेको छ । पहिले पहिले केही मात्रामा बहुविवाह हुने गरेपनि

आजकल एकलगामी विवाह नै प्रचलनमा छ । विवाह प्राय मन्दिर र होटलबाट हुन थालेका छन । कसाई जातिको भोजमा परम्परागत परिकारहरु बजी, रक्सी र मासुको ठाउँमा आधुनिक परिकारले प्राथमिकता पाएका छन् । कतिपय अवस्थामा छोटोमिठो र कम खर्चिलो विवाह पनि हुन थालेका छन् ।

कसाई जातिमा विहेमा दिएको सुपारी फिर्ता दिएमा सम्बन्ध विच्छेद भएको मानिन्छ तर आजकल व्यवहारमा यस्तो पाइदैन । शहरीकरणकै कारण केही मात्रामा सम्बन्ध विच्छेदका घटनाहरु हुन थालेका छन् । यस जातिमा विधवा विवाह र पुनरविवाहका विषयमा ब्राम्हण जातिमा भन्दा समाजिक-सास्कृतक नियमहरु खुकुलो हुन्छ । त्यसैले आजकल यस्ता घटनाहरु बढ्दै गएका छन् । पोखरामा धेरै थरका कसाई भएकोले थर र टोल अनुसार विवाह विधि फरक हुने गरेकोमा आजकल पोखरा बजार भरी विहेमा एकरुपता ल्याउन थालिएको छ ।

# सन्दर्भ सामाग्री (References)


- अक्सफोर्ड युनिभर्सिटीः *'अक्सफोर्ड लर्नर्स डिक्सनरी'*, निल ओ प्रिन्ट, अक्सफोर्ड युनिभर्सिटी प्रेस, कलकत्ता, (१९९२)
- अन्नपूर्ण पोष्ट : *२०६१ फागुन १ गते*
- कपेडकरम, एच.डी.: *'सोसियल एस्पेक्ट अफ अर्बान डेभलप्मेन्ट'*, पपुलार प्रकाशन प्रा. लि., बम्बइ, (१९८६),
- केन्द्रिय तथ्याङ्क विभाग, *'राष्ट्रिय जनगणनाः २०५८'* गा.वि.स. ⁄ नगरपालिका रिपोर्ट, २००१
- केन्द्रिय तथ्याङ्क विभाग, *'राष्ट्रिय जनगणनाः २०५८'* पश्चिमाञ्चल रिपोर्ट, २००१
- केन्द्रिय तथ्याङ्क विभाग, *'राष्ट्रिय जनगणनाः २०५८'* राष्ट्रिय रिपोर्टः भोलुम-१ -(२००१)
- खनाल, मोहन प्रसाद, *"सिर्स्रौन्याढको इतिहास"*, नेपाल एशियाली अनुसन्धान केन्द्र त्रि.वि.वि., किर्तिपुर, काठमाण्डौं, (२०६४)
- डेभिड, सिल्सः *'इन्टरनेशनल इन्साइक्लोपेडिया अफ सोसियल साइन्स'*, द मेकमिलियन कम्पनी एण्ड फ्रि प्रेस- निउयोर्क, (१९७२)
- दास, रामनारायणः *'द स्टेर्लिङ्ग डिक्सनरी अफ एथ्रोपोलोजी'*, नयाँ दिल्ली, (१९९७)
- नेपाल खड्गी सेवा समितिः *"२९ औं वार्षिकोत्सव स्मारिका"* ने.ख.स.स., मरुढोका, काठमाडौं, (२०५९)
- नेपाल खड्गी सेवा समितिः *"३१ औं वार्षिकोत्सव स्मारिका"* ने.ख.स.स., मरुढोका, इन्मास्थान, काठमाडौं, (२०६१)
- नेपाल खड्गी सेवा समितिः(कास्की) *:"कर्मकाण्ड पुस्तिका"*, पोखरा, (२०६२)
- नेपाली, गोपालसिंहः *'**द नेवार्स** :- एन इथ्नोसोसियोलोजिकल स्टडी अफ हिमालयन सोसाइटी'* हिमालयन बुक सेलर, युनाइटेड एशिया पब्लिशर्स- बक्बइ, (१९६५)
- निरौला, हिरामणीः *'आधारभूत सामान्य ज्ञान'* मकालु बुक्स एण्ड स्टेसनर्स, पुतली सडक, काठमाण्डौ, (२०६२)
- पाण्डे, उमेशनाथ (हिन्दी व्यख्याकार): *'याज्ञ्यवल्लक्य स्मृति'*, चौखम्बा प्रकाशन, वारणासी (२०२४)
- पोखरा पत्र : २०५८ जेष्ट १६ गते सोमबार दुर्गामान खड्गीको *'खड्गी नाय् वा नायः जातिको छोटो चिनारी'* लेख

➢ भट्टराई, ज्ञानेश्वरः *"बृहत ज्ञानकोष"*, आशिष पुस्तक भण्डार, बागबजार, काठमाडौं, (२०५८)

➢ रिजाल, अर्चनाः "काठमाडौ वार्ड न. १ का कसाई जातिको सामाजिक, आर्थिक अवस्थामा परिवर्तन", (अप्रकाशित) शोधपत्र, त्रि वि वि, काठमाडौं, (२०५८)

➢ वराल, रामचन्द्र : *"विवाह विच्छेदका कारण र असरहरु"* (अप्रकाशित) शोधपत्र, त्रि.वि.वि. समाजशास्त्र/ मानवशास्त्र विभाग, काठमाण्डौ, (२०५६)

➢ भूषण, विद्या/डी.आर सचदेव, .: *'एन इन्ट्रोडक्सन टु सोसियोलोजी'* (थर्ड एडिसन) अल्लाहबाद, -(१९९९)

➢ विष्ट, डोर बहादुर : *"सबै जातको फूलवारी"* साझा प्रकाशन, काठमाण्डौं, (२०५२)

➢ स्कोट, पी. विलिमः *'डिक्सनरी अफ सोसियोलाजी'* थर्ड इन्डियन एडिशन बाइ गोयलसाब पब्लिसर्स एण्ड डिस्टिब्युटर्स - (१९९९)

➢ स्मिथ, चारलोट सिमोउरः *'मेकमिलियन डिक्सनरी अफ एन्थ्रोपोलोजी'* द मेकमिलियन प्रेस लि. लन्डन, (१९८६)

➢ सुवेदी, मधुसुदनः *"हिन्दु विवाहको इतिहास"*, ललितपुर, श्रीमती सानुमैया सुवेदी, बैकुण्ठ तथा दामोदर सुवेदी, सानेपा, (२०५६),

➢ सुवेदी, राजाराम : *"कास्की राज्यको इतिहास"*, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौं,(२०६०)

➢ सिंह, विरेन्द्रनाथ : *"नगरीय समाजशास्त्र"*, विवेक प्रकाशन, दिल्ली, (१९९४)

➢ शर्मा, जनकलाल : "हाम्रो समान एक अध्ययन", साझा प्रकाशन, काठमाडौं, (२०५८)

➢ क्षेत्री, गणेश/ रामचन्द्र.रायमाझी, : *"नेपालको इतिहास"* एशिया पब्लिकेशन बागबजार- काठमाण्डौं, (२०६०)

➢ क्षेत्री, गणेश/ रामचन्द्र.रायमाझीः *"समाजशास्त्र/मानवशास्त्रको परिचय '* एशिया पब्लिकेशन बागबजार- काठमाण्डौं, (२०६१)

➢ श्री कुल्लकभट्टविरचिताः *"मनुस्मृती"*, 'मन्वर्थ मुक्तावली' , टीका सहित 'मणिप्रभा', हिन्दी व्याख्योपेताः चौखम्बा, वारणासी, (२०३६)

# परिशिष्ट अंश

## क) अन्तरक्रिया अनुसूचीका प्रश्नहरु

**पोखराका कसाई जातिको विवाहपद्धतिमा शहरीकरणको प्रभावः**

(एक समाजशास्त्रीय अध्ययनका)

लागि तयार पारिएको अन्तरक्रिया अनुसूची

महोदय,

नमस्कार !

आफैमा एक विशिष्ट विशेषता भएका पोखराका कसाइहरुको विवाह पद्धतिमा शहरीकरणले के कस्तो प्रभाव पारको छ र परिवर्तनको ढाँचा कस्तो छ भन्ने विषयमा व्यवस्थित खोज गर्ने उद्देश्यले म कृयाशील भइरहेको छु । यही विषयमा तपाईले भोग्नु भएको र संगाल्नु भएको अनुभव र ज्ञानलाई सम्मान गर्दै तपाईको अभ्यास, अनुभव, भोगाइ र अवलोकनलाई समेट्ने उद्देश्यले अन्तरक्रिया गर्न आइरहेको छु । तपाईसँगको सम्बाद सामाग्रीहरु अनुसन्धान प्रयोजनको लागि मात्र हुनेछन् र तपाईको अभिव्यक्तिहरु अनुसन्धानको धर्म मुताविक गोप्य र सुरक्षित रहनेछन् भन्ने प्रतिवद्धता जाहेर गर्दछु । अनुसन्धानलाई प्रखर र उर्जापूर्ण बनाउन खुलेर अन्तरक्रियामा सहभागी भई अमुल्य सहयोग पुऱ्याइदिनु हुनेछ भन्ने हार्दिक अपेक्षा सहित विनम्र अनुरोध गदछु ।

सौहार्दपूर्ण सहयोगको

सद्भाना सहित धन्यवाद !

दीपकराज काफ्ले

(शोधार्थी)

समाजशास्त्र/माजनशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

उत्तरदाताको नाम, थरः ................. .................संवाद मिति : ........... ............
उमेरः....... ........ व्यक्तित्वः ........................ .......................................
लिङ्गः ......... ............... शिक्षाः .............. ....................पेशाः ...... ........
ठेगानाः ....................................................................

**(क) जातीय विकास क्रमः**

(अ) उत्पत्ती बारे

१) कसाई जातिको उत्पत्ति र विकासबारे केही तथ्य कुरा भनिदिनुहोस् न ।

२) पूर्खाबारे बताइदिनु हुन्छ कि ।

३) पहिले बसोबासको केन्द्र कहाँ थियो ?

४) पोखरामा कहाँबाट आउनु भएको हो ?

५) 'खड्गी' कसरी हुन गयो ?

६) 'कसाई' कसरी हुन गयो ?

७) 'सिंह' कसरी हुन गयो ?

८) खड्गी (कसाई)को स्पष्ट पहिचान के हो ?

९) नायः शब्दको अथ के हो ? के कुराको नेतृत्व गरेर यसो हुन गएको हो ?

(आ) ऐतिहासिक पहिचान

१) ऐतिहासिक पहिचान बारे भन्नु पर्दा निम्न अवधिमा सामाजिक स्थिति कस्तो थियो ?

क) १९१० साल भन्दा अघि

ख) १९१०-२०२० साल सम्म र

ग) २०२० पछि

२) नेवारहरुमा कति जात र थर छन् ?

३) नेवारहरुको जातीय संरचनामा कसाईहरुको स्थान कहाँ छ ?

(इ) पोखराका कसाइी जाति

१) पोखरामा के-के थर लेख्ने गरिन्छ ?

२) अन्य ठाउँको भन्दा पोखराका कसाई जातिमा के के विशेषताहरु छन् ?

३) अन्य जाति भन्दा भिन्न विशेषताहरु के के छन् ?

४) किन कसाई जाति ग्रामीण क्षेत्रमा नभई पोखरा (शहरी) क्षेत्रमा केन्द्रित छन् ?

(ई) भाषा र सस्कृति

१) कसाईहरुको भेषुषा कस्तो हुन्छ ?

२) कसाईहरुको भाषा कुन हो ?

३) आफ-आफूमा बोल्दा धेरै जसो कुन भाषा बोल्नुहुन्छ ?

४) अन्य जातिको जन्ती/मलामी जानुहुन्छ ?

५) अन्य जातिहरु तपाईको जन्ती/मलामी आउँछन् ?

६) अरुले छोएको खानुहुन्छ कि खानुहुँदैन ? क-कस्ले छोएको खानु हुँदैन ?

७) कसाई समुदायमा के कस्ता कुराहरु निषेध (बर्जित) मानिन्छ ?

(उ) सामाजिक लैङ्गिकता

१) अविवाहित/विवाहित/विधवाले कस्तो पहिरन लगाउँछन् ?

२) घरमा महिलाले कतिको निर्णय गर्छन ? महिलाले भनेको पुरुषले मान्छन् ?

३) घरमा झगडा परेमा कसरी समाधान गर्नुहुन्छ ?

४) महिलाहरु पुरुषसँग काम गर्ने वा अन्य पेशा समेत गर्दछन् ?

**(ख) गुफा राख्ने सम्बन्धमाः**

१) कन्यालाई गुफा किन र कहिले राखिन्छ ?

२) गुफा राख्न कतिजना कन्या चाहिन्छ ?

३) किन आमाले सिन्दुर हाल्छन् ?

४) गुफा राख्ने विधिमा पहिले र अहिलेमा के के फरक छन् ?

५) ब्राहा विवह र सूय दर्शनबारे प्रष्ट्याइ दिनुहोस् न ।

६) वेलसँग विवाह हुन्छ कि हुँदैन ?

७ं नेवारहरु र तपाईहरुमा गुफा राख्ने विधिमा के के भिन्नता छन् ?

८) गुफा राखेपछि वा वेलसँग विवाह गरेपछि पति मरे पनि विधवा हुनु पर्छ कि पर्दैन ?

९) गुफा नराखी विवाह गर्न मिल्छ कि मिल्दैन ?

१०) गुफा राख्दा वलि दिइन्छ कि दिइदैन ?

११) भोज के कसरी गरिन्छ ?

**(ग) विवाह सम्बन्धमाः**

(अ) विवाहको किसिम र उमेर

१) तपाईहरुमा विवाह कति किसिमका हुन्छन् ?

२) मामाचेली-फूपूचेला विवाह हुन्छ कि हुँदैन ?

३) साली विवाह हुन्छ कि हुँदैन ?

४) भाउजू विवाह हुन्छ कि हुँदैन ?

५) श्रीमान् श्रीमती बीचको उमेरमा कति अन्तर हुन्छ ?

६) विवाह पहिले कुन उमेरमा गरिन्थ्यो ?

७) कुनै वैवाहिक जोडिको ज्यादै धेरै उमेरको अन्तर भएको थाहा पाउनु भएको छ ? कति वर्षको ?

८) केटा र केटीमा कसको उमेर बढी खोजिन्छ ?

(आ) जोडी छनौटः

१) विवाहको कुरा चलेपछि एक अर्कालाई राम्रोसँग बुझ्ने मौका पाउँछन् कि पाउँदैनन् ?

२) केटालाई केटी खोज्न सजिलो हुन्छ कि केटीलाई केटा खोज्न ?

३) विवाहको कुरा सबैभन्दा पहिला कुन पक्षले उठाउँछ ?

४) विवाहमा अभिभावक वा सम्बन्धित व्यक्ति कस्को बढी भूमिका हुन्छ ?

५) विवाहमा केटाको के के कुरालाई जोड दिनुहुन्छ ?

६) विवाहमा केटीको के के कुरालाई जोड दिनुहुन्छ ?

७) मागी विवाहमा केटा वा केटीलाई वैवाहिक प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने पूर्ण अधिकार हुन्छ कि हुँदैन ?

८) यस्तो पहिले थियो कि थिएन ?

(इ) भागी (प्रेम) विवाहः

१) भागी (प्रेम) विवाहलाई सहजै रुपमा लिनु हुन्छ?

२) भागी विवाह गर्नेको जातीय हैसियत कम हुन्छ कि हुँदैन ?

३) भागी विवाहमा कर्म चलाउन के के गरिन्छ ?

४) मागी विवाह र प्रेम विवाह बीचको सम्बन्ध र व्यवाहारमा के-के फरक पाइन्छ ?

५) भागी विवाह गरेकी छोरीको घरमा खाना नखाने चलन हुन्छ कि हुँदन ? कति समय सम्म खाइदैँन ?

(ई) विवाह विधिः

१) विवाहमा चिना मिलाउनु पर्ने हुन्छ कि हुँदैन ? कसले मिलाउँछ ?

२) पूरोहित आवश्यक पर्छ कि पर्दैन ? कसलाई बनाउनुहुन्छ ?

३) जग्गे के कसरी बनाइन्छ ?

४) विवाहमा पहिले र अहिले खर्चमा कति अन्तर आएको छ ?

५) सुपारी दिनेबारे बताइदिनु हुन्छ कि ।

६) दुल्हन फर्काउने काम के कसरी गरिन्छ ?

७) दुलाहा जन्तीमा नजाने र जन्ती दुलहीको घरमा बास बस्ने चलन छ कि छैन ?

८) विवाहमा बाजा र गीतहरु के कस्ता हुन्छन् ?

९) यातायातको सेवा नहुँदा जन्ती जाने आउने कसरी गरिन्थ्यो ?

१०) विवाहमा दाइजोलाई कति प्राथमिकता दिनुहुन्छ ?

११) दाइजोको कारण विवाह हुन गाह्रो परेको घट्नाहरु छन् कि छैनन् ?

१२) विवाहको भोजमा के के हुन्थ्यो र अहिले के के हुन्छ ?

१३) विवाह कुन कुन महिनामा गरिन्छ ?

१४) विवाहलाई आर्थिक, अवस्था, पेशा, शिक्षा, रोजगारीले के कस्तो प्रभाव पार्दछ ?

१५) नेवार विवाह शैली र कसाई विवाह शैलीमा के के अन्तर छन् ?

१६) ब्राम्हण (तागाधारी) विवाह शैली र कसाई विवाह शैलीमा के कति अन्तरहरु छन् ?

१७) अन्य ठाउँका कसाईहरुको र यहाँका कसाईहरुको  विवाह शैलीमा के कति अन्तरहर छन् ?

१८) विवाहमा केटा पक्षको कति र केटी पक्षको कति खर्च हुन्छ ?

१९) डोली लिएर जाने प्रचलन छ कि छैन ?

२०) पहिले र अहिले व्यहुला र व्यहुलीको पहिरनमा के कति अन्तर छ ?

२१) विवाहमा के के कोशेली बनाइन्छ ?

२२) नेवारी भोजमा राँगाको मासु, रक्सी र चीउरा (बजी)को के कति महत्व छ ?

**(घ) शहरीकरणले ल्याएका परिवर्तनहरुः**

१) विवाह पछि छुट्टिएर बसिन्छ कि सँगै ?

२) छोरा र छोरीमा कसलाई बढी महत्व दिनुहुन्छ वा बराबर ?

३) तपाईले थाहा पाउँदा पोखरा कस्तो थियो ?

४) शहर बन्नु राम्रो लागेको छ कि छैन ?

५) शहरीकरणले कसाईहरुको सामाजिक र आर्थिक अवस्थामा के कस्तो प्रभाव पारेको छ ?

६) कसाई विवाह परिवर्तनको ढाँचा शहरी शैलीमा नै छ ?

७) शास्त्रीय र आधुनिक वैवाहिक पद्धतिप्रति तपाईको के भनाई छ ?

८) पहिले र आधुनिक वैवाहिक अभ्यासका राम्रा र नराम्रा पक्षहरु भन्नुहोस् न ।

९) शहरी वातावरण (फोहरमैला, मोटर, स्पीकर, उद्योगको आवाज आदि) बाट दिक्क लाग्दैन ?

**(ङ) परिवार र नाताः**

१) तपाईको परिवार मातृसतात्मक हो कि पितृसतान्मक ?

२) परिवारसँग छुट्टिएर बस्न चाहनुहुन्छ वा एकै ठाउँमा ?

३) फूकिमा को को पर्दछन् ?

४) नातेदारको महत्व पहिले ज्यादै थियो तर अहिले कस्तो छ ?

५) बहिस्कार/ठट्यौली/नाम काडेर बोलाउन नहुने नाता हुन्छ कि हुँदैन ?

**(च) सम्बन्ध विच्छेदका सम्बन्धमाः**

१) कसाईहरुमा सम्बन्ध विच्छेदका घट्नाहरु भएका छन् कि छैनन् ?

२) तपाईलाई सम्बन्ध विच्छेदले परिवार, समाज र बालबच्चामा के प्रमाव पार्छ जस्तो लाग्छ ?

३) प्रेम विवाह गर्नेको पनि सम्बन्ध विच्छेद भएको छ ?

४) सम्बन्ध विच्छेद तपाईलाई कुन कुन कारणले हुन्छ जस्तो लाग्छ ?

(छ) अन्तरजातीय विवाहः

१) कसाईहरुमा अन्तरजातीय विवाह कति हुने गरेको छ ?

२) अन्तरजातिय विवाहलाई अभिभावकले सहजै रुपमा लिन्छन् ?

३) छोराले आफूभन्दा तल्लो जातको श्रीमती ल्याएमा छोरा, बुहारी र बच्चाबच्चीको जातीय हैसियत कस्तो हुन्छ ?

४) छोरीको विवाह आफूभन्दा तल्लो जातको केटासँग भएमा छोरी, ज्वाइ र बच्चाबच्चीको जातीय हैसियत कस्तो हुन्छ ?

५) सामान्यतया छोरा-छोरीको विवाह आफूभन्दा माथिल्लो जातसँग भएमा सहजै रुपमा लिने र आफूभन्दा तल्लो जातसँग भएमा स्वीकार गर्न गाह्रो हुन्छ ? किन ?

६) मागेर अन्तरजातीय विवाह हुन्छ कि हुँदैन ?

**(ज) अन्त्यमा विवध**

१) आफ्नो परम्परागत पद्धति, सस्कृति, भेषभूषा, रीतिविाज, बाजागाजा, जात्रा, पर्व, मेला आदि त्याग्दै अरुहरुको सस्कृति अपनाउनुलाई ठीक मान्नु हुन्छ कि हुँदैन ?

२) शहरको विकास नहुँदा के पेशा अपनाउनु भएको थियो ?

३) मासु व्यावसाय समिति बाहेक अन्य दबाब समूह छन कि छैनन् ?

४) समाजमा आर्थिक हिसाबले धनी र गरिव बीच विभेद हुन्छ कि हुँदैन ?

५) शहरी क्षेत्र भएकोले त्यही अनुसारको शिक्षा छ कि छैन ?

६) खाद्यान्न/उपभोग्य वस्तु घरमा उत्पादन हुन्छ कि हुँदैन ?

७) यहाँ पनि अलि कुनोबाट व्यापारिक क्षेत्रमा आउन चाहनुहुन्छ ?

८) भोजभतेर आफैले बनाइन्थ्यो, अहिले क्याटरिन बोलाउने र होटनमा नै बनाउन लगाउनु हुन्छ ?

९) कहिले-काँही होटलमा नै खाना खानुहुन्छ कि खानुहुन्दैन ?

१०) विवाह पछि चेलीवेटीले गुठी त्याग गर्न के गर्नुपर्छ ?

११) कसाईहरुको समस्या पनि औंल्याइ दिनुहोस न ।

१२) स्थानीय निकाय र सरकारलाई यस अन्तरक्रिया मार्फत आफ्नो समस्या बारे बताइदिनुहोस् न ।

१३) अन्त्यमा केही भन्नु छ ?

## ख) कसाई संस्कृति झल्काउने फोटोहरु

परम्परागत पोषाकमा सजिएका कसाई दम्पत्ती

सूर्य दर्शनपछि ऐना हेर्दै कन्याहरु

विवाहमा केटाको बुबाले केटीको नातेदारलाई फेटा दिदै

आमाले दुलही भित्र्याउनु अघि पूजा गर्दे कन्यालाई आमाले सिन्दुर हाल्दै

गुफाबाट निकाले पछि गणेशको दशन गर्दे कन्याहरु

☸ ☸